# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४ वर्ष ४ अङ्क

२६ पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

४ वर्ष ४ अङ्क

## [इतिहास—प्रधान त्रैमासिक पत्रिका]


*सम्पादक—*

गौतमवज्र वज्राचार्य

महेशराज पन्त



*प्रकाशक तथा प्रबन्धक—*

धनवज्र वज्राचार्य

(संशोधन-मण्डलद्वारा)


*सहयोगीहरू—*

रामजी तेवारी

देवीप्रसाद भण्डारी

शङ्करमान राजवंशी

दिनेशराज पन्त

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. लिच्छविकालको न्यायव्यवस्थाको एक झलक | –धनवज्र वज्राचार्य | ३४५–५५ |
| २. मालिगाउँको अभिलेख | | ३५६–५७ |
| ३. यङ्गालहिटीको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख | | ३५७–५८ |
| ४. सुनागुठी भृङ्गारेश्वरको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख | | ३५८–५९ |
| ५. नक्साल नारायणचौरको अभिलेख | | ३६०–६४ |
| ६. भक्तपुरका मल्ल राजासंग सम्बन्ध राख्ने धर:पौ (लगत)का केही ऐतिहासिक सारांश | –शङ्करमान राजवंशी | ३६५–७१ |
| ७. ठ्यासफुको ऐतिहासिक व्याख्या | –गौतमवज्र वज्राचार्य | ३७२–८२ |
| ८. श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू | –देवीप्रसाद भण्डारी | ३८२–८७ |
| ९. वीर भक्ति थापा | महेशराज पन्त | ३८७–९३ |
| १०. राजज्योतिषी लीलानाथ पाँडे | –दिनेशराज पन्त | ३९४–४१४ |
| ११. बहुमत कि वास्तवमत ? | –नयराज पन्त | ४१५–१८ |
| १२. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | –रामजी तेवारी | ४१९–३१ |
| १३. त्रिकोणमिति (ज्योत्पत्ति) | –नयराज पन्त | ४३२–४३ |
| १४. लिच्छवि राजा मनुदेव | | ४४३–४४ |
| १५. हाम्रो वक्तव्य | | ४४५–५९ |

# लिच्छविकालको न्यायव्यवस्थाको एक झलक

–धनवज्र वज्राचार्य

जुनसुकै देशको इतिहास पनि अलि गहिरिएर पढ्यौं भने त्यो देशको शासनपद्धति, न्यायव्यवस्था आदिमा बराबर परिवर्तन हुँदै आएको हामी पाउँछौं । कालक्रमले लोकधारणा, लोकविचार परिस्थिति आदिमा अन्तर आउने हुनाले यसो हुनु स्वाभाविक छ । यसै हुँदा न्यायनिसाफ गर्दा देश काल परिस्थितिको विचार गरी गर्नू भनी धर्मशास्त्रकारहरूले बोलेका छन्❁ ।

लिच्छविकालमा न्यायव्यवस्था कस्तो थियो, कुन आधारमा मुद्दामामिला छिनिन्थे भन्ने प्रश्न इतिहासरसिकहरूको मनमा स्वभावतः उठ्छ । यस कारण पाइएका सामानको आधारमा यस विषयमा विचार गर्नु आवश्यक सम्झेको छु ।

न्यायव्यवस्था शासनपद्धतिकै एक अङ्ग हुनाले यो कुरा बुझ्न लिच्छविकालको शासनपद्धतिबारे पनि केही बुझ्नु आवश्यक छ । 'पूर्णिमा' का गताङ्कहरूमा प्रसङ्गवश यस विषयमा केही लेखिसकेको छु तापनि संक्षेपमा यहाँ लिच्छविकालको शासनपद्धतिबारेमा पनि केही चर्चा गर्नुपरेको छ ।

लिच्छविकालमा 'शासन व्यवस्थित रूपले चलोस् भनी राष्ट्रलाई ग्राम, तल, द्रङ्गका रूपमा विभिन्न तहमा विभाजन गरिएको हुन्थ्यो। प्रत्येक ग्राम, तल, द्रङ्गका इलाका निश्चित हुन्थे§ । शासनसम्बन्धी काम व्यवस्थित रूपमा चलाउनाका लागि विभिन्न सरकारी अधिकरण (अड्डा)-हरू कायम थिए । यी अधिकरणहरूमा कुथेर, शुली, लिङ्‌ग्वल, माप्चोक यी चार अधिकरण

---

❁ "तं देशकालौ शक्तिं च विद्यां चावेक्ष्य तत्त्वतः ।
यथार्हतः संप्रणयेन्नरेष्वन्यायवर्तिषु ॥" मनुस्मृति, ७।१६

[देश, काल, बल, विद्या आदि ठीक ठीक बुझी अपराधी मानिसलाई उचित दण्ड गर्नू । ]

"ज्ञात्वाऽपराधं देशं च कालं बलमथापि वा ।
वयः कर्म च वित्तं च दण्डं दण्डचेषु पातयेत् ॥" याज्ञवल्क्यस्मृति, आचारा. ३६८

[ कसूर, देश, काल, बल, उमेर, काम, धन विचार गरी अपराधीलाई दण्ड गर्नू । ]

§ 'पूर्णिमा' १० पूर्णाङ्कका ९–१७ पृष्ठ हेर्नुहोस् ।

मुख्य थिए★ । शासनव्यवस्थासंग सम्बन्ध राख्ने यी अधिकरणहरूको काम र अधिकारबारे ठीक ठीकसंग बुझ्न सकिएको छैन तापनि अभिलेखको प्रसङ्गबाट यी अधिकरणबारे केही बुझ्न सकिन्छ ।

शासनाधिकार मूल (केन्द्र) मा मात्र सीमित नराखी स्थानीय संघट्टनलाई स्वशासनसम्बन्धी उचित अधिकार दिने नीति लिच्छविकालका शासकहरूले लिएका थिए§ ।

प्रत्येक ग्राममा आवश्यक काम कुरा मिलाउन 'पाञ्चाली' नामक 'पञ्चहरूको सभा' कायम भएको हुन्थ्यो । ग्रामपाञ्चालीले स्वशासनसम्बन्धी निकै अधिकार पाएको हुन्थ्यो+ ।

ग्रामपाञ्चाली आदि स्थानीय संघट्टनले गर्न नसकी अथवा कुनै मर्का परी राजकुल (राजदरबार) मा उजूरी गर्न ल्याइएका प्रत्येक कुरा पहिले प्रतिहार (राजदरबारका द्वारे) ले टिप्तथे । प्रतिहारले राजाकहाँ जाहेरी गरी महीनादिनभित्रमा यस्ता कुराको निकासा गराइदिनुपर्थ्यो❁ । यसरी प्रत्येक ग्रामसंग मूल शासनको सम्बन्ध प्रतिहारद्वारा हुन्थ्यो । प्रतिहारहरूका ख्यचाहिं महाप्रतिहार कहलाउँथे र तिनी राजाका हजुरियाका रूपमा पनि रहन्थे ÷ । शासन व्यवस्थाको दृष्टिले यी 'प्रतिहार' 'महाप्रतिहार' पदधारी अधिकारी महत्त्वपूर्ण हुन्थे ।

प्रतिहार (द्वारे) द्वारा प्रत्येक ग्रामसंग सम्बन्ध राख्ने लिच्छविकालको शासनको यो पद्धति मल्लकाल र शाहकालसम्म पनि केही अंशमा कायम रहेको थियो । मल्लकालमा पनि प्रत्येक ग्राममा सरकारको तर्फबाट द्वारे नियुक्त भएका हुन्थे । द्वारेद्वारा गाउँका जनतासंग सरकारको सम्बन्ध रहने स्थिति शाहकालमा पनि कायमै थियो ▱ ।

---

★ 'पूर्णिमा' १० पूर्णाङ्कका ३–४ पृष्ठ हेर्नुहोस् ।

§ 'पूर्णिमा' ११ पूर्णाङ्कका ३–६ पृष्ठ हेर्नुहोस् ।

+ 'पूर्णिमा' १२ पूर्णाङ्कका ३–११ पृष्ठ हेर्नुहोस् ।

❁ यस विषयको प्रमाण तल उदधृत गरिएको छ ।

÷ 'पूर्णिमा' ११ पूर्णाङ्कका ८–१२ पृष्ठ हेर्नुहोस् ।

▱ मल्लकालका अभिलेखहरू पढ्यौं भने यो कुरा स्पष्ट बुझिन्छ । उदाहरणार्थ केही अभिलेखको अलिकता उद्धरण यहाँ दिइन्छ—

..."श्रीश्रीजयरणजित्मल्लदेवसन सोमलिंग दल थाङाव वाभु लितेलाव गोर्खालि लाङाव पूर्णसिं प्रमुखन दुवार नियनेह्मा प्रजा पंचयाता किसि प्रसन्न जुया"

(ठिमी बालकुमारीस्थानको यो अभिलेख 'ऐतिहासिक पत्र-संग्रह' दोस्रो भागको ५४ पृष्ठमा छापिएको छ ।)

[श्रीश्रीजयरणजित् मल्लदेवले सोमलिंगमा रहेको संयुक्त फौज हटाएर ओभू फिर्ता गरिलिएर गोरखालीहरूलाई समातेको खुशियालीमा पूर्णसिं आदि द्वारे र बाईस जना प्रजा पंचलाई हात्ती बकस दिनुभयो ।]

लिच्छविकालको शासनव्यवस्थामा प्रतिहार, महाप्रतिहारनामक अधिकारीहरूको ठूलो स्थान हुँदा यी अधिकारीहरूले लिच्छवि राजाहरूलाई समेत अंठ्याउन पुगेको देखिन्छ । वसन्तदेवको पालामा महाप्रतिहार रविगुप्त बीसौं वर्ष शक्तिशाली भई रहे§, अनि महाप्रतिहार भौमगुप्तले पनि अंशुवर्माको उदय नहुन्जेल ३३ वर्षभन्दा बढी लामो समयसम्म आफ्नो दबदबा कायम गरेको कुरा+ लिच्छविकालको इतिहासमा विचारणीय विषय छ ।

न्यायव्यवस्थासंग पनि प्रतिहारको सोझै सम्बन्ध रहेको हुन्थ्यो । सम्बद्ध अधिकरणले हेर्ने मुद्दामामिलाबाहेक सोझै राजदरबारमा आइपुगेका मुद्दामामिलाबारे कार्बाइ गर्न राजाद्वारा एउटा अधिकारी नियुक्त भएका हुन्थे । त्यो पदमा प्रायः 'प्रतिहार' पदधारी व्यक्ति नियुक्त भएका देखिन्छन् । कहिलेकहीं अरू अधिकारी पनि नियुक्त हुन्थे । अहिले मुद्दामामिलासम्बन्धी काममा यो व्यक्ति नियुक्त भएको छ भन्ने कुरा जनताले थाहा पाओस् भन्ने हेतुले शिलालेखमा अरू शासनसम्बन्धा कुरा कुँदाउँदा यो कुरासमेत कुँदाउने चलन थियो । वसन्तदेवको जैसी-

---

"...उपरान्त, प्रमान दुवालयता न्हाया दस्तुरथें बियमाल...प्रमान, दुवालया ह्लगो गुगुल प्रनित, उगुल बकस यायधुनो"

(नकदेश र बोडेको रणजित्मल्लको ताम्रपत्रबाट । अभिलेख-संग्रह ११ भागको १६ पृष्ठमा यो छापिएको छ ।)

[उप्रान्त प्रमान (बडाहाकिम), द्वारेलाई पहिलेको दस्तुरबमोजिम दिनू...प्रमान र द्वारेको पहिले जुन बन्दोवस्त थियो, सोही बन्दोवस्त थामिदिइसकें ।]

"अत्र पत्रया साक्षी...वृत्तिया, धाक्या दुवारपनि..."

(चोपुरका रणजित्मल्लको अभिलेखबाट । अभिलेख-संग्रह ११ भागको १५ पृष्ठमा यो छापिएको ।)

[यस पत्रका साक्षी जागीरदार र ढाक्रे द्वारेहरू...]

यसै गरी शाह कालमा पनि प्रत्येक गाउँमा द्वारे नियुक्त भएका हुन्थे । प्रमाणको लागि पृथ्वीनारायण शाहको एउटा पत्रको उद्धरण यहाँ दिइन्छ—

"आगे पलांचोकका द्वारा जेठाबूढा प्रति पुर्वका काजकन...तांहा तिम्रा अंबलका प्रजा झारा गरि डोका नाम्ला समेत लियेर द्वान्याले आपना जिय डिट्ठा भैकन प्रजा दुम्जासम्म ल्यायेर..४० बोकायेर चौडंडि षटांग पुन्याव. नपुन्याया काज अटकला... ईति सम्वत् १८३१ साल ज्येष्ठ शुदि १३ रोज"

('पृथ्वीदर्शन' प्रदर्शनीमा राखिएको सकल प्रतिबाट यो उतार लिइएको हो । 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' को ११८१–८२ पृष्ठमा व्याख्यासहित यो छापिएको छ ।)

§ 'पूर्णिमा' ११ पूर्णाङ्कको १० पृष्ठ हेर्नुहोस् ।

+ 'पूर्णिमा' १५ पूर्णाङ्कका ३३२ पृष्ठ हेर्नुहोस् ।

देवलको ४३५ संवत्को अभिलेखमा 'ब्रह्म ुङि च महीशीले व्यवहरतीति' भन्ने उल्लेख परेको छ‡। यसबाट यस वेला महीशील ब्रह्म ुङ् भन्ने व्यक्ति मुद्दामामिलासम्बन्धी काममा नियुक्त भएका थिए भन्ने थाहा पाइन्छ । वसन्तदेवको बलम्बु पार्सिख्य§ र चौकिटारको❁ ४५४ संवत्को अभिलेखमा 'ब्रह्म ुङि च प्रतिहारभवगुप्ते व्यवहरतीति' भन्ने उल्लेख परेको छ । यसबाट यस वेला प्रतिहार भवगुप्तले मुद्दामामिलासम्बन्धी काम गरिरहेका थिए भन्ने बुझिन्छ । यसै गरी गणदेवको चौकिटार, बलम्बु, किसिपिडींको ४८२ संवत्को अभिलेखमा 'प्रसादगुप्तवार्त्ते व्यवहरतीति' भन्ने उल्लेख आएको छ÷ ।

पछि यसरी लेखाउने चलन छुट्यो । यसैले पछिका अभिलेखमा यस्तो उल्लेख पाइँदैन । तर प्रतिहार वा दौवारिकको यो स्थिति यथावत् कायम रह्यो । नक्साल नारायणचौरको अभिलेखबाट प्रतिहार वा दौवारिकको न्यायव्यवस्थासंग कुन सम्बन्ध थियो भन्ने कुरा केही खुल्छ । सो अभिलेखको आधा जति उठानका भाग धेरै खिइएको छ तापनि बचेको भागबाट पनि यसबारे केही कुरा बुझ्न सकिन्छ । सो अभिलेख तल परिशिष्टमा दिइएको छ । त्यसको केही अंशको अनुवाद यस प्रकारको छ—

"...पहिले दौवारिक (प्रतिहार=राजदरबारका द्वारे) ले पनि शास्त्रअनुसार विचार गर्नुपर्छ ।...मुद्दाको पनि स्वयं पाञ्चालिकहरूले नै छिनफान गरी......मुद्दा छिन्दा उठेको रकमको ६ भागको १ भाग पाञ्चालिकहरूलाई दिनू ।......यसको मुद्दामामिला अनि...दौवारिककहाँ दर्ता गराउनू । उनले पनि महीनादिनभित्रमा राजाको भित्री इजलासमा जाहेर गर्नू । गर्भिणी आईमाईको मृत्यु भएमा शय पण (दिनू) । आत्महत्या...‥झगडा गरी (कसैको) मृत्यु भएमा दौवारिकलाई जाहेर गरी मुर्दा उठाउनू । त्यसको लागि आएका तिनलाई (दौवारिकलाई) दुइ पण र छ पणपुराण दिनू । दरबारको रथ सिंगार्न सिन्द्रिरदौवारिकलाई अस्सी पणपुराण दिनू ।...‥‥दरबारको मरम्मतको लागि र सिंगार पटारको लागि प्रतिवर्ष वेत्रदौवारिकलाई अस्सी पणपुराण दिनू । मण्डपी यात्रामा एक जोर असल लुगा र पाँच गहना दिनू ।‥‥प्रतिवर्ष स्थानदौवारिकलाई पाञ्चालिकहरूले एक हजार पणपुराण बुझाउनू ।"

स्वायत्तशासनलाई प्रोत्साहन दिने लिच्छविकालका शासकहरूको नीतिअनुसार ग्रामपाञ्चाली आदि स्थानीय संघटनले न्यायव्यवस्थासम्बन्धी निकै अधिकार पाएका थिए । चोरी डकैती, ज्यान मार्नु, परस्त्रीगमन आदि पञ्चापराध (पञ्चखत) जस्ता ठूला ठूला मुद्दा छिन्ने अधिकार

---

‡ यो अभिलेख भगवानलालद्वारा ३ संख्याको रूपमा छापिएको छ, संस्कृत–सन्देश १।९ मा हामीले (भोलानाथ+धनवज्र+ज्ञानमणिले) पनि छपाएका छौं, नोलीद्वारा १३ संख्याको रूपमा पनि छापिएको छ ।

§ 'अभिलेख-संग्रह' ५ भागका १३–१४ पृष्ठमा यो छापिएको छ ।

❁ नोलीद्वारा १५ संख्याको रूपमा यो छापिएको छ ।

÷ पूर्णिमा १० पूर्णाङ्कका ३–४ पृष्ठ हेर्नुहोस् ।

पनि धेरैजसा ग्रामपाञ्चालीले पाएका थिए *। यसै गरी भिक्षुसंघ आदि धार्मिक संघसम्मले पनि मुद्दामामिला छिन्ने अधिकार पाएको थियो§ । यसो हुँदा 'ग्रामपाञ्चाली' को एउटा मुख्य काम स्थानीय मुद्दामामिला आफैं छिन्नु हुन्थ्यो । आफ्नै ग्रामपाञ्चालीले मुद्दामामिला हेर्ने हुँदा जनतालाई यताउता अड्डामा धाउने झन्झट हुँदैनथ्यो । अर्को कुरा यसबाट उठेको रकमको केही अंश ग्रामपाञ्चालीले नै पाउने हुनाले प्रकारान्तरले जनतालाई फाइदा नै हुन्थ्यो ।

ग्रामपाञ्चाली आदि स्थानीय संघट्टनले छिन्न नसकेका मुद्दामामिला माथिल्लो तहमा जान्थे र तिनको छिनफान सम्बद्ध अधिकरण (अड्डा) ले गर्दथ्यो । कति मुद्दामामिला सोझै माथि पुग्दथे र राजाको भित्री इजलासमा राजाको देखरेखमा त्यस्ता मुद्दा छिनिन्थे❁ । तात्कालिक अभिलेखहरूमा राजाको भित्री इजलासलाई 'अन्तरासन' 'परमासन' संज्ञा दिइएको छ ।

यसरी ग्रामपाञ्चाली, अनि सम्बद्ध सरकारी अधिकरण र त्यताबाट पनि चित्त नबुझे सोझै राजाको देखरेखमा 'अन्तरासन' ले मुद्दामामिला हेर्ने व्यवस्था हुँदा लिच्छविकालमा जनतालाई न्याय पाउन गाह्रो थिएन भन्ने स्पष्ट देखिन्छ ।

लिच्छविकालमा विभिन्न तहमा यसरी न्यायव्यवस्था छरिएर रहेको हुनाले त्यस बेला कुन आधारमा मुद्दामामिला छिनिन्थे, न्यायव्यवस्थाको यस अर्को पक्षको बारेमा पनि विचार गर्नु आवश्यक छ ।

लिच्छविकालमा लेखिएको कुनै ग्रन्थ पनि नपाइएको हुनाले अहिलेको 'मुलुकी ऐन' जस्तो ऐनकानूनसम्बन्धी कुनै छुट्टै ग्रन्थ त्यस बेला बनेको थियो वा थिएन भनी हामी निश्चित रूपमा भन्न सक्दैनौं । अभिलेखहरूमा प्रसङ्गवश फाटफुट उल्लेख भएका कुराहरू जोडी यस विषयमा केही बुझ्नुपरेको छ ।

लिच्छविकालका अभिलेखहरू केलाई हेर्दा त्यस बेला न्यायनिसाफको आधार प्राचीन धर्मशास्त्रहरू थिए, त्यस बेलाका शासकहरू धर्मशास्त्रकै आधारमा ऐन कानून बनाउँथे, यस काममा धर्मशास्त्र जान्नेहरूको मद्दत लिन्थे भन्ने थाहा पाइन्छ । पछि मल्लकालमा र शाहकालमा पनि न्यायनिसाफको आधार धर्मशास्त्रहरू नै थिए । शासकहरूलाई धर्मशास्त्र उपस्थित नहुने हुनाले यस काममा शासकहरूलाई मद्दत गर्न 'धर्माधिकार' दर्जा दिई पण्डित विद्वान्हरूलाई नियुक्त गर्ने चलन शाहकालमा थियो△ ।

---

* 'पूर्णिमा' १२ पूर्णाङ्कका ५–७ पृष्ठ हेर्नुहोस् ।

§ 'पूर्णिमा १४ पूर्णाङ्कका १११–१३ पृष्ठ हेर्नुहोस् ।

❁ 'पूर्णिमा' १२ पूर्णाङ्कका ५–६ पृष्ठ हेर्नुहोस् ।

△ "कचहरिपिछे यक् यक् पण्डीत राषी निञा सास्त्रबमोजिम् अदालथ चलाउनु"

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशबाट)

"वांहाँदेषिन् श्री ५ माहाराज पृथ्वीनारायण शाहबाट दुनिञाको जान अजान प्रजा प्राणि लाला बाला केहि चुक्या बिरायामा धर्माधिकार तुल्याई राजाले गर्न्या भयो । सभासदले *गर्न्या*

लिच्छविकालका प्रसिद्ध शासक अंशुवर्माले 'ऐन कानूनको तर्जुमा गर्दा मलाई अपार आनन्द लाग्छ भनी बोलेका छन् । उनले बोलेको—

**"अनिशि निशि चानेकशास्त्रार्थविमर्शावसादितासद्दर्शनतया धर्माधिकारस्थितिकरणमेवोत्सवमनतिशयम्मन्यमान:"**

[रातो दिन अनेकन शास्त्रका अर्थको विषयमा छलफल गर्दा खराप दृष्टिकोण हटिसकेका हुनाले न्यायनिसाफका कामको बरबन्दोबस्त बाँध्नु नै ठूलो उत्सव संझने...]

यो वाक्यबाट विभिन्न शास्त्रहरूको आधारमा उनी ऐन कानून बनाउँथे भन्ने भाव झल्कन्छ।

हाँडिगाउँ नारायणस्थानको अनुपरमको प्रसिद्ध स्तम्भलेखमा प्रसङ्गवश केही धर्मशास्त्रको उल्लेख आएको छ । त्यताबाट लिच्छविकालमा प्रचलित धर्मशास्त्रको बारे केही थाहा पाइन्छ । त्यहाँको वाक्य यस प्रकारको छ—

...“शास्त्रे मनुयमबृहस्पत्युशनसां
विधानं कृत्यानामसुगमदं लोक...”

[मनु यम बृहस्पति शुक्रहरूको शास्त्रमा...कामका अप्ठेरो विधान लोकमा...]

छेउछेउमा फुटेको हुनाले यो पद्य पूरा छैन । तर त्यस वेला लोकमा मनुस्मृति यमस्मृति, बृहस्पतिस्मृति शुक्रनीति आदि शास्त्र प्रचलित थिए भन्ने बुझिन्छ ।

ज्ञानेश्वरको अभिलेखमा न्यायव्यवस्थासम्बन्धी निकै कुरा परेको बुझिन्छ । तर धेरै भाग खण्डित हुँदा अहिले स्पष्ट रूपमा कुरा बुझ्न अलि गाह्रो भएको छ । तैपनि लिच्छविकालमा न्यायनिसाफको आधार प्राचीन धर्मशास्त्रहरू थिए भन्ने कुरा त्यताबाट पनि बुझिन्छ । यस कारण त्यसको अलिकता उद्धरण यहाँ दिनुपरेको छ—

---

भयो । धर्मशास्त्रले गर्न्या कार्य धर्माधिकारैका शीर हालिबक्सनुहुँदो भयो ।

(वीरपुस्तकालयबाट प्रकाशित 'श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी' को ३० पृष्ठबाट)

ऐनको लिखित ग्रन्थ बन्नुभन्दा पहिले प्राचीन शास्त्रको आधारमा मुद्दा छिनिन्थ्यो भन्ने कुरा 'ऐन' को भूमिकामा परेको यस वाक्यबाट पनि बुझिन्छ—

"शास्त्रबाट मात्र कालका प्रभावले सबै व्यवहार चल्न नसक्ता र सबै प्रजामा एकै नासको बुद्धि नहुँदा एकै किसिमका मुद्दामा पनी कहीं केही, कहीं केही इन्साफ भएको देखिंदा छोटा बडा सबैलाई खत जात माफिक एकै सजाय हवोस् घटि बढि नपरोस् भन्नानिमित्त श्री ५ जिज्यूबाज्येज्यूबाट उस बखतका प्राइममिनिष्टरलाई हुकुम बक्सँदा तयार भई मञ्जुर भएको ऐन संवत् १९१० साल पौष वदी ७ रोज ५ का दिनदेखी चली आएकोमा..."

(वि. सं. १९९२ सालमा छापिएको 'ऐन' को भूमिकाबाट)

"... कैलासकूटभवनाद्...महा[राजाधिराजश्रीजयदेवः]···नेपालमण्डलान्तर्निवासिनो यथास्वमधिकरण[ाधिकृतान् ]···यथार्हं कुशलमभिधाय समाज्ञापयति [विदितं भवतु] भवतां वर्णोत्तमा भूमिदेवास्स्मार्तशास्त्राणाम्······तैरनुपाल्यमान······दण्डार्हस्य उत्तमसाहस·····पित्रोर्दण्डः शरीरापराधश्च···"

('अभिलेख–संग्रह' ५ भागको १५–१७ पृष्ठमा यो छापिएको छ ।)

[कैलासकूट भवन (दरबार)बाट···महा(राजाधिराज श्रीजयदेवले)···नेपालमण्डलभित्रका आफ्ना आफ्ना अड्डाका (अधिकारीहरूलाई) यथोचित कुशल मङ्गल सोधेर आज्ञा गर्नुभएको छ । तिमीहरूलाई थाहा होस्–जातमा उत्तम भएका ब्राह्मणहरू धर्मशास्त्रहरूको···तीद्वारा पालना गरिएका···दण्ड गर्नुपर्ने ठहरिएकोलाई उत्तमसाहस···दण्ड गर्नू ।··· बाबुआमालाई दण्ड गर्नू, सास्ति गर्नू···]

यस अभिलेखबाट लिच्छविकालमा न्यायनिसाफ धर्मशास्त्रको आधारमा गरिन्थ्यो, यस काममा धर्मशास्त्र जान्ने ब्राह्मणहरूको मद्दत लिइन्थ्यो भन्ने बुझिन्छ । यहाँ उल्लिखित 'दण्डार्हस्य उत्तमसाहस' यो सानो उदाहरण मात्रले पनि प्राचीन पद्धतिअनुसार नै लिच्छविकालमा न्यायनिसाफ गरिन्थ्यो भन्ने कुराको पुष्टि हुन्छ । 'उत्तमसाहस' यो पद प्राचीन कालदेखि दण्डविधानमा चलेर आएको पारिभाषिक शब्द हो । धर्मशास्त्रहरूमा दण्डविधानको प्रकरणमा प्रथमसाहस, मध्यमसाहस, उत्तमसाहस गरी तीन थरीको उल्लेख पाइन्छ । प्रथमसाहस दण्ड गर्ने भनी तोकिएको अपराधमा अढाई शय पण जति दण्ड गरिन्थ्यो । मध्यमसाहस पाँच शय पण जतिको हुन्थ्यो । उत्तमसाहस एक हजार पण जतिको हुन्थ्यो । धर्मशास्त्रकारहरूको शब्दमा प्रथम, मध्यम, उत्तम साहसको परिभाषा यस प्रकारको छ—

"पणानां द्वे शते सार्धे प्रथमः साहसः स्मृतः ।
मध्यमः पञ्च विज्ञेयः सहस्रं त्वेव चोत्तमः" ।।८।।१३८

–मनुस्मृति

[प्रथमसाहस अढाई शय पणको हुन्छ । मध्यमसाहस पाँच शय पणको हुन्छ । उत्तमसाहस हजार पणको हुन्छ ।]

"साशीतिपणसाहस्रो दण्ड उत्तमसाहसः ।
तदर्धं मध्यमः प्रोक्तस्तदर्धमधमः स्मृतः" ।।३६६।।

याज्ञवल्क्यस्मृति, आचाराध्याय,

[एक हजार अस्सी पणको दण्ड उत्तमसाहस कहिन्छ । त्यसको आधा (पाँचशय चालीस) पणको दण्ड मध्यमसाहस कहिन्छ । त्यसको आधा (दुइ शय सत्तरी) पणको दण्ड अधम (प्रथम) साहस कहिन्छ ।]

कौटल्यले पनि आफ्नो अर्थशास्त्रमा यस कुराको उल्लेख गरेका छन् । तर त्यहाँ पणको संख्या अलि फरक छ—

"...अष्टचत्वारिंशत्पणावरं षण्णवतिपरं पूर्वसाहसदण्डः ॥ ॥ ...द्विशतावरः पञ्चशतपरो मध्यमः साहसदण्डः ॥ ॥...पञ्चशतावरः सहस्रपर उत्तमः साहसदण्ड इत्याचार्याः" ॥ ॥

(कौटलीय अर्थशास्त्र, ३ अधि. १७ अध्याय)

[ घटीमा अठचालीस पण बढीमा छयानब्बे पणको पूर्व (प्रथम) साहस दण्ड हुन्छ ।... घटीमा दुइ शय बढीमा पाँचशय पणको मध्यमसाहस दण्ड हुन्छ ।...घटीमा पाँच शय बढीमा हजार पणको उत्तमसाहस दण्ड हुन्छ भन्ने आचार्यहरूको भनाइ छ ]

प्राचीन पद्धतिअनुसार पहिले वाग्दण्ड (हप्काउनु), अनि धिग्दण्ड (बेईज्जत गर्नु) अनि धनदण्ड (पैसा जरिवाना गर्नु) अनि वधदण्ड (जीउमा सास्ति गर्नु, अङ्गछेद आदि) गरिन्थ्यो । यसको उल्लेख मनुस्मृतिहरूमा यसरी गरिएको छ—

"वाग्दण्डं प्रथमं कुर्याद्धिग्दण्डं तदनन्तरम् ।
तृतीयं धनदण्डं तु वधदण्डमतः परम् ॥" ८।१२९

मनुस्मृति

[ पहिले वाग्दण्ड गर्नू, अनि धिग्दण्ड गर्नू, अनि धनदण्ड गर्नू, अनि मात्र वधदण्ड गर्नू ।]

"धिग्दण्डस्त्वथ वाग्दण्डो धनदण्डो वधस्तथा ।
योज्या व्यस्ताः समस्ता वा ह्यपराधवशादिमे ॥" ३६७

याज्ञवल्क्यस्मृति, आचाराध्याय

[ धिग्दण्ड अनि वाग्दण्ड अनि धनदण्ड अनि वधदण्ड गर्नू । अपराध हेरी यी एउटा एउटा अथवा सबै दण्ड गर्नू । ]

लिच्छविकालमा पनि दण्ड गर्ने तरीका यस्तै थियो जस्तो देखिन्छ । माथि उद्धृत ज्ञानेश्वरको अभिलेखमा उल्लिखित 'दण्डः शरीरापराधश्च' (दण्ड गर्नू र सास्ति गर्नू) आदि वाक्यबाट यस कुराको संकेत पाइन्छ ।

लिच्छविकालमा दण्डविधान अलि कडा थियो भन्ने देखिन्छ । चोरी डकैती, ज्यान मार्नु, राजद्रोह आदि अपराध गर्नेउपर कडा दण्ड गरिन्थ्यो । यस्ता अपराधमा अपराधीलाई मात्र होइन, त्यसको परिवारलाई नै दण्ड गरिन्थ्यो । यो कुरा यङ्गालहिटी र भृङ्गारेश्वरको भीमार्जुनदेव+विष्णुगुप्तका अभिलेखबाट बुझिन्छ । ती अभिलेख तल परिशिष्टमा दिइएका छन् । तिनको सारभागको अनुवाद यस प्रकारको छ—

"मानगृह(दरबार)बाट...भट्टारक (गद्दीनशीन) महाराज श्रीभीमार्जुनदेवसहित भएर श्रीकैलासकूट भवन (दरबार)बाट...श्रीविष्णुगुप्तले पछि हुने नेपालका राजाहरूलाई सन्मान गरेर बाटो देखाउनुभएको छ—

...भगवान् विष्णुको जलशायी मूर्ति बनाउन लायकको ठूलो ढुङ्गा तानेर ल्याउने कामले खुशी भएका हामीबाट पहिले नै द्रङ्गको चार भागको एक भागको रूपमा इलाका छुट्याइएको

दक्षिणकोलीग्रामको यस सीमाभित्र बस्नेहरूलाई कल्ली, बाजू, पाउजेबलाई छोडेर अरू गहना लाउन हुने गरी निगाह गरियो । यो ठाउँमा बस्ने जसलाई पहिले नै गहना लाउन हुने गरी निगाह गरिएको थियो, तिनलाई हामीबाट गरिएको यो बढी निगाह हो ।

द्रङ्गको चार भागको एक भाग रूपको यो इलाकामा बस्ने जसले चोरी गर्नु, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु, राजद्रोह गर्नु यी अपराध गर्लान्, यी अपराधद्वारा दोषी ठहरिएका तिनको आफ्नै अंशको घर खेत गाई वस्तु आदि सम्पत्ति मात्र राजदरबार लाग्नेछ, यो अपराधद्वारा दोषी ठहरिएका तिनका दायाद (अंशियार)हरूबाट अलिकता पनि जबर्दस्तीसंग लिइनेछैन…"

"…महाराज श्रीभीमार्जुनदेवसहित भएर…श्रीविष्णुगुप्तले…बाटो देखाउनुभएको छ—हामीबाट आश्चर्यको…मूर्ति बनाउन लायकको ढुङ्गा तानेर ल्याउने काममा लाएका भृङ्गारग्रामका पाञ्चालिकहरूले………(हुनाले) निगाह गरिएको छ ।…चोरी गर्नु, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु, राजद्रोह गर्नु आदि अपराध गर्नेहरूका……अंशियारहरूबाट यहाँ केही नहर्नू ।"

यहाँ जलशयन नारायणमूर्ति बनाउन ठूलो ढुङ्गा तानेर ल्याएका हुनाले प्रसन्न भएर अबउप्रान्त यस ठाउँमा बस्नेहरूले चोरी, ज्यान मार्नु, राजद्रोह आदि ठूलठूला अपराध गरे भने खाली अपराधीलाई मात्र दण्ड गरिनेछ, तिनका अंशियारउपर कार्बाइ गरिनेछैन भन्ने उल्लेख परेको छ । यताबाट निगाह गरिएको यी सीमित ठाउँबाहेक अन्यत्र यस्ता ठूला अपराध गर्नेका परिवारकै उपर दण्ड गरिन्थ्यो भन्ने स्पष्ट छ । नरेन्द्रदेवले भिक्षुसंघलाई गरिदिएको पशुपति वज्रधर र पाटन यागबहालको अभिलेखबाट पनि यो कुरा बुझिन्छ । ती अभिलेखमा उल्लिखित 'चौरपरदारहत्यासम्बन्धादिपञ्चापराधकारिणां शरीरमात्रं राजकुलाभाव्यन्तद्गृहक्षेत्रकलत्रादिसर्वद्रव्याण्यार्यसङ्घस्य=चोरी गर्नु, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु तथा यस्ता अपराध गर्नेहरूसंग सम्बन्ध राख्नु आदि पञ्चखत गर्ने अपराधीको शरीरचाहिं राजदरबार लाग्नेछ, तिनका घर खेत जहानबच्चा आदि सबै धनसम्पति आर्यसंघको हुनेछ" यस वाक्यबाट यो कुरा स्पष्ट थाहा पाइन्छ ।

राजद्रोहको अपराध लागेमा परिवारैलाई दण्ड गर्ने चलन शाहकालसम्म पनि चलेको थियो ❁।

---

❁ प्रताप मल्लको मृत्युपछि कान्तिपुरका शक्तिशाली चौतारा (मुख्य मन्त्री) बन्न पुगेका चिकुटिलाई पछि राजा पार्थिवेन्द्र मल्लउपर विषप्रयोग गरेको अभियोग लाई मृत्युदण्ड दिइएको थियो । त्यस वेला उनका केटाकेटीसमेत परिवारैलाई मृत्युदण्ड दिइएको थियो । तात्कालिक ठ्यासफुमा यसको वर्णन यसरी गरिएको छ—

**"सं ८०७ आषाढ शुक्लः ॥ तृतीया…श्रीश्रीपार्थिवेन्द्रमल्ल मोक, आरकस वासर तयाओ नकाओ …थ्वपनि वाश्व नकु धकाओ, गोरस चोङ चिकुति चुनदनक दायाओ कपारन हि वयक खङ खङह्मन दायाओ हव…वया परिवार मूचातों दायाओ स्याहयाओ स्याक…चिकुति वंशीधर निह्म कुङाओ स्यात"**

[ने. सं. ८०७ (वि. सं. १७४४) आषाढ शुक्ल तृतीयाको दिन…खाने कुरामा औषधि (विषादि) राखी खुवाइएकाले श्रीश्रीपार्थिवेन्द्र मल्लको मृत्यु भयो ।…यिनीहरूले औषधि (विषादि)

मालिगाउँको अभिलेखमा लिच्छविकालको लौकिक जीवन र दण्डविधानसम्बन्धी अलि भिन्नै किसिमको कुरा परेको छ । दुर्भाग्यले गर्दा सो अभिलेख पनि खण्डित छ । तर केही कुरा बुझिन्छ । तल परिशिष्टमा यो अभिलेख दिइएको छ । यसको सारभागको अनुवाद यस प्रकारको छ—

"लोग्ने मरेमा, हराएमा, जोगी भएमा वा पतित भएमा…यी कारण र अरू कारणद्वारा…अरू लोग्ने लिएका आईमाई निःसन्तान भएर…पतित भई अरू लोग्ने लिन्छन्, यसरी दोस्रो संग्रह (ल्याइते स्वास्नी) हुन पुगेर निःसन्तान हुन्छन् भने तिनीहरूमा माप्चोक (अड्डा)ले लाग्ने कानून लाउन् । तिनीहरूबाट……नाउँले तोकिएको धन माप्चोकका जागीरदारले लिन् । त्यताबाट पनि लोग्नेबाट सन्तुष्ट नभई धेरैबाजी लाज पचाएका, खराव स्वभावका, चरित्र-धर्मबाट च्युत भएका, पहिलो लोग्नेदेखि विरक्त भएका, कामवासनातिर झुकेका असन्तुष्ट

---

खुवाएको हो भनी देउपाटनमा बसेका चिकुटिलाई कपालबाट रगत बग्ने गरी बेसरी कुटी जस जसले देख्यो कुट्तै ल्याए।…उनको परिवार केटाकेटीसम्मलाई पनि कुट्तै घिसारी ल्याई मारे…चिकुटी र वंशीधर दुवैलाई थुनी मारे]

(इतिहास-संशोधनको प्रमाण प्रमेयका २३९-४० पृष्ठबाट)

राजद्रोह गरेको अभियोग लागेको हुनाले महादेव ओझाको सन्तानैले नेपालमा पस्न नपाउने, उनीहरूसंग अरूले सम्बन्ध राख्न नपाउने गरिएको कुरा वि. सं. १७५५को पाटन राजदरबारको ताम्रपत्रमा परेको छ । ('इतिहास-संशोधनको प्रमाण प्रमेय' का २४३-४५ ष्ठ हेर्नुहोस् ।)

वि. सं. १८६३ मा रणबहादुर शाह मारिएपछि यस काण्डमा यी अपराधी हुन् भन्ने अभियोग लगाई शेरबहादुर शाह, पृथ्वीपालसेन, नरसिंह गुरुङ आदिलाई सजाय गर्दा उनका परिवारसमेतलाई सजाय दिइएको थियो । पं. सुन्दरानन्दले यस कुराको वर्णन यसरी गरेका छन्—

"…पाल्पाका पृथ्वीपालसेन नाम राजा, वैमातृक भाइ सेरबहादूर शाह बिदुर शाह चौतारा २ गुरुङ्ग काजी नरसिंह महाउल्लु ठहरिया. टाउको कटाइ कबंध तुल्याई दाम्लाले बाँधि चण्डालहरूले अफालनु लैगयाका सबै दुनिञालाई देषाया…॥१८६॥

श्रीस्वामीज्यूका अनुग्रहले आर्जन गऱ्याका लाषौं दौलथ ऐश्वर्य सर्वस्वकन लुटाई परिवार गैह्र कमारा कमारीसमेतकन कुजाति सार्कि नगर्चि पोढ्या इत्यादि च्यामाखरकलाई सौंपाई पुल्कश भन्नु चाण्डालजातिले विष्णुमतीतीर्थका पारि पुऱ्याई उल्लना भन्नु शिर काटि कबन्ध तुल्याया…श्रीसंवत् १८६३ सालमा जो बाच्या. सो दुनियामा कृतज्ञ नूनको सोझो गर्न्या ठहरिया…"

('त्रिरत्नसौन्दर्यगाथा १९३ पृष्ठबाट)

वि. सं. १८९४ मा राजकुमारउपर विषप्रयोग गरेको अभियोग लाई भीमसेन थापालाई सजाय गर्दा उनका थापापरिवारलाई नै सजाय गरिएको थियो । (अभिलेख-संग्रह पहिलो भागको प्रस्तावनाका ११-१२ पृष्ठ हेर्नुहोस् ।)

युवतिहरू अरू लोग्ने लिन्छन् र तिनीहरूको सन्तान भयो भनेचाहिं माप्चोक (अड्डा)ले कार्बाइ गर्न पर्दैन…"

आफ्नो लोग्नेलाई छोडी अर्को लोग्ने लिनेलाई माप्चाक अड्डाले दण्ड गर्दथ्यो भन्ने यताबाट बुझिन्छ । तर त्यसरी अर्को लोग्नेकहाँ गएका तिनबाट सन्तान पैदा भयो भनेचाहिं माप्चोक अड्डाले दण्ड गर्न पर्दैनथ्यो भन्ने पनि यहाँ उल्लेख परेको छ । लिच्छविकालमा जनसंख्या परिमित हुँदा त्यस वेला जनसंख्यावृद्धिको समस्या थिएन, बरू लिच्छविशासकहरू जनसंख्या वृ होस् भन्ने चाहन्थे भन्ने पनि यताबाट बुझिन्छ ।

पशुपति वज्रघरको अभिलेख 'पूर्णिमा' १४ पूर्णाङ्कमा छपाउँदा त्यहाँ उल्लिखित "आपणकरोधिकमासतुलादण्डादिश्च सर्व एवार्यभिक्षुसंघस्य" यो वाक्यमा परेको 'अधिकमासतुलादण्ड'को अर्थ लागेको थिएन । अब यसको अर्थ खुलेको छ । लिच्छविकालमा आषाढ र पौषमा मात्र अधिकमास पर्दथ्यो§ । यस कारण अधिकमास शब्दले त्यस वेला आषाढ र पौष मासलाई बुझाउँथ्यो । आषाढ र पौषमा ६ महीनाको अन्तर छ । यस कारण 'अधिकमासतुलादण्ड' को अर्थ ६ महीना अन्तर पारी आषाढ र पौषमा बजारमा तुला (ढक तराजु आदि) जाँच्दा फरक परे व्यापारीलाई गर्ने 'दण्ड' भन्ने रहेछ । ६,६ महीनामा ढक तराजु आदिको परीक्षा गर्नू भनी दण्डविधानको प्रकरणमा मनुस्मृतिकारले यसरी बोलेका छन्—

"तुलामानं प्रतीमानं सर्वं च स्यात्सुलक्षितम् ।
षट्सु षट्सु च मासेषु पुनरेव परीक्षयेत्" ॥८॥ ४०३
मनुस्मृति

[ढक तराजु, माना पाथी आदि नाप्ने जोख्ने सबै पदार्थ राम्ररी जाँच्नू । बराबर ६,६ महीनामा यिनको जाँच गरीरहनू ।]

यताबाट उपर्युक्त अर्थको पुष्टि हुन्छ । साथै लिच्छविकालमा व्यापारीहरूले ढक तराजु आदिमा फरक पारी जनतालाई नठगून् भन्ने कुरामा शासकहरूको दृष्टि रहन्थ्यो, बेकाइदा गर्ने व्यापारीलाई दण्ड गरिन्थ्यो भन्ने यताबाट बुझिन्छ* ।

यति कुराबाट लिच्छविकालको न्यायव्यवस्थाको झलक हाम्रो सामुन्ने आएको छ जस्तो मलाई लाग्छ । यस विषयमा बढ्ता कुरा बुझ्न अझ बढी अन्वेषण र अध्ययन हुनु आवश्यक छ ।

---

§ 'पूर्णिमा' ३ पूर्णाङ्कको १३ पृष्ठ हेर्नुहोस् ।

* नाप तौल आदिमा तलमाथि गरे दण्ड गर्ने ऐन अहिले पनि कायमै छ । 'मुलुकी ऐन' ४ भाग, ६ महलको 'खोटा चलन' प्रकरणमा यस कुराको उल्लेख परेको छ । जस्तै—

**१३ नं. ॥ ॥ भर्ने, नाप्ने, तौल्ने, माना, पाथी ढक गज इत्यादिमा घटाई बढाई चलन गर्नेलाई र सो घटे बढेको वस्तु चलन गर्ना निमित्त बदनियतले पसलमा राख्नेलाई सो नोक्सानी बिगो भराउनुपर्नेमा भराई पटकैपिच्छे पचास रुपैयांका दरले जरिवाना गर्नुपर्छ ।**

(यही ऐन पुरानो 'ऐन' को तेस्रो भागमा पनि परेको छ ।)

# लिच्छविकालका केही अभिलेखहरू

['लिच्छविकालको न्यायव्यवस्था' बारे बुझ्न मद्दत दिने केही अभिलेख परिशिष्टका रूपमा यहाँ दिइएका छन् । मूलसंग भिडाई यहाँ सकभर पाठ शुद्धयाउने प्रयत्न गरिएको छ ।]

## मालिगाउँको अभिलेख

१. (ॐ स्वस्ति) कैलासकूटभ(वनाद्...)......

२. ... ... ... ... ...वय... ... ... ... ...

(३ पङ्क्तिदेखि ८ पङ्क्तिसम्म पढ्न नसकिने)

९. ...मा... कारेण... ... ...

१०. ... ...व केवलमि... भिः... हित...

११. -ण व्यवस्थेयमुपदा–त- -पत्यावुपरते नष्टे प्रव्रजितेपि वा पतितेपि–१

१२. दृष्टे– योषितामपरः पति इत्येव...मादिभिः कारणैरपरैरपि का२

१३. रणान्तरैर्विवाहात्पतनकालं सङ्ग्रहणेनापरं३ पतिमुपयाता नि

१४. रपत्या योषितो ज्ञातिभिः व...या...यदि परिभृश्यान्यतपत्यन्तर

१५. मुपाददत एवं द्वितीयं सङ्ग्रह(मुप)याता नि(ःपु)त्रवत्यो भविष्यन्ति तासु मा

१६. प्चोकाधिकारोयं यथाव्यवस्थम्प्रवर्तयितव्यस्तास्वप्यतीतासुयतीसारूप्य

१७. कन्तन्नाम्ना परिभाषितश्च धनं तम्माप्चोकवृत्तिभुजा ग्राह्यं ततोपि पुरुषय

१८. रितोषमभावयित्वा बहुशोपि व्यपेतलज्जाः प्रखलस्वभावाश्चारित्रधर्मा-प(ग)४

१९. ता युवतयः सन्तोषहीनाः प्रथमे विरक्ता रागानुषक्ताः पुरुषं भजन्ते

---

१. नोलीको पाठ– त–रिप.य···ष्ठे प्रश्रवि-पि पति–पि–

२. नोलीको पाट– मादि–ःकारणैरपरै···

३. नोलीको पाठ– संग्रहं येनापरं । ४. –धर्मायमिता

२०. ता अपि यदि पुत्रवत्यो भविष्यन्ति नैव माप्चोकाधिकारभागधेया
२१. यस्त्वेतामतीतानेकनरपतिकृतव्यवस्थानुगामिनीमस्मद्व्यवस्थाम
२२. न्यथा कुर्यात्तं वयमत्यर्थं न मर्षयिष्यामो भाविभिरपि भूपतिभिरिदमस्म
२३. त्कृतं देशपीडापरिहारनिष्ठं शासनमात्मीयमिव पूर्वराजगुरुतया[1]
२४. सम्यगनुपालनीयमिति समाज्ञापना संवत् ५७❀ फाल्गुनशुक्ल
२५. सप्तम्यां दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः

[योगी नरहरिनाथ+जनकलाल ढकालद्वारा यो छापिएको छ तथा नोलीद्वारा ५७ संख्याको रूपमा छापिएको छ ।]

## यङ्गालहिटीको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख

१. अनन्तनागाधिपभोगभासुरे जलाशये शान्ततमम्मनोहरम्
२. मुरारिरूपं यदशेत देहिनां शिवाय तद्वो विदधातु मङ्गलम्
३. स्वस्ति मानगृहात्सकलजननिरुपद्रवोपायसम्विधानैक-
४. चित्तसन्तानो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जुन-
५. देवस्तत्सहितः श्रीमत्कैलासकूटभवनादपरिमिताभिमत-
६. नृपतिगुणकलापाविष्कृतमूर्तिरनवगीतावदातज्ञानमयू-
७. खापसारितसकलरिपुतिमिरसञ्चयो भगवत्पशुपतिभट्टार-
८. कपादानुगृहीतो बप्पपादानुध्यातः श्रीविष्णुगुप्तः कुशली भवि-
९. ष्यतो नेपालभूभुजो यथार्हम्प्रतिमान्यानुदर्शयति विदितम-
१०. स्तु भवतां सकलजगदवसानोदयैककारणस्योदारतरम-
११. हिमावाप्तिनिधानभूतस्य भगवतो विष्णोर्जलशयनरूपनि-
१२. ष्पादनयोग्यवृहच्छिलाकर्षणव्यापारपरितुष्टैरस्माभिर्दक्षिणको-
१३. लीग्रामस्य पूर्वमेव ब्रङ्ग्चतुर्भागत्वेन प्रविभक्तस्यैतत्सीमनिवा-

---

१. नोलीको पाठ–पूर्वगुरुतया

❀संवत्को अङ्क नोलीद्वारा ५९ पढिएको छ । तर यो ५७ हो । प्रमाणको लागि 'पूर्णिमा' १४–पूर्णाङ्कका १०१–१०५ पृष्ठ हेर्नुहोस् ।

१४. सिनाम्पदककेयूरनूपुरान् वर्जयित्वान्यैः प्रसादाभरणपरिभो-
१५. गैः प्रसादः कृतो येषाञ्चैतत्स्थाननिवासिनाम्प्रसादाभरणानि पूर्व-
१६. प्रभृत्येव विद्यमानानि तेषामयमधिकोस्मत्प्रसादो ये वा पुनरे-
१७. तद्द्रङ्गचतुर्भागसीमाभ्यन्तरवर्तिनश्चौरपरदारहत्याराजद्रोहका-
१८. पराधमवाप्नुयुस्तेषामेवामुनापराधेन दोषवतां यदात्मी-
१९. यमेव गृहक्षेत्रगोधनादिद्रव्यन्तदेव राजकुलाभाव्यमेतद्दो[१]-
२०. षाभिशस्तानां ये दायादास्तेभ्यो... ...(ना) न्यायेनाल्पमपि[२]...क्र-
२१. ष्टव्यमित्येष च भवता... ...मस्मत्कृतप्रसादोपकारा-
२२. र्थो भविष्यद्भिरपि भूप(तिभि)... ...स्वकृतनिर्विशिष्टमिव
२३. मन्यमानैस्तथैवानुपालनीयः... र...तास्तैरपि नैषा-
२४. मल्पापि बा(धा) विधेया यदि पुनरेतदाज्ञातिक्रमणेना[३]न्यथा प्रवर्ति-
२५. ष्यन्ते नि (तरामे) व ते न मर्षयितव्या इति प्रतिमानना[४] संवत् ६४
२६. फाल्गुनशुक्लद्वितीयायाम् दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः ॥

[नोलीद्वारा ६१ संख्याको रूपमा यो छापिएको छ ।]

## सुनागुठी भृङ्गारेश्वरको भीमार्जुनदेव+विष्णुगुप्तको अभिलेख

१. ॐ सम्यक्प्रभावगुणविस्तरमन्त्रभाजां न ज्ञेयतामुपगतो नृसुरासुराणाम्
२. तोयाशये भुजगभोगवरप्रसुप्तो विष्णुः स वो दिशतु दिव्यसुखानि नित्यम्[५]
३. स्वस्ति मानगृहादमलिनकुशलविपाको[६]पनतसम्पल्लिच्छविकुलकेतुर्भट्टार
४. कमहाराजश्रीभीमार्जुनदेवस्तत्सहितः कैलासकूटभवनादतिमात्रवस्तुपरि

---

१. नोलीको पाठ– राजकु... ... ... ... ।   २. ... ...न्यायेनायमपि
३. नोलीको पाठ– पुनरेतदाज्ञा ि...नान्यथा ।   ४. प्रति(पालना)
५. नोलीद्वारा यो श्लोक पूरा पढिएको छैन । नोलीद्वारा पढिएको पाठ यस प्रकारको छ–
"...प्रभावगुणविस्तर... ... ... ... ... ... ... ... ...न्दसुरासुराणाम् (।)
... ...भुजगभोगवर... ... ... ... ... ... ...दिव्यसुखानि नित्यम् (॥)"
६. नोलीको पाठ– विशालो ।

५. प्रापणोत्सवोपगतहर्षाभिनमस्यमानचरणयुगलो[1] भगवत्पशुपतिभट्टा
६. रकंपादानुगृहीतो बप्पपादानुध्यातः श्रीविष्णुगुप्तः कुशली भविष्यतो नेपाल
७. (भूभु)जो यथार्हं प्रतिमान्यानुदर्शयत्यस्तु वः समधिगतमसुरासुर कसंस्कृतात्य
८. ... ... ... ... ...गुणसमधिरूढप्रसादवेगैरस्माभिराश्चर्यभूत
९. ... ...(रू)पनिष्पादनयोग्यशिलाकर्षणम्प्रतिनियुक्तैर्भृ ङ्गार[2]ग्रामपाश्चा
१०. (लिकै)... ...परया तुष्टचा कशष्ठीविष्टिभारानयनप्रति–रा
११. ... ... ... ...मप्रवेशेन प्रसादः कृतो माप्चोकवस्तुना य
१२. ... ...त... ...द्यस्ततोपि–पाश्चा...प्रवि... ... ...या–गृ
१३. हीतव्य–न्य...विचारणीयम्मत्वाधिकरण[3]... ...णान्त...क्ता
१४. –मन्तरेण सर्वकार्याणामेवास्मरणमित्ये...प्रसादो दत्तश्चौरपरदारह
१५. त्याराजद्रोहकापराधांश्च प्राप्नुवतो य[4]दचिन्त्यङ्कर...लीप्रतिबद्धगृहक्षेत्र
१६. गवादिना स्वद्रव्येणैव[5]-जयितव्यस्तद्दायादेभ्यो[6] नात्रापहारः कर्तव्य इत्ययं
१७. वः प्रसादो दत्त एवंवेदिभिरेतेष्वधिकारेष्वधिकृतैर्नैषामल्पापि बाधा विधेया
१८. ये पुनरेतदाज्ञासमतिक्रमेण प्रवर्तिष्यन्ते तान्वयन्न मर्षयिष्यामो येपि मदू
१९. द्ध्र्वम्भूभुजो[7] भविष्यन्ति तैरप्येते धर्माधिकारोपयोगपरितोषकृताः प्रसादविशे-
२०. षाः स्वकृता इव मन्यमानैरस्माभिर्यथानुपाल्यन्ते तथैवानुपालनीया इति प्रति-
२१. मानना[8] संवत् ६५ फाल्गुनशुक्लद्वितीयायाम् दूतकश्चात्र श्रीयुवराज श्रीधरगुप्तः

[नोलीद्वारा ६२ संख्याको रूपमा यो छापिएको छ । यसको पाठ रुजु गर्न जाँदा ादनेशराज पन्तबाट मद्दत पाएको छु । ]

---

१. नोलीको पाठ– स्थापनोत्सवोप–भहर्षाभिनम्रश्रीमानचरण–गुणो
२. नोलीको पाठ– नृ ङ्मरिग्राम । ३. ···व्य–न्य···विचारणाय···धिकरण
४. नोलीको पाठ– ···वतो ये–वि–ङ्कर–। ५. ···दि···द्रव्येणैव
६. नोलीको पाठ– ···देभ्यो
७. नोलीको पाठ– भूपा । ८. –पालना

## नक्साल नारायणचौरको अभिलेख

[ १ देखि ९ पङ्क्तिसम्म पढ्न नसकिने ]

१०. ... ... ... ... पञ्च ...
११. ... ... श्रवद ... ...
१२. ... ... ... ... मडुवे ...
१३. ... ... ... धिकरण–ि र–
१४. ... ... ... दान...प्रयग ...
१५. ... ... दा ...ि...नि ... ि...
१६. क्ष–र्य ... स्य ... ... सं ...
१७. –प्र ... :प–ह ... शि ... ते ...
१८. त्र यथायुक्तविचारणीय[1]–रणग ... दि ि ... तत ... दौ
१९. वारिकैर्यथायुक्तविचारणीय[2]...दश पण (पु)राणा...मध्यकह–नि श्री-पूर्व्वाधिकरणस्य देया[3]
२०. य...वप...पुत्रककार्येण श्री(पश्चि)माधिकरणस्य[4] श्रीपूर्व्वाधिकरणस्य दक्षिणगत...
२१. करणस्य...चरण...पुरो दौवारिकेणापि यथाशास्त्रानुगतं विचारणीयं[5]...
२२. क...णौन... ... ...भट्टाधिकारप्रभृतीनां सर्व्वाधिकाराणामप्रवेश[6]-
२३. सीमनि समुपस्थितकार्याणां स्थान...कार्याणां च स्वयं पाञ्चालिकाना-मेव न्यायावलोकनप[7]-
२४. न–र्यकात्परि–ि र्या कुस... ... रि... ...हारे–पणे प...
२५. कोदोलने पणपुराणाः पञ्च। [8]निबन्धलंघने पणपुराणचतुष्टयम् । साक्षिनिर्देशे[9] पणपुराण

---

नोलीको पाठ— १. त्रयं वायुक्त विवारण २. । ... ... ... ३. । ... ... ...
४. ...कार्येण श्री... । ५. सुरोदौवारिकेणापि यथाशास्त्रानुगत···
६. भट्टा–अधिकारप्रभृतीना...धिकरण... ।
७. सी– रि...प्रज्ञान... ... ... ...कार्याणां... ...स्त...
८. ... । नि–क्षले–ङ्ग ९. सो. ि. ि नि...

२६. द्वयं सार्द्धं । मुद्रयाप्युद्गारे विंशतिपणाश्चात्रोपस्थितसाक्षिणां दण्डः पणशतचतुष्टयम्लिखित[1]

२७. भावने[2] पणशतम् । संप्रतिपत्तौ पणपुराणाः सद्विपणाः[3] । प्री–वणे पणपुराणाः पञ्चवि[4]

२८. शतिः । अयक्षिकाङ्क्षा दशपणपुराणाः सार्द्धं च उत्तमकाये । मध्यमावरकायेषु च षट्[5] पणपुराणाः

२९. सद्विपणाः[6] सपणं पणपुराणत्रयमिति निर्णिणक्तव्यवहारभग्नस्य[7] सपणं पुराणशतं पञ्चा...

३०. श्चविंशतिश्च पणपुराणाः कल्पितो[8] दण्डः । व्यवहारपरिनिष्ठितजातं द्रव्यस्य षड्भागं[9] पाञ्चालिकानां दातव्यं

३१. यस्तु द्रव्यं न प्रयच्छेत्स्वस्थानवास्तव्यस्यान्यस्थानीयस्य च धारणकस्यात्रैव रोधोपरोधो भवेत् । यस्तु कुट्

३२. ष्टमिति[10] कार्यमस्य ततो रोगमाचौ दौवारिकस्यावेदनीयं तेनापि श्रीमत्पादीयान्तरासनकरणे[11] यथा

३३. मासं रोपणीयः । सगर्भनारीमरणे पणशतमेकम् । आत्मघातकानां–च्छिष्टदत्ताषकलहमरणे[12].

३४. दौवारिकस्यावेद्यं मृतशोधनम् । तदर्थमागतस्य तस्य सद्विपणाः षट् पणपुराणा देयाः । सक्षतगोरूपवि–

३५. नाशे[13] सपणपुराणत्रयं यथाधिकारिणां देयं । प्रासादरथचित्त्रणे सिन्द्रिरदौवारिकस्याशीतिः पण

---

नोलीको पाठ— १. देयं सार्द्धं । मू द्रयांघद्ग–विंशतिपणा वेत्रोपस्थितसाक्षिणां दत्ताः पणशत-चतुष्टयम्लिखि...
२. ना–श । ३. ...दि –णाः । ४. प... । ५. काये...प्र . ा । ६ सति पणाः स...
७. निर्णिणक्षव्यवहारभागस्य ग–ण–ण–भवेच्च । ८. –ि . ा द . ाः ।
९. जपग्रपाञ्चालिकेन दातव्यं । १०. कु...मिति । ११. श्रीमत्पाद्दियाकरासनकरणे
१२. आत्माघातकानाठच्छिषट्टुत्ताषकण–मरणे । १३. सक्तगोरूपनिवासे ।

३६. पुराणा देयाः। रथोत्तोलने प्रासादसंस्कारे च सर्व्वपरिच्छदने[1] प्रतिवर्षं वेत्रदौवारिकस्याशीतिः पण-

३७. पुराणाः । एवञ्चेलकरस्य च षट् पणपुराणाः सद्विपणाः । २२ घटिका क्रये दौवारिकेण पञ्चभिः

३८. पणपुराणै देया। मण्डपीयात्रायां[2] शाञ्चलपट्टयुगमुत्तमञ्च पञ्चाभरणकम्। प्रतिवर्षं [3]स्थानदौवा-

३९. रिकस्य पणपुराणसहस्रमेकं [4]पाञ्चालिकैर्देयम् । ताम्रकुट्टशाला । मानेश्वर । शाम्भपुर । ह्यम्प्रिग ।

४०. पुठम्प्रिङ्ग । जमयम्बी पुंदट्टग्रामाणां द्रङ्गत्वमात्रमेव प्रसादीकृतमत्र शिलापट्टकोत्कीर्ण्णाः[5] श्रीस

४१. (ङ्गादि)प्रसादविशेषाः समादिष्टा इति। परिगतार्थैर्यथोपरिलिखितनियोगाधिकृतैस्तदधि-

४२. (कारिभिः) स्वव्यापारव्यपदेशेन मनसापि प्रसादातिक्रमसाहसाध्यवसायो न कर्तव्य इत्यादि ज्ञा-

४३. (त्वा येन्य)थाकारिणस्तेषामतिदारुणं दण्डं पातयिष्यामो भाविभिरपि नराधिनाथैः पूर्व्वनृपकृ-

४४. तप्रसादपालनपरैः प्रजाप्रमोददानज्ञैस्सुतरां न मर्षणीयास्तथा च पालनानुशन्सा श्रू-

४५. यते। ये शीतांशुकरावदातचरिताः सम्यक्प्रजापालने नो जिह्माः प्रथमावनीश्वरकृतां रक्षन्ति धर्म्यां स्थितिम्

४६. तेवज्ञाविजितारिचक्ररुचिरां संभुज्य राज्यश्रियं नाके शक्रसमानमानविभवास्तिष्ठन्ति धन्याश्चिरम्[6] । सोमा

४७. चास्य स्थानस्योत्तरपूर्व्वस्यां दिशि अजिकाविहारपूर्व्वद्वाराद्र—ङ्कुण्ठको ततो दक्षिणाभिमुखेन महापथानु-

---

नोलीको पाठ—१. सर्व्वपरिस्नपने । २. मण्डपा या वा याशाञ्चेल— । ३. मानदौवारिकस्य ४. पाञ्चालिके देयम् । ५. शिलापट्टको—र्. ६. स्थिरम्

४८. सृत्य मणिनागाट्टिकस्योत्तरतो बृहद्ग्रामं यावत् ततोत्तरपश्चिमाभिमुखेन वलसोक्षिदेवकुलस्य दक्षि-

४९. णा तिरश्ची अनुसृत्य वोद्दविषय अरघट्टस्योत्तरेण माशानुसृत्य पश्चि-(मा)भिमुखेन लंखुलंउट्टणे ततस्ता-

५०. –ट्टणकमनुसृत्य नडपटावाटिकामनुसृत्य पश्चिमाभिमुखेन महाप्रतिहा-रस्य गृहमण्डलस्य द-

५१. क्षिणस्य कण्ठानुसारेण महारथ्यायां स्तम्भितशिला ततस्तेन रथ्यामू लस्य यद्द्वारं प्रविश्य पूर्व्वगृहोत्तरा-

५२. र्धभागमाक्रम्य दक्षिणगृहाग्रतः पश्चिममनुसृत्य द्वारगृहमण्डलं प्रविश्य दक्षिणगृहमादाय पश्चिमक-

५३. च्छं लङ्घयित्वा यावोग्राममध्येन तवेचेखानुसारेण पश्चिमाभिमुखेन मार्गस्ततस्तन्मार्गेण उत्तरामुखा-

५४. नुसारेण छूमकुटी[१]मार्गस्ततः पश्चिमाभिमुखेन परिक्रम्योत्तरामुखमनु-सृत्य पोन्दिमण्डपिकासमी-

५५. पेन उडगेहुशस्ततस्तनपश्चिममवतीर्य ताम्रकुट्टशालागमनमार्गानुसारेण जप्तिखूसंक्रमाभिमुखेन

५६. ताम्रकुट्टशालालखमकस्ततोत्तराभिमुखेन मानेश्वरराजाङ्गणालीदक्षिणेन प्रेक्षणमण्डपीपृष्ठतः पूर्व्वो-

५७. त्तरं गत्वा पूर्व्वद्वारेण प्रविश्य राजाङ्गणमध्येन पश्चिमद्वारेण...त्तरं गत्वा प्रवर्द्धमानेश्वरस्याग्रतः

५८. पश्चिममार्गमनुसृत्य यावत्वोत्तरिनोकारितप्रणाल्यग्रतः–ति–य मस्ता तद्दक्षिणेन साम्बपुर-

५९. वाटिका(या)श्चार्धं ततः···मार्गस्योत्तल्याः पश्चिम(म)नुसृत्य···दक्षिण मनुसृत्य दक्षिण-

६०. गामो पश्चिमद्वारेण ··· जोववर्म्मविहारस्य[२] दक्षिण–हद्वाटिकाया दक्षिणाली

नोलीको पाठ–१. कुमुद्वती । २. जातववतमविहारस्य ।

६१. पश्चिमा… (तिल) मक्रादुत्तरपश्चिमेन……मनुसृत्य कम्प्रोयम्बी

६२. मार्गेणोत्तर - - १भट्टारकप्रतिबद्धक्षेत्रखण्ड… …विहारभूमेः प

६३. श्चिमाल्यावतीर्य२– –बृहन्नदीमध्यानुसारेण…मान-नतिभिर्हुंडखूमध्या

६४. दुत्तरमनुसृत्य३–दीपेका–ततो दक्षिणमार्ग…ग्रामगामी मार्ग

६५. स्ततो……थ मार्गानुसारेण विङ्वोचामण्डपिपश्चिमे४ यकुस्ततो… स्वामिकार्त्ति५

६६. क…करगोष्ठिभूमेः पूर्व्वतः तत्रैव सप्तमीगोष्ठिभूमेः पू (र्व)…विहारभूमेः

६७. पश्चिमालोमा…६रपाश्चालिभूमेश्च पूर्व्वाली ततोनुसारेण श्रीतुकाण… पूर्व्वालो ततो७

६८. नुसारेण तैत्तिरीशाखागोष्ठिभूमेः८ पश्चिमाली ततोनुसारेण पा–कुशि…मार्गदक्षिणा

६९. नुसारेण अष्टा…गर्त्तमेगस्ततः पूर्व्वानुसारेण कङ्कावत्तिखा९ ततोनुसा…

७०. …मार्गस्ततो नदीं प्रलंघ्य१० वातकुटीपूर्व्वपङ्कुटी प्रविश्य सर…परि…

७१. सारेण सामन्त…गोष्ठिभूमेः पूर्व्वालीतिलमक११… …

७२. पूर्व्वाली ततो१२… … … … …

७३. –नुसारेण प१३… … … … …

[यो अभिलेख लेभीद्वारा २१ संख्याको रूपमा, नोलीद्वारा ८३ संख्याको रूपमा छापिएको छ । हाल यो अभिलेख 'नेपाल म्यूजियम' मा लगी राखिएको छ । यसको पाठ रुजु गर्न जाँदा दिनेशराज पन्तबाट मद्दत पाएको छु ।]

---

नोलीको पाठ– १.…रकप्रतिवर्धस्तत्र कुश्चो । २. ……नदीमध्य । ३.… … ।
४. …नुसारेपि । ५.… । ६.… माली…र प्रमालीभूमेश्च । ७.… …
८. … ॅ तुरीस…गोष्ठीभूमेर्या . ि माली तदनुसारेण…
९. त्तमा…अप्र…र्त्त–ग…पूर्व्वानुसारेण च–आवती…
१०. नदी पल्ल–त्रातं–दिपूर्व्वप . ि . ी ……
११. … … … प्ति…पूर्व्व…विल… …
१२. … … … । १३. … …

# भक्तपुरका मल्ल राजासंग सम्बन्ध राख्ने धरःपौ (लगत)का केही ऐतिहासिक सारांश

**–शङ्करमान राजवंशी**

कवि श्रीसिद्धिचरण श्रेष्ठज्यूसंग रहेको यस धलपौको केही नमूनासहित परिचय पूर्णिमा १३ अङ्कका ८--१५ पृष्ठमा दिइसकेको छ। विस्तृत रूपमा लेखिएका विवरणबाट प्रायः विधिविधान तथा सरसामानका विवरणलाई छोडी ऐतिहासिक घटनालाई बुझाउने केही भागको सारांश यस अङ्कमा दिएको छ। मूल पुस्तकसंग भिडाई हेर्न सजिलो होस् भन्नाको लागि मूल पुस्तकको पत्रको क्रमले नै सारांश यहाँ दिइएको छ। यहाँ वि. सं. १७१६ देखि १७३६ सम्मका भक्तपुरका राजा तथा राजपरिवारविषयका कुरा परेका छन्। तिनमा अलिकता जगत्प्रकाश मल्लका पालाका र अरू जितामित्र मल्लका पालाका कुरा परेका छन्।

वि. सं. १७२९ मार्ग २९ गते बिफरले जगत्प्रकाश मल्लको मृत्यु भएपछि जितामित्र मल्ल राजा भए❁। त्यही वर्ष माघ ७ गते यिनले बनाएको महाभारत नाच नचाइयो। यिनले गरेको बाबुको बरखीको विधिविधान विस्तृत रूपले यस धलपौमा लेखिएको छ। त्यसबाट मल्लकालमा राजाको मृत्यु हुँदा गरिने विधान तथा त्यस वेला दुनियाँले गर्नुपर्ने काम थाहा पाइन्छ। मल्लराजदरबारमा विशेष काम पर्दा दुनियाँबाट कर उठाइन्थ्यो भन्ने कुरा पनि यस धलपौबाट थाहा पाइन्छ। सो कुराको चर्चा पूर्णिमा १३ अङ्कमा पनि गरिसकेको छ। एउटै किसिमको काममा पनि दुनियाँबाट कर उठाउने र नउठाउने कुरा राजाको इच्छामा निर्भर रहन्थ्यो भन्ने बुझिन्छ। जगत्प्रकाश मल्लले वि. सं. १७१६ मा दीक्षा सुन्दा दुनियाँबाट कर उठाएका थिएनन्। तर जितामित्र मल्लले वि. सं. १७३३ मा भाइ उग्र मल्लसहित भई दीक्षा सुन्दा✿ दुनियाँबाट कर उठाएका थिए।

---

❁ पूर्णिमा ६ अङ्कको ३७ पृष्ठमा पनि यो कुरा परेको छ।

✿ पूर्णिमा १ अङ्कको २२ पृष्ठमा धनेश्वर राजोपाध्यायसंग रहेको कागतको आधारमा जितामित्र मल्लले आश्विन शुक्ल दशमीको दिन दीक्षामन्त्र सुनेको कुरा लेखिएको छ। यस धलपौमा चाहिं ज्येष्ठ वदि अमावास्या सूर्यग्रहणमा जितामित्र मल्लहरूले दीक्षा सुनेको कुरा लेखिएको छ। अर्को ठ्यासफुमा पनि यसै दिन जितामित्र मल्लहरूले दीक्षा सुनेको उल्लेख पाइएको हुनाले 'धलपौ' को भनाइ नै शुद्ध देखिन्छ। पूर्णिमा १२ अङ्कका २५–२६ पृष्ठ हेर्नुहोस्।

जितामित्र मल्ल धार्मिक प्रकृतिका थिए । यिनी बराबर व्रत पूजा होम आदि गरिरहन्थे । यिनले वि. सं. १७३४ मार्ग कृष्ण नवमी (अमान्तमानले) पौष ९ गते§ आफ्नो जन्मोत्सव गर्दा हात्ती दान दिएका थिए । यिनलाई पौराणिक नाच नचाउने बडो सोख भएको बुझिन्छ । यिनले गौरीविवाहनाटक बनाई नचाएका थिए । भक्तपुरको एताचोक (हाल कुमारी चोक) यिनले बनाएका थिए❁ । वि. सं. १७३३ चैत्र २५ गते यिनले भैरवमन्दिरको तोरणको जीर्णोद्धार गरे । जगज्ज्योतिर्मल्लले बनाएको पोखरीलाई वि. सं. १७३४ माघ १९ गते यिनले रु. ६०००। खर्च लगाई जीर्णोद्धार गरी धूमधामसंग नाचगान गरी उत्सव मनाएका थिए । त्यस उत्सवमा कान्तिपुर तथा ललितपुरका राजालाई समेत निम्तो गएको थियो । कान्तिपुरका राजा नृपेन्द्र मल्ल तथा ललितपुरका राजा श्रीनिवास मल्ल आफ्ना आफ्ना सौगात लिई त्यस निम्तोमा सामेल भएका थिए‡ ।

त्यस धलपौमा पद्मावतीको पनि धेरै ठाउँमा उल्लेख आएको छ । पद्मावतीले अनन्तव्रत प्रतिष्ठा, अनन्तलिङ्गगृह प्रतिष्ठा, आदित्यव्रत प्रतिष्ठा, वामिकेश्वरमन्दिर प्रतिष्ठाहरू गरेको उल्लेख यसमा परेको छ । त्यस्तै भानुमतीलाई गुफा राखेको, घेवर ठाकुरको विवाह गरेको उल्लेख पनि यहाँ भएको छ । यसबाट मल्ल राजाहरूको गुफा राख्ने विवाह गर्ने तरीका तथा त्यसलाई सरसामग्री के कस्ता चाहिन्थे भन्ने कुरा थाहा पाइन्छ । पद्मावती भानुमती, घेवर ठाकुरको परिचयचाहिं यहाँ उल्लेख भएको छैन ।

इत्यादि मल्लकालका ऐतिहासिक कुराहरू थाहा पाइने हुनाले सो धलपौका सारांश प्रकाशित गर्नु आवश्यक हुँदा सो यहाँ दिदैछु । यसको अनुवाद तथा व्याख्या पछि दिइनेछ ।

## सारांश

"श्रीश्रीपद्मावतिदेविया अनन्तव्रत प्रतिथा याङाया धरत, थ्वतेन याङा ॥ थाय तवचपरिस ॥ दिन सम्वत् ७९५ भाद्रपद शुदी १५ ॥ (३७ पत्रबाट)

श्रीश्रीजयजितामित्रमल्लदेवं दयका माहाभारथ प्याखन ॥··· थ्वते माहाभारथ प्याषन सिरया भोजया थ्वते दयके मारको थुरी ॥ दिन सम्वत् ७९३ पौष वदि १२ थ्व कुह्ल याङा॥ शुभमस्तु सर्व्वदा (३८–४१ पत्रबाट)

कातिकव्रतया ॥ श्रीश्रीजयजितामित्रमल्लदेवन कात्तिकस माहादेवरकसिर थायाया, धरम याता दयके थुरे ॥···थ्वते कात्तिकव्रतया ॥ श्रीश्राजयजितामित्रमल्लन कातिकव्रत पतिथाया··· जोशि

§ जितामित्रको जन्मतिथि भक्तपुर तलेजुचोकको अभिलेखबाट पनि थाहा पाइन्छ । (अभिलेख-संग्रह ११ भागको ९–१० पृष्ठ हेर्नुहोस्) ।

❁ पूर्णिमा २ अङ्कका १५–१६ पृष्ठमा पनि यो कुरा परेको छ ।

‡ पूर्णिमा २ अङ्कका ११–१२ पृष्ठमा पनि यो कुरा परेको छ ।

त्यामखानि था १ ।। आचात क्यामखानि था १ ।। दखिना मोटं २५ थ्वते थिकन सकरे ता थुरे ।। माहादेव चोया ।। रुया तोरन तया ।। देवां बोया ।। तवपु दुवाल्याख पिकाया व छोयका नेपुं २।। चाकरमता छोयका मूलचुकस ।। माहादेव बोयाया ताचपरिस ।। होम याङा थाय मूरचुकस मंदप गोयाव याङा ।। होम याङा दिन जज्ञा याङा ।। बराम्हुन ब्रह्मभोज नका ह्मं १०० थ्वते थिकन ।। माहादेव वरक ६ ।। गनेसरक १ ।। सूजरक १ ।। नारायनरक १।। भवानिरक १ ।। थुसारक १ ।। थ्वते रक थामाङा ।। ।। दिन सम्वत् ७९६ कार्तिक शुदि १५ ।। थ्व दिनस याङा ।। भेतिङा भेया ता किकीस्वान दयका ।। शुभमस्तु सर्व्वदा ।। (४१–४३ पत्रबाट)

श्रीश्रीजयजितामित्रमल्लया जर्न्मदिन कुह्न ग्रहजज्ञ याङा ।।···थ्वते ग्रहजज्ञया ।। थाय भंदारखारया चपरिस याङा ।। सम्वत् ७९६ मार्गशिल वदि नवमि, थ्व कुह्न याङा ।। थान १ क्यामषानी होम याकह्मायाता बिया ।। शुभमस्तु सर्व्वदा (४३–४५ पत्रबाट)

श्रीश्रीजयजगप्रकाशमल्ल तवकछी पिदा जुयाव याङा ।। नवलत्न दयकाव ग्रहदान याङा सा सरा चोलस नवग्रह दान बिया ।। घेर फं ३२ लु लति ८१ गर्भ तयाव तुरा याङा ।। मोटं १ दक्षिना बिया ।। न्या फं ३२ तुरा याङा ।। मोटं १ दक्षिना बिया ।। सरा ह्म १ दान बिया ।। मोटं १ दक्षिना बिया सरा ह्मं १ श्रीश्रीश्रीतरेजुस्ता दुता वुरो ४ ।। वुरो ४ दान बिया ।। हामर फं ५ लुं मंस २× गर्भ तयाव दान बिया ।। मोटं १ दक्षिना बिया ।। गोरद्ध चाकु फं ३२ लु मंस २× गर्भ तयाव दान बिया ।। मोटं १ दक्षिना बिया ।। छोह्मं १६ लु मंस २× गर्भ तयाव दान बिया ।। मोटं १ दक्षिना बिया ।। एका फं ४ लु मंस २× गर्भस तयाव दान बिया ।। मोटं १ दक्षिना बिया । पुवाके फं १६ दान बिया ।। मोटं १ दक्षिना बिया पुवाके फं ४ ओहोन चन्द्रबिम्व तोरा ८ दान बिया ।। मोटं १ दक्षिना बिया ।। मेस ह्मं १ मुर मोटं ३० दान बिया ।। सा ह्म १० ङचाङाव दान बिया ।। सा ह्म १० दान बिया वालन ।। जोगिनीविजयप्राठ याङा वरि बिया ।। ।। शनिश्चर पाठ याङा वरि बिया ।। पाथिपूजा गुह्मासेन ९ याङा ।। सप्तसतिपाठ गुह्मासेन ९ याङा ।। सोथान वरि बिया ।। ।। थ्वते याङा ।। ।। श्रीश्रीजगतप्रकाशमल्ल जुजुया तवकछि पिला जुव दिन ।। सम्वत् ७९३ मार्गसिर शुदि ५ ।। थ्वते याङा ।। थाय तवचपरिया याताचपरिस याङा जुरो ।। ।। शुभमस्तु । (४५–४६ पत्रबाट)

जयजगतप्रकाशमल्ल तवकछिन पिदा जुयाव मोक दिन ।। सम्वत् ७९३ मार्गसिर वदी ५ दिन थुकुह्न ।। वयतिनि बिया ।।···थ्वते वयतिनी बिया ।। अभाग जुकुह्न आचा तया ।।··· थ्वते अभाग जुकुह्न आचा तया ।। परानस हाने ।।······थ्वते पराङया दयके ।। ।। ह्न रछे भोन दुखेव जोनिव ।। १ ।। पराङ यातया ता ।। द्दवजुगि ।। नायवाजन ।। काहार ।। प्वगा ।। ।। मरवस्तजो १२ ।। खाता ।। रिवा ।। देरासा ।। फुगा ।। फागा ।। त्वाक दीवापु १ ।। ताहार प्वगा २ ।। क्वरचेकन खवरा ।। द्व वाता ।। द्वताहारप्व ।।··· ···थ्वते पराङ यातया ।। ········ थ्वते अस्ति सेर कुह्न या ता ······ थ्वते ङानिमाया ता ········ थ्वते मखास्ति हिय ······थ्वते दुख बेनेकेया ता······थ्वते रा स्वयया ता······थ्वते कर्ताहाया ता बिया तुक ··· थ्वते एकादसाया ता ······ थ्वते तिनिया ता ······ थ्वते गोविबाया ता ······ थ्वते

अप्व दुतेया ता …… थ्वते रत्याया ता …… थ्वते सेल्हासनया ता तुक …… थ्वते आचातेया रत्याया ता …… थ्वते भादिरया ता …… थ्वते सुवारया ता …… थ्वते वाह्नन सुवारया ता …… थ्वते राजन दयके ॥ सेवाकु रत्याया ॥ थ्वते साङाया …… थ्वते चक्वाठया …… थ्वते भोतया …… थ्वते पनातिया …… थ्वते नाराया …… थ्वते नकदेशया …… थ्वते थेमिया …… थ्वते खनपुया …… थ्वते धरिखेरया …… थ्वते बुदेया …… थ्वते षुरा याये दथया ……थ्वते दाकिल्याया ता……थाय भोजनका थाय अखार याया तास ॥ दिन सम्वत् ७९४ मार्गसिर वदी पंचमि कुन्हु दाकिल्याया दीन थ्व कुन्हु ॥ ॥ शुभमस्तु सर्व्वदा ॥ (४६–५६ पत्रबाट)

श्रीश्रीजयजगतप्रकासमल्लजुया दिख्याबिथा भूजग्रास याङ ॥ ……थ्वते पेन्हु कुन्हुया……थ्वते दिख्याया महनिन……थ्वते खङ्गयात्राया……थ्वते यिकुप्याखनया चाह्नस याता ॥ थ्वते ईकुन प्याखन ह्लीनस चाह्नस यातापूजा छाय थ्वते ॥ ॥ सम्वत् ७८० फागुन शुदि ९ ॥ पूजा छाया थाय गावचाक्वस ॥ शुभ (५६–५९ पत्रबाट)

श्रीश्रीपद्मावतिदेवीया अहोराति जज्ञया नरिचुयाया दके थ्वते ॥……थ्वते अन्तव्रत पतिथाया अहोरात जज्ञया नरिचुयाया पद्मावतिदेवीया थ्वते समास्तं ॥ सम्वत् ७९६ फागुर्न्न शुदि १५ ॥ दिन कुन्हुया याङा ॥ शुभमस्तु सर्व्वदा (५९ पत्रबाट)

अथ श्रीश्रीजयजितामित्रमल्लदेवजुजुन यिकुन प्याखनया पूजा छायाया ॥ …… देवला स्वयाव ह्यास वाजन दयकाव परमान चोक्वठ भदारि उपाध्य। आचात जोशि धंङाव देव ह्या ॥ ॥ सम्वत् ७९६ फागुन वदि १ पादु कुन्हु पूजा छाया दीन ॥ ॥ थाय गावचा क्वस याङा ॥ थ्वते श्रीश्रीजयजितामित्रमल्लन यिकुनप्यानपूजा छाया थ्वते समाप्त ॥ (५९–६० पत्रबाट)

श्रीश्रीभानुमतिदेवी बाधा चोङ्या दयके मारको ॥……श्रीश्रीउग्रमल्ल जुजुया ता……दिन थ्वकुन्हु सम्वत् ७९६ फागुन शुदी ११ ॥ थाय भंदारखार याय ताचपरिस जज्ञ याङ थाय बाधाव तया थाय सिधरखेको थास तया ॥ थ्वते श्रीश्रीभानुमतिदेवी बाधा चोङ्या थ्वते समाप्त (६०–६१ पत्रबाट)

श्रीश्रीपद्मावतिदेवीन अन्तलिंगगृह प्रतिथा याङा ॥……थ्वते अनन्तरिंगगृह प्रतिथा याङाया ॥ थाय अनन्तरिंगस याङा ॥ सम्वत् ७९६ फागुन सुदी ४ थुकुन्हु याङा ॥ (६१–६२ पत्रबाट)

श्रीश्रीश्रीभैरवजुस्के टोरन तया ॥ श्रीश्रीजयजितामित्रमल्लन जीनउधार याङाया थ्वतेन याङा ॥……थ्वते भैरवया टोरन जि उधारया थ्वते ॥ आचा तया मारकोन याङा ॥ थाय देवया छेस याङा ॥ ॥ दीन सम्वत् ७९६ चैत्र वदी ४ थ्व कुन्हु याङा ॥ शुभमस्तु सर्व्वदा (६२–६३ पत्रबाट)

श्रीश्रीजगतज्जोतिमल्लजुया पुखुरि मशिर मन्दप परि जिर्न्न उधार याङा श्री २ जयजितामित्रमल्लन याङा ॥……थ्वते पुखुर जिन उधार याङाया गरप तयाया थ्वते ॥ याङा थाय पुखुरया फेरया उतरस याङा ॥ दिन सम्वत् ७९६ ज्येष्ठ शुदि १० थ्व कुन्हु याङा ॥ (६३–६४ पत्रबाट)

श्रीश्रीजयजितामित्रमल्लन एताया थाम हेरा रोहोन वाचिङा लोहोखाता तया ॥……थ्वते एताया थाम हेराया करेस पूजा याचका आचातया मारको याङा थ्वते ॥ थाय एताया चपरिस याङा ॥ दीन सम्वत् ७९६ ज्येष्ठवदि ८ थ्वकुह्न याङा ॥ (६४–६५ पत्रबाट)

श्री २ घेरवथाकुरजुया एहेया धरत ॥…थ्वते श्री २ घेरवथाकुरया एहीया थ्वते ॥ एहा याङा थाय सरासिमल्लया चुकस याङा ॥ सम्वत् ७९७ वैशाखशुदि ३ दीन थ्वकुन्हु ॥ (६५–६७ पत्रबाट)

श्रीश्रीजयजितामित्रमल्ल ॥ श्रीश्रीजयउग्रमल्ल नेह्मं उभयस दिख्याया धरत ॥……थ्वते दिन भिंकुन्हु छाया ॥……थ्वते पिथिपूजाया ता ॥ मुरचुकया लुया विलिपति झ्यार श्रीरह्नि सेरका दक्व सकताङ ॥ दुवने माक्व सेरका ॥ मुरचुकया चोज्या मारको याचका ॥ ताकनपाया ॥ ॥ अधिवास नङ्ङ थुकुन्हु गेरक्वसं दिख्या मोटङ लुसिपाङाव स्नान याङाव वस्त्र हेराव एकभक्तन चोने ॥ थ्वते अधिवासङङ थुकुन्हुया अधिवासन कुन्हुया ता……थ्वते ग्रहनदिख्या कुन्हुया ता……थ्वते चतुथिकुह्न या ता…थ्वते दुगु चतुथिकुन्हुया दुगु थ्वते ॥ (६७–७५ पत्रबाट)

(जितामित्रहरूले दीक्षा लिदा कर उठाएको विवरण 'पूर्णिमा' १३ अङ्कका २३–२४ पृष्ठमा प्रकाशित भइसकेको हुनाले यहाँ दिइएको छैन)

दिख्या विया श्रीश्रीजयजितामित्रमल्ल, श्रीश्रीउग्रमल्ल, वंशिधर जोशि, थ्व स्वाह्मायाता दिख्या विया ॥ गुरु श्रीधर्म्मंजु उपाध्यान विरा ॥ दिख्याया दिन सम्वत् ७९६ ज्येष्ठवदी अमावासी सूर्जग्रास माहापर्व्वकुन्हु दिख्या विया जुरो ॥ शुभमस्तु ॥ (७१ पत्रबाट)

श्री ३ तरजुस्के श्री २ जयजितामित्रमल्लन लुया थिलान तया ॥……श्री २ जयजितामित्रमल्ल जुजुसन श्री ३तरेजुस्के लुया थिरान तयाया थ्वते ॥ तया दिन सम्वत् ७९७ ज्येष्ठशुदी दशमि वृहपतिवार कुन्हु तया दिन ॥ (८२–८३ पत्रबाट)

चन्द्रावति पद्मावति देविया आदित्यव्रत प्रतिष्ठा धुनकाया धरत ॥……चन्द्रावति देवि पद्मावति देवि नेह्माया आदित्यवार धरम धूनका थाय तवचपरिस ॥ धुनका दिन सम्वत् ७९७ वैशाख वदि रविशतमि कुन्हु धुनका दिन ॥ ॥ (८३–८४ पत्रबाट)

पनातिया श्री ३ यातादेव भुशकोर सुङाव बाङाव अंगु ५ थ्वते कोहावाङ थ्वन चान्हुङ्या षसु स्वाङाव तय परचुयाव यङ, थ्वते उपद्रव जुयाव सास्ति वरि वियका ॥……पूजा याक पनातिया आचात ॥ देवकोर सुङवाङ दिङ सम्वत् ७९७ आषाढशुदि ७॥ थ्वन पेह्न कुन्ह्न पूजा सास्ति वरिविया जुरो ॥ (८४–८५ पत्रबाट)

श्री २जयजितामित्रमल्लन दथुवाहार तेरा ॥ वलिवियाया धरत ॥………दिनसम्वत् ७९७ भाद्रपदशुदि १ थ्व कुन्हु याङा जुरो ॥ भैरजुके पूजाया धरत ॥……दिन सम्वत् ७९७ भाद्रपदशुदि १ थ्वकुह्न पूजा दिन ॥ (८५–८७ पत्रबाट)

श्रीश्रीजयजितामित्रमल्लन एताया छे दाङाव ॥ गृहपवेया धरत ॥……थ्वते एतागृहपवेशया भोजया दिन सम्वत् ७९७ भाद्रपदशुदि २थ्वकुन्हु याङा जुरो ॥ शुभं ॥ (८७–८९ पत्रबाट)

श्रीश्रीसुमतिजितामित्रमल्लन दयका गौरिविवाहा प्याख दयका घाघरसि तया ॥……थ्वते घाघरसि तया ॥……थ्वते कुहूनसी तया ता ॥……अथ मुरशि तया ता ॥…प्याखन पीदाङ दिन सम्वत् ७९७ कात्तिक वदि १५॥ घाघरसित दिनसम्वत् ७९७ कात्तिकवदि ६स्वमवार ॥ करुन सिय दिन सम्वत् ७९७ कार्तिकवदि नवमि वृहस्पतिवार थ्वकुन्हु करुनसित ॥ ॥ मुरसित दिन सम्वत् ७९७ कार्तिक वदि एकादसि आदित्यवार कुन्हु मुरसित ॥ (८९–९२ पत्रबाट)

श्रीश्रीसुमति जयजितामित्रमल्लदेव जुजुशन किसिदान विया जर्म्मदिन कुन्हु विया ॥…… किसिदान विया थायपार ध्वाखास विया थाय ॥……श्रीधर्म्मंजु उपाध्या ॥……शिवहरि॥…… हरदेव……देविदास ……ल्हङवा ॥ ॥ श्रीचन्द्रसेखरमोटं १ दक्षिणा ॥ तोपु रामभाजु शुकि १ ॥……गगाधरशुकि १ दक्षिना ॥ भायराम शुकि १ दक्षिणा ॥……दिनसम्वत् ७९८ मार्गसिरवदि नवमी ॥ (९२–९३ पत्रबाट)

श्रीश्रीसुमतिजयजितामित्रमल्लदेवसन पुखुर जिनोधार याङा धरथ ॥………यराजुजुया ताकुथ ॥ थाय पारुया छे ॥……थ्वते यराया कुथ ॥ यंया ताकुथ थाङा ॥ थाय पुरवाहारस वासएङ ॥…यराया प्याखनया ताकुथ ॥ थाय तवमिया रुद्रसिया छे ॥……थ्वतेराया प्याखन ॥ थाय तवमिय दातेह्माया छे ॥……यंया प्याखनया ताकुथ थाङा ॥……यरा जुजुयाता वास विया थाय राजकुरस ॥……यराया ब्राह्मन सुवाल ॥ थाय यिति रिविस ॥……यंया ब्राह्मन सुवार ॥ थाय संङा वाहारस ॥… (९४–९९ पत्रबाट)

दाम थया खप्वसं गामस थया ल्याख ॥ मोटं ११० भोटस ॥ मोटं ११०० पनातिस ॥ मोटं १००० नारास ॥ मोटं ६०० साङास ॥ मोटं ७०० धरिक्षरस ॥ मोटं ३०० खनपुस ॥ मोटं १५०, चोक्वठस ॥ मोटं २२०० थेमिस ॥ मोटं ९०० बुदेया ॥ मोटं ३०० नकदेशस ॥ मोटं १२००, धखा ॥ मोटं ८०० छेभादिर ॥ मोटं ६० बुहिवधखा ॥ मोटं ४० करमिनायक ॥ थ्वते खप्वस गामस दाम थया ॥……

श्रीश्रीनिवासमल्लया ताताया ॥ लुतोरा १ द्रमो २२ ॥ मोटं ४० दस्पति ॥ कस्तुवेङ १ मुरमो ३ ॥ ताकापोर १ मुरपो ७ ॥ देवाङ आसननो १ मुमो ४ ॥ परिपु १ मुमो २ ॥ मोकशिरता ३० ॥ सेसाता ८॥…

श्री २ नृपेन्द्र ॥ लुतो १ द्रमो २२ मुर ॥ मोटं ४० दस्पति ॥ कस्तुवेङ मुमो ३ ॥ ताकापोरमो ७ ॥ देवाङनो १ आसनमो ४ ॥ मोकसिरता ३० ॥ सेसा ता ८ ॥……

श्री २ पाथिवेन्द्रमल्ल ॥ मोटं ३२ दस्पति ॥ कस्तुरवेङ मो ३ ॥ नो २ देवाङा दस्पति आसन ॥ परिपु १ मो २ ॥……

श्री २ महिपतिन्द्र ॥ मोटं ३२ दस्पति ॥ कस्तुरवेन मो २× ॥ देवाङ नं २ दस्पति ॥ आसन परिपु १ मो ६ ॥ मोकसिरता ३०॥ सेसा ता ८……मो ४० यराय प्याखन ता ६ मोकसिर ॥ मो ४० ता ६ मोकसिर, याया प्याषन ॥ मो १६ खप्वया प्याखन जुजु ॥ मो ६ थोछेया प्याखन ॥ मो ६ ग्वरमाधेया प्याखन ॥ मो ४ थेमिया प्याखन ॥ मो ६ एराया गामया

प्याखन ।। मो ४ कुह्मरप्याखन भोत्या ।। मो ४ दयितप्याखन थेमिया ।। मो २ पंचतार वहिरया ।। ······पुखुरह्लोङास तुक मोटं ६००० ।। गजुरछा वाशिक तया रूपोर तया मसिरं परिफरे ह्लोङा जुरो श्रीश्रीसुमति जय जितामित्रमल्लन ह्लोङ जुरो ।। ।। पतिथा दिन सम्वत् ७९८ माघशुदि श्रीपंचमि कुह्न याङा जुरो ।। (१०४-१०६ पत्रबाट)

थथुवाहार श्रीश्रीसुमतिजयजितामित्रमल्ल जुजुन दुकायाव गृहप्रवेस याङाया धरत ।।···थ्वते थथुवाहारयृहप्रवेस याङा दिन सम्वत् ७९८ आषाढशुदि १४ ।। ।। मोटं ३ दक्षिना (१०६-१०७ पत्रबाट)

श्रीश्रीसुमतिजयजितामित्रमल्ल जुजु छे दाङा ।। आषारया पुव पुखरि रिचायाङार्तन शिवरामया चुकया उत्तर तोगरकेवाया उत्तर पुच थ्वते दाङाव गृहप्रवेस याङाया धरत ।।··· ···पाथ सप्तसति· संहिता थ्वते व्रह्मन भोजना ८ जोरन ।।

गृहप्रवेस याता सेवकु ।। साङा ।। भाताकु ।। धरिभे ४ दुदुका १ ।। म्वाजफं ६ ।। तुसेकु १ लप्तेकु १ ।। ङा ३ ।। खेजग्व १४ ।।

भोटया ।। हेकु १।। रप्तेकु १।। धरिभेव ८।। म्वाचपु १२०।। फटसे ।। ङा ।। खेजग्व ३१।।
बुदे ।। भाता ।। म्वाचपु २० ।। लप्तेकु १।। ङाकु १।। खेजग्व २०।। फटसेकु १।।
नकदेश ।। भाता ।। तुसेकु १।। फतसेग्व २।। लप्तेकु १।। ङापु २।। खेजग्व ८।।
पनाति ।। ङा ६।। खेजग्वद २०।। लाफं ४।। तितरह्मं १।। म्वाचपु ३१।। फतसेग्व २।। हे ८।।
रप्तेकु १।।
धरिक्षर ।। खजग्व १२।। म्वाचफ ४।। रप्तेकु १।। फतसेकु २।। ।।
खनपु ।। म्वाचफं ४।। खेज ९ रप्तेकु १।। डुदुया ६।। ।।
थेमिया ।। तुसेकु २।। भाताकु २।। खेज १० ङा ४।। फतसेकु २।। हेकु १।। रप्तेकु २।।
नाराया ।। खेज २०।। रप्तेकु १।। चोक्वाथभदिरया ता मोटं ८।। ।।

गंगाधरयाता मोटं ९×।। ।। पद्मायाता मोटं १।। माधेता २ व्रह्मनयाता ।। मोटं १८ या एरा वाताया ता सुधान विया ।। थ्वते माधेया ता ।। मोकशिर ता ४ ।। मोटं १२ जयरत्न विया ।। ।। होम जोरनया ता मोटं ४ जयकृष्ण विया ।। ।। होम याङा थाय पुखुरचायाया ताचपरिस याङा ।। याङा दिन सम्वत् ७९८ आषाढ शुक्ल अस्तमि हस्त नक्षत्र कुन्हु गृहप्रतिष्ठा याङा जुरो ।। शुभं (१०७-११० पत्रबाट)

श्री ३ वारमिकेश्वरया देवया गजुरच्छाया धरथ ।। श्री २ पद्मावतिदेबिन ।।···सम्वत् ७९९ ज्येष्ठशुदि दशमि थ्वकुन्हु श्री २ पद्मावतिदेवीन श्री ३ वामीकेश्वरया देवरप्रतिस्था दिन जुरो ।।··· (११०-१११ पत्रबाट)

श्री २ पद्मावति देवी श्रीचन्द्रावति देवीया जन्माष्टमिव्रत एकादशिव्रत नेगुरिन याङ धुनका जुरो ।। धरत श्री ३ वामिकेश्वरया देवरप्रतिस्था याङा गुरि जोरनं धरतं दुगुरि जुरो ।। सं. ७९९ कार्तिक शुदि १२ थ्वकुन्हु दिन पतिभार २ नेगुरि दयका ।। (१११-११२ पत्रबाट)

(क्रमागत)

# ठ्यासफुको ऐतिहासिक व्याख्या

–गौतमवज्र वज्राचार्य

## भास्करमल्लको विवाह र दीक्षा

"ने. सं. ८२८ (वि. सं. १७६५) आषाढ शुक्ल दशमी बुधवार स्वातिनक्षत्र शिवयोग यस दिन❁ श्रीश्रीभास्करमल्ल राजाको विवाह भयो।…

[यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्कको ३१ पृ. ७–८ पङ्क्तिमा छ।]

"ने. सं. ८२८ (वि. सं. १७६५) भाद्र कृष्ण अमावास्याको दिन १० अङ्गुल सूर्यग्रहण लाग्यो। यस दिन श्रीश्रीभास्करमल्ल राजाले दीक्षा सुन्नुभयो। दीक्षागुरु श्रीविश्वम्भर उपाध्याय।

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३१ पृ. १४–१५ पङ्क्तिमा छ।)

भास्करमल्लको जन्म वि. सं. १७५३ कार्तिकमा भएको हो ★। यस कारण वि. सं. १७६५ मा उनको विवाह हुँदा उनी १२ वर्षका थिए भन्ने बुझिन्छ। मल्लकालमा यही उमेरमा बिहावारी हुन्थ्यो। नृपेन्द्र पार्थिवेन्द्र योगनरेन्द्र भूपालेन्द्रहरूको विवाह पनि १०, १२ वर्षकै उमेरमा भएको थियो§।

विवाह भएकै सालमा सूर्यग्रहणमा भास्कर मल्लले दीक्षा सुनेको उल्लेख यहाँ परेको छ। सूर्यग्रहणमा दीक्षा सुन्ने चलन बारे अघि नै चर्चा गरिसकेका छौं❀। यहाँ दीक्षा दिने गुरुको नाम विश्वम्भर उपाध्याय लेखिएको छ। यी विश्वम्भर उपाध्याय साधारण राजगुरु मात्र नभएर त्यस वेला राजकाजमा पनि शक्तिशाली पुरुषको रूपमा देखिएका छन्। यस कारण यस विषयमा केही कुरा लेख्नु आवश्यक छ।

---

❁ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८२८ वि. सं. (१७६५) आषाढ शुक्ल

| गते | | वार | तिथि | घ. प. | नक्षत्र घ. प. | योग घ. प. |
|---|---|---|---|---|---|---|
| आषाढ | १८ | बुध | दशमी | ४५। ४८ | स्वाति ६०। ० | शिव १७। ४० |

★ ऐतिहासिक– पत्रसंग्रह दोस्रो भागको ४७ पृ. हेर्नुहोस्।

§ पूर्णिमा १३ पूर्णाङ्क १९–२० पृ., १४ पूर्णाङ्क १३५–१३७ पृ. तथा ३ पूर्णाङ्कका ३९ पृ. हेर्नुहोस्।

❀ पूर्णिमा १३ पूर्णाङ्कका २२–२५ पृ. हेर्नुहोस्।

# विश्वम्भर उपाध्याय

वि.सं. १७५७ मा २१ वर्षको उमेरमा भूपालेन्द्रको मृत्यु भएपछि* उनका ४ वर्षका बालक छोरा भास्करमल्ल कान्तिपुरको राजगद्दीमा बसेका थिए। परन्तु भास्करमल्ल जुन वेला सानै उमेरका थिए, त्यस वेला पनि कान्तिपुरको स्थिति नेपालउपत्यकाका अरू राज्यभन्दा शक्तिशाली थियो । यो कुरा वि. सं. १७६० को भक्तपुरका राजा भूपतीन्द्रमल्लसँग कान्तिपुरले गरेको सन्धिपत्रबाट थाहा हुन्छ । त्यसमा ललितपुरलाई अंठ्याउन कान्तिपुर र भक्तपुरले मोर्चा बांध्ने कुरा मुख्य गरी परेको छ। राजा राजामा गुहार माग्दा कान्तिपुरलाई प्रमुख मान्ने, कान्तिपुरको अनुमति नलिईकन भक्तपुरले ललितपुरलाई बाटोघाटो नखोलिदिने आदि शर्त त्यसमा परेका छन्❁ ।

कान्तिपुरतर्फबाट विश्वम्भर उपाध्याय त्यस सन्धिपत्रमा साक्षी बसेका छन् । यताबाट यसवेला उनी कान्तिपुरमा शक्तिशाली पुरुष थिए भन्ने बुझिन्छ । वि. सं. १७४५ मा चौतारा लक्ष्मीनारायणले यिनलाई ठूलो घर दान दिएथे । यिनले भास्करमल्ललाई मात्र होइन उनका बाबु भूपालेन्द्रमल्ललाई पनि दीक्षामन्त्र सुनाएका थिए § ।

मछिन्द्रबहालमा रहेको एउटा शान्तिसफुमा विश्वम्भर उपाध्यायको उल्लेख पाइएको छ। त्यताबाट पनि हामी उनको राजदरबारमा कस्तो स्थिति थियो भन्ने कुरा बुझ्न सक्छौं । जस्तै—

"सम्वत् ८३३ ज्येष्ठ शुद्धि त्रयोदशी अंगारवार थ्वकुह्नु या चाह्नस श्री ३ जमरबाहारदेवया खओया दिष्टि हाकु झल्ये पतन जुया···जमरगंथिया वदेजुपनि ओङाओ विश्वम्भर उपाध्याजुयाके इनाप याङाओ राजकुर ओङाओ ख मारको धाओ. श्री ३ भास्करमल्ल माहाराजान सकतां राजान विस्यविज्यात,

[ने. सं. ८३३ (वि. सं १७७०) ज्येष्ठ शुक्ल त्रयोदशी मङ्गलवारको दिन⊙ राती श्री ३ जमलविहारदेव (सेतामत्स्येन्द्र नाथको) दायाँ आँखाको नानी······झरेको हुनाले मछिन्द्रबहालका बाँडाहरू मिली विश्वम्भर उपाध्यायसँग बिन्ति गरेर राजदरवारमा गएर भन्नुपर्ने सबै कुरा बताए। श्री ३ भास्करमल्ल महाराजाले सबै कुरा पुऱ्याइदिनुभयो ।]

यहाँ मछिन्द्रबहालका पुजारीहरूले शान्ति स्वस्ति गर्न विश्वम्भर उपाध्यायमार्फत राजाकहाँ बिन्ति चढाएको कुरा लेखिएको छ । यस वेला भास्करमल्ल १७ वर्षका भइसकेका थिए

* इतिहास–संशोधनको प्रमाण–प्रमेयका २२५–२८ पृष्ठ हेर्नुहोस् ।

❁ ऐतिहासिक पत्रसंग्रह दोस्रो भाग ४४–५० पृष्ठ हेर्नुहोस् ।

§ ऐतिहासिक पत्रसङ्ग्रह दोस्रो भागको ३९ पृ. हेर्नुहोस् ।

⊙ यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८३३ (वि. सं. १७७०) ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | २८ | मङ्गल | त्रयोदशी | ५५ । | ३६ |

तापनि विश्वम्भर उपाध्यायजुको बरबन्दोवस्तमा सबै धार्मिक कामकुरो हुन्थ्यो भन्ने कुरा यसबाट बुझिन्छ।

यसरी भूपालेन्द्रको समयदेखि भास्करमल्लको समयसम्म विश्वम्भर उपाध्याय कान्तिपुरका शक्तिशाली व्यक्ति भएर काम गरिरहेका थिए भन्ने बुझिन्छ ।

## –महीन्द्रमल्लको राज्याभिषेक–

÷ने. सं. ८२९ (वि. सं. १७६६)……चैत्रशुक्ल पूर्णिमाको दिन राती (बुधमल्ल) कुँवरका छोरा राजा (इन्द्रमल्ल)को मृत्यु भयो । भोलिपल्ट गोरखाबाट ल्याइएका योगनरेन्द्रमल्लका छोरा (महीन्द्रमल्ल) राता मछिन्द्रनाथको महास्नान गर्न राजा नभइनहुने हुनाले पाटनका भारदारहरूले बोलाएर ल्याई बाजा बजाई महास्नान गरियो। महीन्द्रमल्ललाई पाटनको राजदरवारमा राखियो । कान्तिपुरका राजमाता र राजा साँखुमा जात्रा हुनाले त्यतैबाट साँखु जानुभयो ।… …भक्तपुर एक्लो भयो ।

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३१ पृ. २८–३२ पङ्क्तिमा छ ।)

वि. सं. १७६६ चैत्रशुक्ल पूर्णिमाको रातमा इन्द्रमल्लको मृत्यु भएको र त्यसको भोलिपल्ट राता मछिन्द्रको महास्नान हुनाले महीन्द्रमल्ललाई ल्याई पाटनको राजगद्दीमा राखेको वर्णन यहाँ गरिएको छ । यो घटना टिपिएका अरू टिपोटै कागतहरू पनि प्राप्त भएका छन्§ ।

यहाँ महीन्द्रमल्ल गोरखाबाट ल्याइएका भनी वर्णन गरिएको छ । एउटा तामापत्रमा भने तनहूँमा जन्मेका पाटनका राजा महीन्द्रमल्ल भनी लेखिएको छ । जस्तै–

"स्वस्तिश्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयवीर महीन्द्रमल्लदेव तनहुस जात जुयाव नेपाल विज्याचका वेलस नवक्वाथ गणेदेवीस्थान थेन वेलस श्रीश्रीराजेश्वरी देवीसन फ्याङतया गुठ । सं. ८३४ फागुण शुक्ल पूर्णमासि षुनु नवक्काथ गणे भैरवस्थान विज्याङाव फ्याङतको पुरा यङा जुलो"

(गुठी अड्डामा रहेको ताम्रपत्रको नक्कलबाट)

['स्वस्ति श्रीमणिग्ल (ललितपुर) का राजा महाराजाधिराज श्रीश्री जयवीर महीन्द्रमल्लदेव तहूँमा जन्मेर नेपाल (नेपाल उपत्यका) पाल्नुहुँदा नुवाकोट गणेदेवीस्थान पुग्दा श्रीश्रीराजेश्वरीदेवीले ❁ भाकल गर्नुभएको गुठी । ने. सं. ८३४ (वि. सं. १७७०) फाल्गुन शुक्ल पूर्णिमाको

---

÷ठ्यासफुमा यसभन्दा अघि जितामित्रमल्ल र उनका भाइ उग्रमल्लको मृत्युसमय दिइएका छन् । यस विषयमा सप्रमाण व्याख्या 'पूर्णिमा' १५ पूर्णाङ्कको हाम्रो वक्तव्य (३४१–४४ पृ.) मा गरिसकिएको छ । यस कारण सो फेरि यहाँ दोहऱ्याउनु आवश्यक संझिएन ।

§इतिहास-संशोधनको प्रमाणप्रमेयका १००–१ पृष्ठ हेर्नुहोस् ।

❁राजेश्वरीदेवी महीन्द्रमल्लकी आमा हुन् । जयरत्नाकरनाटकको उपोद्घातका १७–१९ पृ.

दिन फेरि नुवाकोट गणे भैरव स्थानमा पाल्नुभई भाकल गर्नुभए जति जम्मै पूरा गर्नुभयो]

यताबाट महीन्द्रमल्ल तनहूँमा जन्मेका बुझिन्छन् । यस कारण महीन्द्रमल्ल तनहूँमा जन्मेका भएतापनि यस वेला गोरखामा बसिरहेका हुनाले राजा बनाउन गोरखाबाट नुवाकोटको बाटो गरी ल्याएको अनुमान हुन्छ । अरू प्रमाण पाइएपछि मात्र यो कुरा खुल्न सक्छ ।

महीन्द्रमल्लको राज्याभिषेकमा कान्तिपुरका राजमाता र राजा उपस्थित भएका थिए भन्ने कुरा यहाँ संकेत गरिएको छ । यताबाट कान्तिपुरले महीन्द्रमल्ललाई मान्यता दिएको बुझिन्छ । यसरी इन्द्रमल्लको मृत्यु हुनासाथ एक दिन पनि राजगद्दी खाली नगरी महीन्द्र-मल्लको राज्याभिषेक गरियो तापनि महीन्द्रमल्ल कच्चै उमेरका हुनाले शासनाधिकार हात लाउन दुइ पक्षमा होड चलेको थियो । यो कुरा ठयासफुको तल आउने वर्णनबाट बुझिन्छ ।

वि. सं. १७६२ मा पाटनका राजा योगनरेन्द्रको मृत्यु हुँदा २० वर्षकी छोरी योगमती-बाहेक उनका कोही ठयाहा छोरा नभएका हुनाले योगमतीको पाटनको राजगद्दीमा सबैभन्दा बढ्ता हक थियो । परन्तु राजकुमारी गद्दीमा बस्ने चलन नहुनाले उनका बालक छोरा लोकप्रकाश राजा बनाइएका थिए । लोकप्रकाशको चाँडै नै मृत्यु भयो । त्यसपछि इन्द्रमल्ल राजा भए । त्यस पछि योगनरेन्द्रका मठयाहा छोरा महीन्द्रमल्ल पाटनको राजगद्दीमा राखिएका हुन् । परन्तु यस वेला पनि योगमतीको हातमा निकै शक्ति थियो । छोरा लोकप्रकाशलाई जस्तै उठानमा महीन्द्रमल्ललाई पनि योगमतीले आफ्नै काखमा राखी चौतारा-हरूको सहयोगले शासन गरिन् । भाषावंशावलीमा यस विषयमा यस्तो लेखिएको छ –

"यहाँपछि बालक महीन्द्रमल्लकन राज्याभिषेक दिया । यी राजा बालक हुनाले लोकप्रकाशका महतारी योगमती रानीले कान्तिपूरका राजाकन बोलाई मर्यादामाफिक कर्म चलाई मछिन्द्रनाथको यात्रा चलाया ।"

योगनरेन्द्रको मृत्युपछि उनकी रानी राजेश्वरीदेवी काखमा बालक छोरा महीन्द्रमल्ल हुनाले सती गइनन् । यस कारण उनी यस वेलासम्म जीवित थिइन् । आफ्ना छोरा महीन्द्रमल्ललाई लिई योगमतीले राज्य चलाइरहेको राजेश्वरीलाई मन नपर्नु स्वाभाविक थियो । यस कारण मौका पाउनासाथ राजेश्वरीदेवीले योगमतीलाई थुनी आफ्ना छोरा महीन्द्रमल्ललाई आफैले काखमा लिई राज्य गरिन् । यस कुरामा राजेश्वरीदेवीलाई कान्तिपुरको समर्थन प्राप्त भएको थियो । ठयासफुमा यो कुरा यसरी बयान गरिएको छ –

"ने. सं. ८२९ ( वि. सं. १७६६ ) भाद्र शुक्ल नवमी वृहस्पतिवारको दिन§ राती दिदी (योगमती)लाई सुम्पिराखेका पाटनका राजा (महीन्द्रमल्ल)लाई आमा (राजेश्वरीदेवी)ले

§ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८२९ (वि. सं. १७६६) भाद्र शुक्ल

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| आश्विन १ | बृहस्पति | नवमी | ३४।२१ |

आफैले लिई सह्यारे । मिरुलाई अघि सारी दिदी (योगमती)लाई थुने । चौतारा भागे । कान्तिपुरमा भास्करमल्ल राजासँग सहायता मागी छोरालाई राजा बनाई आफू रानी (राजमाता) भई बसिन् ।

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३२ पृ. १–३ पङ्क्तिमा छ ।)

वि. सं. १७६६ चैत्र कृष्ण प्रतिपदाको दिन महीन्द्रमल्लको राज्याभिषेक भएको हुनाले वि. सं. १७६६ भाद्रशुक्ल नवमीमा भएको यो घटना महीन्द्रमल्ल राजा भएको ६ महीना जति पछिको हो । यस कारण ६ महोनासम्म राजेश्वरी देवीले योगमतीलाई आफ्नो छोरा सुम्पी राज्य चलाउन दिएको बुझिन्छ ।

पाटनको एउटा मुद्रामा बीरनरसिंह र योगमतीको नामोल्लेख पाइन्छ । सो मुद्रामा लेखिएको मिति ने. सं. ८२९ (वि. सं. १७६६अं.) छ❁ । इन्द्रमल्लको मृत्यु भएको भोलिपल्टै ने.सं. ८२९ (वि. सं. १७६६)मा महीन्द्रमल्ल राजा भएको निश्चित प्रमाण पाइएको र सोही सालको वीरनरसिंह र योगमतीको यस मुद्राले यसभित्र के रहस्य छ भन्ने प्रश्न उठ्छ । परन्तु ठ्यासफुमा उल्लिखित योगमती र राजेश्वरीदेवीको कलह भएको घटनाले यो रहस्य खुलेको छ । राजेश्वरीदेवीले छोरा महीन्द्रमल्ललाई आफ्नै काखमा लिई शासन चलाउन लागेपछि योगमतीको पक्षले त्यसको विरोधमा बीरनरसिंहलाई प्रतिद्वन्द्वी राजाको रूपमा खडा गरी उनको नाउँमा टक छापेको बुझिन्छ । वीरनरसिंहको उल्लेख अझसम्म अन्त कतै पाइएको छैन । यस कारण उनको परिचय थाहा पाउन सकिएको छैन ।

पाटनको यो गडबडी चाँडै थामिएन । मौका पाउनासाथ एकले अर्कोलाई खतम पार्ने दाउपेच चलिनैरह्यो । यसको वर्णन ठ्यासफुमा यसरी गरिएको छ—

"ने. सं. ८३० (वि. सं. १७६७) श्रावणकृष्ण द्वादशी पुनर्वसु नक्षत्र बृहस्पतिवारको दिन⊙ कुतिबाहरमा हमला गरी घेरा हालियो । ने. सं. ८३० (वि. सं. १७६७) भाद्र शुक्ल चतुर्थी वृहस्पति वारको दिन§ पाटनका प्रजा जम्मा भई राजदरबारमा गई राजा (महीन्द्रमल्ल)

---

❁ नेपाली राष्ट्रिय मुद्राका १०२–१०३ पृ. हेर्नुहोस् ।

⊙यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३० (वि. सं. १७६७) श्रावण कृष्ण
(पूर्णान्तिमानले भाद्र कृष्ण)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ प. |
|---|---|---|---|---|---|
| भाद्र ९ | बृहस्पति | द्वादशी | ५५। ३७ | पुनर्वसू | ५८। ४६ |

§ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३० (वि सं. १७६७) भाद्र शुक्ल

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| भाद्र १६ | बृहस्पति | चतुर्थी | २०।१५ |

लाई र रानी (राजेश्वरीदेवी)लाई थुनेर राखे । मिरु भगवतीदास, गोगल र देशका अरू प्रजाहरू भास्कर मल्लकहाँ शरण पर्न गए । कान्तिपुरका राजाले रातभरि आफ्नो देशमा तिनीहरूलाई पस्न दिएनन् र भक्तपुरका राजालाई बोलाउन पठाई भोलिपल्ट बिहानमात्र पस्न दिए । छ दिनसम्म भक्तपुर र पाटनका भारदारहरू कान्तिपुरमा बसे । भागेर आएका पाटनका प्रजा र भारदारहरूलाई लिएर गए... ।

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३२ पृ. १९–२४ पङ्क्तिमा छ ।)

"ने. सं. ८३२ (वि. सं. १७६९) चैत्रकृष्ण प्रतिपदा राता मछिन्द्रनाथको स्नानमा पाटनका राजा (महीन्द्रमल्ल) कान्तिपुरमा बस्न गएका हुनाले राजा नभए पनि राता मछिन्द्रनाथको महास्नान गरे । वुङ्मतीको यात्रामा पनि गएनन् । राजा नभए पनि जात्रा चलाइयो । देवपि तान्ने जात्राको दिन पनि राजा फर्केनन् । ९ महीनासम्म कान्तिपुरमा बसी ने. सं. ८३२ (वि. सं. १७६९) श्रावण कृष्ण तृतीया शुक्रवारको दिन* पाटनका राजा आफ्नो देशमा फर्के।"

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३३ पृ. २४–२६ पङ्क्तिमा छ।)

ठ्यासफुको यस वर्णनबाट पाटनमा महीन्द्रमल्लको पालामा निकै गोलमाल भएको देखिन्छ । आफ्नो हातबाट शक्ति गएको हुनाले राजपुत्री योगमती विरोधी पक्षको मूल आधार भएर रहेकी देखिन्छिन् । उनको पक्षमा पनि धेरै भारदार र प्रजाहरू थिए । परन्तु कान्तिपुरको समर्थन प्राप्त नभएको हुनाले विरोधीहरू सफल हुन सकेनन् ।

पाटनमा बस्दा खतराको सम्भावना देखेर महीन्द्रमल्ल नौ महीनासम्म कान्तिपुरमा बस्न गएको बुझिन्छ । पाटनको यस गडबडीमा कान्तिपुरले मध्यस्थ भई काम गरेको देखिन्छ । यस ताकाको कुरालाई अझ बढ्ता प्रकाश पार्ने अरू सामान अझसम्म प्राप्त नभएका हुनाले यस गडबडीको राम्रो विश्लेषण गर्न अरू ऐतिहासिक सामग्रीको प्रतीक्षा गर्नुपरेको छ ।

राता मछिन्द्रनाथको रथजात्रा नेपाल उपत्यकाका प्रसिद्ध जात्राहरूमध्ये एक हो। मल्लकालमा अझ बढी धूमधामसँग यो जात्रा मनाइन्थ्यो । राजा तथा भारदारहरू स्वयं मछिन्द्रनाथको रथमा चढी जात्रामा भाग लिन्थे । यसैले यहाँ राजा नभएपनि जात्रा चलाइयो भनी ठ्यासफुकारले लेखेका हुन् । मल्लकालमा नेपाल उपत्यकामा आएका पादरी जिजेपले यस जात्राको वर्णन गरेका छन् । सो यस प्रकारको छ—

*यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३२ (वि. सं १७६९) श्रावण कृष्ण

(पूर्णान्तिमानले भाद्र कृष्ण)

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| भाद्र | ८ | शुक्र | तृतीया | ३१। २९ |

दे अब्जर्भ अल्सो पर्टिक्चुलर् फेस्टिभल्स्, द प्रिन्सिपल् अफ् व्हिच् इज् कल्ड यात्रा इन् देर् ल्यांङ्ग्विज् यॉन्ड कन्टिन्यूज् ए मन्थ् अर् लङ्गर् अकर्डिङ्ग टु द प्लेझ्अर् अफ् किङ्ग, द सेर्इमनि कन्सिस्ट्स् इन् ड्रइङ्ग अन् आइंडल्, व्हिच् यॉट् ललितपत्तन इज् कल्ड बघरो, इन् ए लार्ज् यॉन्ड रिच्लि अर्नमेन्टेड कार् कभअर्ड विद् गिल्ट् कप्अर् राउन्ड् अबाउट् दि आइडल् स्टयॉन्ड् द किङ्ग यॉन्ड् द प्रिन्सिपल् वर्येजुस् यॉन्ड इन् दिस् म्यॉन्अर् द भीइकल् इज् अल्मोस्ट् एभ्रि डे ड्रन् थ्रू सम् वन् अफ् द स्ट्रीट् अफ् द सिट्इ बाइ दि इन्ह्यॉब्इटान्ट्स् हू रन् अबाउट् बीटिङ्ग यॉन्ड् प्लेइङ्ग अपन् एभ्रि काइन्ड् अफ् इन्स्ट्रुमन्ट देर् कन्ट्रि अफोर्ड व्हिच् मेक् यॉन् इन्कन्सीभ अल् नइज्.

[तिनीहरूको विभिन्न चाडपर्व हुन्छन् । तिनीहरूको आफ्नो भाषामा यात्रा भनिने एउटा मुख्य चाड छ । त्यो यात्रा राजाको इच्छाबमोजिम एक महीना अथवा त्यसभन्दा बढी समयसम्म मनाइन्छ । त्यस उत्सवमा सुनका मुलम्मा लगाएको खूपै सिंगारिएको ठूलो रथमा राखेर देवताको मूर्ति तानेर ल्याउँछन् । जुन मूर्ति ललितपुरमा बघरो (?) कहिन्छ । मूर्तिको चारैतिर राजा र मुख्य मुख्य भाँडाहरू बस्छन् । यस प्रकार त्यो रथ त्यहाँका बासिन्दाहरूद्वारा शहरका बाटामा तानेर लगिन्छ । ती बासिन्दाहरू तिनीहरूको शहरमा पाइने अनेक प्रकारका बाजा बजाउँदै हिंड्छन् । जुन बाजाहरूबाट ठम्याइनसक्नु आवाज निस्कन्छ । ]

## साँखु वज्रयोगिनीको मन्दिर

साँखु वज्रयोगिनी नेपाल उपत्यकाका प्रसिद्ध देवतामध्ये पर्दछन् । त्यहाँ रहेको एउटा शिलालेखमा राजा प्रतापमल्लले वज्रयोगिनीको मन्दिर बनाएको वर्णन परेको छ—

नेपाले सम्मतेस्मिन् शरगिरिमुनिभिस्संयुते हस्तरिक्षे
चाषाढे शुक्लपक्षे तदनु च परिघे योगराजे च शुक्रे ।
सप्तम्यां देवदेव्याः क्षितिपतितिलकः श्रीकवीन्द्रप्रतापः
प्रासादस्य प्रतिष्ठां कनकमयघटस्थापनस्वैं विदध्यात् ॥

(यो अभिलेख अभिलेख–संग्रह तेस्रो भागका ११–१४ पृ. मा प्रकाशित भएको छ ।)

[ने. सं. ७७५ (वि. सं. १७१२) आषाढ शुक्ल सप्तमी शुक्रवार हस्तनक्षत्र परिघयोगमा § राजा कवीन्द्र प्रतापमल्लले वज्रयोगिनीको मन्दिर बनाई सुनका गजूर स्थापना गर्नुभयो ।)

आजभोलि वज्रयोगिनीको जुन तला तला परेको मन्दिर छ, प्रतापमल्लले बनाएको मन्दिर त्यस किसिमको थिएन । स्वयम्भूको प्रतापपुर र अनन्तपुरको जस्तो सुलुत्त परेर चुच्चिएर गएको

§ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ७७५ (वि. सं. १७१२) आषाढ शुक्ल

| गते | वार | तिथि | घ. | प. | नक्षत्र | घ. | प. | योग | घ. | प |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आषाढ ३१ | शुक्र | षष्ठी | १६ | १७ | उ. फा. | १५ | ४३ | परिघ | ३७ | ३६ |

यस प्रकारको मन्दिर त्यो थियो । त्यस्तो शैलीमा बनाएको मन्दिर 'गंथकूट देवल' भनिन्थ्यो* । राजा भास्करमल्लले प्रतापमल्लले बनाएको सो मन्दिर भत्काई तीनतले मन्दिर बनाए । यो कुरा ठ्यासफुमा टिपिएको छ । जस्तै—

"ने. सं. ८३२ (वि. सं. १७६८) कार्तिक कृष्ण सप्तमी बुधवार मघानक्षत्र❁ यस दिन श्रीश्रीभास्करमल्लले र राजमाता भुवनलक्ष्मीले श्री ३ वज्रयोगिनीमा पहिलेको गन्थकूट देवललाई भत्काई तीनतले देवल बनाई फूलमाला चढाउनुभयो । होता बाँडा भएका थिए ।"

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३३ पृ. २०–२२ पङ्क्तिमा छ ।)

देवताका खट देवमन्दिरकै अनुकरणमा बनाइएका हुन्छन् । हाम्रो यहाँ दुइ किसिमका खट देखा पर्दछन् । मछिन्द्रनाथको रथ जस्तो र अर्को तलातला परेको कुमारीको रथ जस्तो । मछिन्द्रनाथको जस्तो रथको वर्णन प्राचीन कालमा पनि पाइन्छ । विक्रमको पाँचौ शताब्दीमा भारतमा आएका चिनिया यात्री फाहियानले पटनामा हुने यस किसिमको स्तूपाकार रथको बयान गरेका छन् ÷ । यस कारण राजा भास्कर मल्लले गन्थकूट शैलीको मन्दिर भत्काई

---

* पाटन मङ्गलबजारमा राजदरवार अगाडि रहेको नरसिंहको मन्दिर पनि यसै प्रकारको छ । सो मन्दिर ने. सं. ७१० (वि. सं. १६४६) मा पुरन्दर्सिंहले बनाएका हुन् त्यसमा यस्तो उल्लेख छ—

श्रीश्रीजयपुरन्दर्सिंहदेवठाकुरसन ददा नरसिंहजु परलोक बिज्याङा थोसते निमित्तन देवल गंथकूट दयक नरसिंह मूर्ति प्रतिमा स्थापन याङ...सम्वत् ७१० कार्तिक शुक्ल २ ज्येष्ठनक्षत्र सुकर्मान योग शुक्रवार विच्छसंक्रान्ति कुन्हु तया जुरो ।

[श्रीश्रीजयपुरन्दर्सिंहदेव ठाकुरले दाजु नरसिंह परलोक हुनुभएको हुँदा उहाँको निमित्त गन्थकूट देवल बनाएर नरसिंहको प्रतिमा स्थापना गर्नुभयो ।...ने. सं. ७१० (वि. सं. १६४६) कार्तिक शुक्ल द्वितीया शुक्रवार ज्येष्ठानक्षत्र सुकर्मयोग वृश्चिकसंक्रान्ति (मार्गसंक्रान्ति)का दिन स्थापना गरियो ।]

(इतिहास–संशोधनका प्रमाणप्रमेयको १४ पृष्ठबाट)

यहाँ 'गन्थकूट देवल बनाएँ' भन्ने उल्लेख गरिएको हुनाले यस किसिमको मन्दिरलाई 'गन्थकूट देवल' भन्ने रहेछन् भन्ने बुझिन्छ ।

❁यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३२ (वि. सं. १७६८) कार्तिक कृष्ण

पूर्णान्तमानले मार्ग कृष्ण

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| मार्ग २१ | बुध | सप्तमी | ३१। ५९ | मघा | २६। ४० |

÷ त्रिरत्नसौन्दर्यगाथाको उपोद्घातका ८२–८३ पृष्ठ हेर्नुहोस् ।

तीनतले मन्दिर बनाए भन्ने ठ्यासफुको यो वर्णन नेपालको वास्तुकलासंम्बन्धी इतिहास लेख्न उपयोगी छ ।

## महीपतीन्द्र मल्ल

चक्रवर्तीन्द्र र महीपतीन्द्र राजा प्रतापमल्लका अरु छोराहरूभन्दा विशेष मन परेका थिए । परन्तु प्रतापमल्लको जीवनावस्थामै चक्रवर्तीन्द्र मल्लको मृत्यु भयो । यस कारण उनले आफ्नो मृत्युपछि महीपतीन्द्रमल्ललाई राजगद्दीमा राख्ने विचार गरे । परन्तु प्रतापमल्लको यो योजना पूर्णतया असफल भएको हुनाले उनको मृत्युपछि कान्तिपुर राज्यमा धेरै वर्षसम्म गडबडी मच्चियो । महीपतीन्द्रले राजगद्दीमा बस्न पाउनु त कताकता ज्यानसम्म जोगाउन पनि पाएनन् । प्रतापमल्लका अरू छोराहरूको पनि अकालैमा मृत्यु भयो । यी सबै दुर्घटना प्रतापमल्लका अदूरदर्शी कामका परिणाम थिए । किनभने प्रतापमल्लका महीपतीन्द्रमल्लभन्दा जेठा छोराहरू जीवित थिए । ती सबै छोराहरूलाई पन्छाई आफ्नो मन परेको कान्छो छोरालाई आफूपछि राजा बनाउने उनको योजनामा ललितपुरका राजा श्रीनिवास सहमत थिएनन् । यस कारण आफू छँदै महीपतीन्द्र मल्ललाई प्रताप मल्लले आफ्नो उत्तराधिकारी छानेर गए तापनि राजा श्रीनिवास मल्लले प्रताप मल्लको मृत्युपछि कान्तिपुर आई जेठो छोरोलाई राजा बनाउनुपर्छ भनी ध्वकह्म (जेठो) नृपेन्द्र मल्ललाई राज्याभिषेक गरिदिए । त्यस वेला नृपेन्द्र मल्लको उमेर १२ वर्षको मात्र थियो । यस कारण चौतारा (मुख्यमन्त्री) चिकुटि हर्ता-कर्ता भई निस्के । १८ वर्षको उमेरमा नृपेन्द्र मल्लको मृत्यु भयो । त्यसपछि पार्थिवेन्द्र मल्ल गद्दीमा बसे । चिकुटिको प्रभाव रहिरह्यो । यस कारण अरू भारादारहरूलाई असह्य भयो। बसैले चिकुटिलाई खसाली आफू हर्ताकर्ता हुनामा लक्ष्मीनारायण सफल भए । वि.सं. १७४४ मा खानेकुरामा विष हाली खुवाइएकाले पार्थिवेन्द्रको मृत्यु भयो । लक्ष्मीनारायणले पार्थिवेन्द्रलाई विषप्रयोग गरेको बात लगाई चिकुटीलाई मार्न लाए । पार्थिवेन्द्रको मृत्युपछि ८ वर्षका उनका छोरा भूपालेन्द्र राजा भए । लक्ष्मीनारायणको शक्ति बढ्दै गयो ।

त्यस वेला प्रतापमल्लका एक जना छोरा महीपतीन्द्रमल्ल जीवित थिए । यस कारण लक्ष्मीनारायण जोशीलाई आफ्नो शक्ति बढाउने काममा महीपतीन्द्रमल्लबाट विघ्न पर्न आउने संभावना थियो । यसैले पार्थिवेन्द्रमल्ल मारिएको २ महीनापछि नै वि. सं. १७४४ भाद्रमा देउपाटनमा पशुपतिका पुजारी राघवानन्द स्वामीको घरमा बसेका महीपतीन्द्र मल्ललाई लक्ष्मी-नारायणले आफ्ना मान्छे पठाई कष्ट दिईकन मार्न लगाए ।

यसभन्दा २ वर्ष जति अघिदेखि नै दरबारिया दाउपेचले महीपतीन्द्र मल्लले यताउति भागी ज्यान जोगाइरहेका थिए । वि. सं. १७४२ मा महीपतीन्द्रलाई बेसरी कुटी हनूमान् ढोकामा थुनिराखेका थिए । एक दिन मौका पाई महीपतीन्द्र भागी पाटनमा शरण लिन पुगे । पाटनका राजा श्रीनिवासमल्लले महीपतीन्द्र मल्ललाई शरण दिई राखे । अनि महीपतीन्द्र मल्ललाई हामीलाई सुम्पनुहोस् भनी कान्तिपुरका राजाले माग्दा महीपतीन्द्र मल्लको ज्यानको सुरक्षाको

वचन दिने हो भने मात्र सुम्पन्छु भनी श्रीनिवास मल्लले जवाफ दिए। यसको प्रबन्धका लागि कान्तिपुर र ललितपुरको सीमाना टेकुदोभानमा भेट गरी धर्मवाचा गरे। कान्तिपुरेको सुर बाहिर धर्मपत्र गरे जस्तो गरी महीपतीन्द्र मल्ललाई जबरदस्ती पक्रेर ल्याउने थियो। यस कुराको सुँइको ललितपुरेहरूले पाएका हुनाले श्रीनिवास मल्लले आफ्ना छोरा योगनरेन्द्रको देखरेखमा महीपतीन्द्रलाई राखी राम्रो व्यवस्था मिलेपछि मात्र महीपतीन्द्रमल्ललाई सुम्पने योजना मिलाएका थिए। ललितपुरेहरूको यो आशय थाहा पाई कान्तिपुरे भारदारहरूले एक्कासी महीपतीन्द्र भएको ठाउँमा हमला गरी महीपतीन्द्र मल्ललाई समातेर ल्याउन खोजे। परन्तु पाटने प्रजाहरू उठी कान्तिपुरेहरूलाई पीटपाट पारी धपाइदिए।

यसरी कष्ट पाएका महीपतीन्द्र मल्ल पछि पशुपतिका पुजारी राघवानन्द स्वामीको शरणमा देवपाटनमा रहन लागेका थिए। आखिर लक्ष्मीनारायणद्वारा क्रूरतापूर्वक मारिए †।

परन्तु राजनीतिको गतिविधि समय समयमा फेरिँदै जाने हुनाले एउटै व्यक्तिको एउटै घटना पनि आफआफ्नो स्वार्थअनुसार विभिन्न दृष्टिकोणले हेरी अनेक ढङ्गले प्रचार गरिन्छ। कुनै बेला राष्ट्रको हितको लागि प्राणदण्ड दिन उचित ठह्र्याइएको व्यक्ति कालान्तरमा उत्तम व्यक्ति पनि कहिन सक्छ। महीपतीन्द्रको विषयमा पनि यस्तै घटना घटेको अनुमान हुन्छ। यो कुरो ठ्यासफुको यस वर्णनले बुझाउँछ—

"ने. सं ८३२ (वि. सं. १७६९) भाद्र शुक्ल एकादशी आदित्यवारको दिन‡ देउपाटनमा मारिएका कान्छा राजा (महीपतीन्द्र)को जन्मपत्रिकाको अग्निसंस्कार गरियो। चार दिनसम्म आशौच बारियो।……छैठौं दिनमा गृहशुद्धि। सातौं दिनमा मासिक।…आठौं दिनमा शुद्ध भनी मानियो। पच्चीस वर्षपछि यसो गरिएको हो। इन्द्रयात्रामा देवता बाहिर राखिए। चाहिने जति विधिविधान गरियो।"

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३४ पृ. ५–८ पङ्क्तिमा छ।)

महीपतीन्द्रमल्ल मारिँदा विधिपूर्वक अग्निसंस्कारसम्म पनि गर्न नदिएको कुरा यस वर्णनबाट बुझिन्छ। यस कारण उनको जन्मपत्रिका त्यत्तिकै रहिरहेको हुनाले त्यसको अग्निसंस्कार भएको दिनदेखि आठौं दिनसम्म आशौच बारी काज गरिएको देखिन्छ। महीपतीन्द्रको बध वि. स. १७४४ मा भएको हुनाले त्यस बेला वि. सं. १७६९ मा उनको मृत्यु भएको २५ वर्ष भइसकेको थियो।

---

†ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग) का २८–३३ पृष्ठ हेर्नुहोस्।

‡यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८३२ (वि. सं १७६९) भाद्र शुक्ल

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| भाद्र ३१ | आदित्य | एकादशी | २२। १७ |

भास्करमल्लको मृत्युपछि कान्तिपुरको राजगद्दीमा बस्ने उनका कोही छोरा भएनन् । यस कारण जगज्जयमल्ल कान्तिपुरको राजगद्दीमा राखिए । भास्करमल्लपछि राजगद्दीमा बस्न उनले कसरी कुन सम्बन्धद्वारा अधिकार पाए यो कुरा अहिलेसम्म राम्रो खुल्न सकेको छैन । परन्तु उनको टकमा एकातिर महीपतीन्द्र मल्लको नामोल्लेख गरिएको हुनाले महीपतीन्द्र मल्लसंगको आफ्नो वंशसम्बन्ध देखाई कान्तिपुरको राजगद्दीमा आफ्नो हक साबित गरेको अनुमान गरिएको छ । यस कारण महीपतीन्द्र मल्ल मारिएको २५ वर्षपछि यसरी उनको काजक्रिया गरिनामा पनि कुनै अर्थ हुनुपर्छ । अरू ऐतिहासिक सामान प्राप्त भए पछि कुरो खुल्ने नै छ ।

[यस निबन्धमा परेका तिथिमितिको गणना देवीप्रसाद भण्डारीले गरिदिनुभएको हो ।]

(क्रमशः)

***

(क्रमागत)

# श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू

## (ऐतिहासिक टिप्पणीसहित)

—देवीप्रसाद भण्डारी

पृथ्वीनारायण शाहले वि. सं. १८१९ आश्विन २२ गते हरिहरपुरमा आफ्नो अधिकार जमाएपछि वि. सं. १८१९ पौष २७ गते शुक्रवारको दिन मीरकासिमको फौजले मकवानपुरमा घेरा दियो । परन्तु माघ १० गते बृहस्पतिवारका दिन सो मुसलमानी फौज गोरखालीहरूको मार खाई भाग्यो ।

"कास्मल्लीखाँ प्रयातो वरुणदिशि जितो यस्य भल्लप्रहारात् ।"

(काठमाडौं वसन्तपुर–दरबार नासलचोक भित्रको वि. सं. १८२६ को पृथ्वीनारायण शाहको अभिलेखबाट । यो धनवज्र+ज्ञानमणिद्वारा संकृत–सन्देश १।११ मा छापिएको छ ।)

[जसका भालाका चोटले घाइते भएको कास्मल्लीखाँ (मीरकासिम) हारेर पश्चिमतिर भागेर गयो ।]

"तच्छ्रुत्वा निजमध्यदेशकमहाद्वारस्य सम्भेदनं
माकन्दादिपुराभिधस्य सहसा दिल्लीन्द्रमन्त्री महान् ।
कास्मल्लीयवनो महाबलयुतो योद्धुं समागाद्रुषा
गोरक्षावनिपप्रतापदहनस्तं चाकरोद् भस्मसात् ।।४५।।"

(पृथ्वीन्द्रवर्णोदयबाट)

[आफ्नो मधेस राज्यको ढोका जस्तो भएको मकवानपुर गोरखालीले जिती लिएको सुनेर दिल्लीका बादशाहका मन्त्री मुसलमान कास्मलीखाँ (कासिम अलिखाँ=मीरकासिम) धेरै फौज लिई रिसले लड्न आए। गोरखाली राजाको प्रतापाग्निले तिनलाई पनि भस्म पाऱ्यो ।।४५।। ]

"कास्मेरिषान् नवाफ मकवानपुरमा चढ्यो र छ अविस् षो (घो)डाले काटि घर्काई सिवाना कटाई आञ्याँ"

(पृथ्वीनारायण शाहको उपदेशबाट)

"गोरण्डमण्डलेनाथ वैरमाधाय तद्भिया ।
नेवालनगरे स्थातुं मक्वानपूर्गतमार्गतः ।।८।।
कास्मल्लीखाँपदा ख्यातः सेनाषष्टिहस्रयुक् ।
मक्सुदावादनगरादायौ म्लेच्छसैनिकः ।।८१।।
पृथ्वीनारायणो ज्ञात्वा तद्वृत्तं चारचक्षुषा ।
भटैश्चतुः स्थितैःस्वीयैर्मार्गमध्ये जघान तान् ।।८२।।"

(गोरक्षाधीशचम्पूबाट)

[ त्यसपछि मुसलमान कास्मल्लीखाँ (कासिम अलिखाँ=मीरकासिम) अंग्रेजसँग झगडा परेको हुनाले अंग्रेजको डरले नेपालमा बस्न भनी मुर्शिदाबाददेखि साठ्ठी हजार फौज लिई मकवानपुरको बाटो गरी आए ।।८०–८१।।

पृथ्वीनारायण शाहले जासूसहरूद्वारा त्यो कुरा थाहा पाउनुभयो र चारैतिर रहेका आफ्ना सिपाहीहरूद्वारा बीच बाटैमा तिनीहरूलाई सिध्याउनुभयो ।।८२।। ]

"त्यस्तै बीचमा मुर्शिदाबादको लडाइँ हारी अब पहाडमा चढी नेपाल लिई फेरि म फिरङ्गी-सित लडुँला भन्या मनसुवा गरी नवाफ कासिम अलीखाँ (मीरकासिम) ले आफू आई बारामा बसी आफ्नू सर्दार गुर्गिखाँलाई तोप, बमसमेत २५।३० हजार लश्कर दिई पठायो । त्यो लश्करसमेत गुर्गिखाँले नन्दु बस्याका ठाउँमा घेरा दियाको थियो । शाके १६८४ (वि. सं. १८१९) पुसको २१ दिन जाँदा मिति माघवदि ८ रोज १ का दिन कुर्न बस्याका लश्करले ५।७ दिन सम्म लश्कर थाम्या ।

यो खबर महाराजले सुन्नुभयो र मकवानपुरको गुहारलाई काजी वंशराज पाँडे, हर्क्या पन्थ, जीव शाह, नाहरसिंह बस्न्यात, केहरसिंह बस्न्यात, रामकृष्ण कुँवर, बांग्या बस्न्यात, दुर्लभ खत्रीप्रभृति, नजिकी, थरघर, द्वाऱ्या, उमराउ खटाउनुभयो । अघि नालदुममा देवऋषि पर्दामा भाग्याको बात लागिरह्याको आशा भंडारी विदा नभई गयो । लश्कर लिई वंशराज पाँडेले

**माघका १० दिन जाँदा बृहस्पतिवारका दिन ताकलाखारमा जाई डाँक हान्या । लश्करबाट फुटी नाहरसिंह, केहरसिंहले पुराना मकवानपुरमा चढ्या । किल्लाबाट बन्दूकै वैह्राई (बन्दूक निकाली) ठूलो लडाइँ भयो । १७०० लश्कर ठहरै पऱ्या । भीरमा पऱ्याको थाहा भएन । गोर्खाको भऱ्या नन्दु र आशा भंडारी खेत रह्या । उनका सँग गयाका २५।३० जना घाइता भया । साना तोप २, बम १, बन्दूक ४००।५०० हात लाग्यो । हाम्रै गोर्खाको फते भयो । गुर्गिखाँ भाग्यो❁ ।**

**यति भयाको खबर श्री ५ महाराजाबाट सुन्नुभयो र जाबाहरूले १७०० मात्र मान्याछन् सबै लश्करलाई उम्कन दियाछन् भनी रिसानी भई लश्करलाई बर्शन पनि बक्सनुभएनछ । यसपछि आफू मकवानपुर पाउलाग्नुहुँना चुल्हो र डेरा नजर हुँदा बस भनी हुकूम भएछ र चुल्हो नजर हुँदा(त)···त्यस्ता लश्कर नजर भयाको भया कस्तो हुदो हो भनी बांग्या बस्न्यातले**

---

❁ "नवाब मीरकासिमले गुरगिनखाँको सल्लाहले नेपालमाथि आक्रमण गरे । नेपाल त्यस बेला धेरै धन र सुन भएको देश भनी प्रख्यात थियो । नेपालमा हमला गर्ने गुरगीनखाँको इच्छा पहिलेदेखि नै थियो । यही उद्देश्यले उनले त्यस भागमा रहने संन्यासीहरू र फकीरहरू-सित सम्बन्ध स्थापित गर्न शुरू गरे ।······उनले पहाडका बाटाघाटाको विषयमा कुरा बुझे । बाटो देखाउनाको लागि केही मानिसलाई उनले जागीर दिइराखे ।

यसको केही दिन पहिले नवाबले बेतिया भन्ने ठाउँमा आफ्नो अधिकार फैलाएका थिए । यो ठाउँ नेपालको ज्यादै नगीचमा छ । उहाँ शान्ति गर्ने बहनाले नवाब हिंडे । बेतिया पुगेपछि उनी त्यहीं बसे तथा गुरगीनखाँ आफ्नो सेना लिएर अघि बढे । साना साना पहाडलाई पार गर्दै गुरगीनखाँ नेपालका तराईमा पुगे । त्यहाँ नेपाली सेना यिनीहरूसँग भिडिए । घमासान युद्ध भयो तथा नेपालीहरूलाई पछि हट्नु पऱ्यो । परन्तु गुरगीनखाँका धेरै मान्छे मारिए । केही टाढा अगाडि गएपछि रात परेको हुनाले सिपाहीहरू वास बसे । रात धेरै बितिसकेको थिएन । नेपालीहरूले झाडी तथा पहाड आदिबाट निस्केर गुरगीनखाँको सेनामाथि आक्रमण गरे । नवाबको फौजमा एकाएक आक्रमण भएको हुनाले गडबडी मच्चियो । नेपालीहरूले ढुङ्गा तथा बाणले हान्न थाले । नवाबको फौजलाई टिक्न गाह्रो पऱ्यो । जहाँ जसले बाटो पाया, उतै भाग्न थाले । नेपालीहरूले नवाबको आशा तथा इच्छालाई भताभुङ्ग पारिदिए ।

जब गुरगीन खाँले आफ्नो फौजको यो दुर्दशा देखे तब उनी छक्क परेर बसे । आफ्नो मुख देखाउन उनलाई गाह्रो भयो ।···उनी उहीं बसे तथा अघि बढ्ने मन गरेनन् । यसै गरी नवाबले पनि जब आफ्नो फौजको दुर्दशाको खबर सुने, तब उनलाई पनि ज्यादै दुःख भयो । गुरगीन खाँलाई उनले फर्कने आज्ञा दिए ।"

(हरिहरनाथ शास्त्रीको 'मीरकासिम' भन्ने हिन्दी भाषाको पुस्तकको १४६–४८ पृष्ठबाट । हरिहरनाथले 'सियार उल मुताखरीन' को आधारमा यो भाग लेखिएको हो भनी लेखेका छन् ।)

विन्ति गर्दा मारावारहरूदेखि श्री ५ महाराज बहुत खुशी हुनुभयो । ताहाँका बन्दूक आयापछि कंपनी जमाउनाको शुरू गर्नुभयो ।"

(भाषावंशावलीबाट)

मीरकासिमको फौजले मकवानपुरमा आक्रमण गरेको खबर थाहा पाएपछि पृथ्वीनारायण शाहले आपना भारदार रामकृष्ण कुँवरलाई लेखेको तात्कालिक पत्रको सारांश यस प्रकारको छ—

"माघ २ दिन जादा बुधवारका (दिन) हाकीमका फौजले मकवानपुर घेर्‍यो. परंतु डडुवाठानामा घेरेको थियो रे. अरू २ ठानामा हाम्रा आउनु जानु छँदैछ. हरिनामाढीमा नवाफका फौज छ भंने सुन्यौ. हामीले हालुपर्‍यो. तिम्रो अंबलका सबैलाई झारा गरी बाटुला भैंकन रहनु. यस ठाउमा जानु भन्या पठाउला. तेसै ठाउमा पुग्नु भन्या माघशुदि १ रोज+ ।

[हर्नामाढी=मकवानपुरसँगै त्यसको दक्षिणतिर पर्दछ। अंबलका=अधिकार भएको इलाकाका। बाटुला भैंकन=बटुलिएर=जम्मा भएर]

यस विषयमा माथि उल्लेख भएका तिथिमितिका गणना यस प्रकारका छन्—

शाके १६८४ (वि. सं. १८१९) माघ कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| पौष | २७ | शुक्र | अष्टमी | १६ | ३३ |

वि. सं. १८१९ माघ कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २ | बुध | त्रयोदशी | ३ | ७ |

वि. सं. १८१९ माघ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | ५ | शनैश्चर | प्रतिपदा | ९ | ३१ |

वि. सं. १८१९ माघ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | १० | बृहस्पति | षष्ठी | ३४ | १२ |

पृथ्वीनारायण शाहले ज्ञानकर बाँडालाई हरिहरपुरतिरको कुराको सूचना दिई वि. सं. १८१९ फाल्गुन १४ गते मङ्गलवारको दिन पत्र लेखे § ।

"स्वस्ति श्रीगिरिराजेत्यादिश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्—

---

+ यो पत्र ऐ. शि. बाबुराम आचार्यबाट प्राप्त भएको हो । श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९८६–८८ पृ. मा छापिएको छ ।

§ 'पृथ्वीदर्शन' प्रदर्शनीमा देखाइएको नक्कल प्रतिबाट यो प्रतिलिपि हामीले लिएका हौं । श्री ५ पृथ्वीनारायण शाहको उपदेश' का १११६–१९ पृष्ठमा यो छापिएको छ ।

स्वस्ति श्रीज्ञानकर बाँडाके आशिषपूर्वकपत्रमिदम्. आहा कुशल ताहा कुशल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे आहाको समाचार भलो छ.

उप्रान्त ज्या विति गरी पठाइस्. सो जोग्यै हो. नवापको फौज पनी गयो. नवाफ मषनियामाहा थियो. त्यो पनि घर जान भनी उठन तयार भयाको छ.

उप्रान्त फागुनका दिन ५ जाँदा आइतवार मकवानी राषोडाघाट थिया. वही जाइ डाक् हान्यौं. हांदाषेर राजासाहेब बुढिया मैजु राजाकि बैह्नि उम्क्या. राजाका कविला मैंवा हाती ७ पक्र्यौं. राजा पनि आउँछु भनी पठाया र डोली बोकन्या मानिस पठाव्युँ. बृहस्पतिबार शुक्रवार लगु आइपुगनन्, इ आउनी मात्रै हामी पनि आउँछुं.

जउन काम तलाई लायाको थियो. सो काम बनाइ गर. विज्ञेषु किमधिकम्.

फागुन शुदि ९ रोज ३ मुकाम हरिहरपुर शुभम्.

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१९ फाल्गुन शुक्ल

| | गते | वार | तिति | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | १४ | मङ्गल | नवमी | २० । | ४९ |

## ऐतिहासिक टिप्पणी—

यो पत्र पृथ्वीनारायण शाहले हरिहरपुरबाट ज्ञानकर बाँडालाई लेखेका हुन् । यस पत्रमा संवत्‌को उल्लेख परेको छैन । गणना गरी हेर्दा वि. सं. १८१९ मा यहाँ दिइएको तिथिमिति मिलेको हुनाले वि. सं. १८१९ फाल्गुन १४ गते यो पत्र लेखिएको देखिन्छ ।

पृथ्वीनारायण शाह घटनाको सूचना आफ्ना मानिसहरूकहाँ पठाइरहन्थे । यस पत्रमा हरिहरपुरतिरको घटनाको सूचना ज्ञानकर बाँडालाई दिइएको छ ।

पृथ्वीनारायण शाहले वि. सं. १८१९ भाद्र ९ गते मकवानपुर कब्जा गरेका थिए । त्यसपछि दिग्बन्धन सेन हरिहरपुरमा गई बसे । यसको डेढ महीना जतिपछि आश्विन २२ गते गोरखाली सैन्यले हरिहरपुरमा पनि हमला गरी सो कब्जा गर्‍यो । दिग्बन्धन सेन त्यताबाट पनि उम्के ।

बङ्गालका नवाब मीरकासिम नेपालको इलाकामा आफ्नो अधिकार जमाउने सुरमा थिए । यसै हुँदा मकवानपुरमा पृथ्वीनारायण शाहको अधिकार जमेको सुनेपछि मकवानपुर हान्न उनले फौज पठाए । गोरखाली सैन्यले मीरकासिमको सैन्यमा एक्कासि आक्रमण गर्दा सो सैन्य तितरबितर भई भाग्यो । यसरी हारी फर्केपछि पनि मौका परे फेरि हान्ने विचारले सो फौज केही काल सिमानामा बसिरहेको थियो । मौका नपाउँदा निराश भई सो फौज फर्क्यो भन्ने कुरा यस पत्रबाट बुझिन्छ ।

हरिहरपुरबाट भागेका दिग्बन्धन सेनलाई यस वेलासम्म पक्रन नसकिएको र मीरकासिमको फौज सिमानामा बसिरहेको हुनाले यतातिर आफ्नो अधिकार दीगो पार्न विशेष दृष्टि दिनुपरेको

थियो । यसो हुँदा स्वयं पृथ्वीनारायण शाह नै हरिहरपुर पुगी सुरक्षाको आवश्यक प्रबन्ध गर्न लागेका थिए भन्ने यस पत्रबाट बुझिन्छ ।

पछि दिग्बन्धन सेन राखोडाघाटमा बसेका छन् भन्ने थाहा पाई गोरखाली सैन्यले वि. सं. १८१९ फाल्गुन ५ गते त्यहाँ आक्रमण गर्‍यो । दिग्बन्धन सेन त्यताबाट पनि भागे । तर उनका जहान छोरी आदि पक्रिए । यति भएपछि विवश भई दिग्बन्धन सेनले पृथ्वीनारायण शाहसंग आत्मसमर्पण गरे। उनलाई लिन डोली पठाएको र उनी आइपुगेपछि उनलाई साथ लिई फर्कने विचार यस पत्रमा पृथ्वीनारायण शाहले व्यक्त गरेका छन् ।

मीरकासिमलाई बोलाई ल्याई यहाँ आक्रमण गराउनामा दिग्बन्धन सेनको पनि हात रहेको देखिन्छ तथा मीरकासिमको फौज परास्त भई नफर्कुन्जेल दिग्बन्धन सेन काबूमा नआएको पनि यताबाट बुझिन्छ ।

(क्रमश:)

(क्रमागत)

# वीर भक्ति थापा

**—महेशराज पन्त**

हन्डुर दखल गरिसकेपछि नेपाली फौज काँगडा कब्जा गर्न अगाडि बढ्यो । नेपाली सेनाले आँटेको काँगडा हान्ने काममा उसलाई मदत गर्न श्रीमोडिया राजा कर्मप्रकाश खुद आफैं आएका थिए ❁ ।

काँगडासँग नेपालले थालेको यस लडाइँका सेनापतिमध्ये हाम्रा भक्ति थापा पनि एक थिए । यसैले भक्ति थापाले लडेको यस युद्धको वृत्तान्त भक्ति थापाको यस जीवनीमा दिनु उचित ठहराई त्यसैअनुसार काम गरिएको छ ।

❁ तसै बीचमा काँगडा हान्न राजा मुख्तियारको सल्लाह ठहर्दा...तहाँ गढ हान्न गयाका लश्कर भारादारसमेत जगाजगामा कुन्हुवा राखी काँगडा हान्न जानू भन्या हुकुम हुँदा कुमाउमा काजी रणजोर थापा वीरभद्र कवर २।४ कम्पनी अरू ढाक्या जागिन्या गरी १०००।१२०० र गढमा सुब्बा सुरवीर खत्री सर्दार चन्द्रवीर कवर र ठाडामा जम्याका १० कम्पनीसमेत राखी अरू भारादार नयाँ कम्पनी जो भयाका लश्करली सगुता श्रीमोडका राजा कर्मप्रकाशसमेत गोर्खाका सर्दार मुरदत साही प्रभृति···भारी लश्करली काँगडा हान्न गया ।

(भाषावंशावलीबाट)

नेपाली सेनाले काँगडाको सरहदभित्र पसी बाह्लटिपा भन्ने ठाउँमा खलङ्गा हाली बसिरहेको वेलामा काँगडाली मन्त्री निगाहीचन्दको मातहतमा काँगडाली सैन्य लडाइँ गर्न आएको थियो । नेपाली सैन्यले निगाहीचन्दलगायत ४।५ सय काँगडाली सिपाहीलाई मारी यो लडाइँ जितेको थियो◉ ।

यसपछि नेपाली सैन्यले काँगडाको प्रसिद्ध तीर्थ ज्वालाजीसम्म जित्यो❀ । यहीं आएर त्यतातिरका कहलुर आदि राज्यका राजाहरूले अमरसिंह थापासँग भेट गरी नेपालको आधिपत्य स्वीकार गरे§ ।

---

◉ गोर्खाका लश्कर सबै सामेल भै बाह्लटिपामा खलङ्गा हाली बस्याको वेलामा काँगडाको चौतरिया निघाहिचन्दले १२ हजार फौज ली हान्न आयो र गोर्खाका लश्करले पनि २ मुख गरी वैढाउदा बीचमा ठूलो लडाइँ भयो । गोर्खाका २०।२५ खेत रह्या, ३०।३५ घायल भया. काँगडाको चौतरिया निघाहिचन्दसमेत ४।५ सय खेत रह्या । घायलको केही ठेगाना रहेन । जित गोर्खाको भयो ।

(भाषावंशावलीबाट)

❀ तहाँदेखि गोर्खाका लश्करले ज्वालाजीमा डेरा गरी तहाँबाट उठी सुमेरुपुरमा खलङ्गा हाल्या ।

(भाषावंशावलीबाट)

§ कांगडाको प्रसिद्ध तीर्थस्थान ज्वालामुखी पनी नेपालीहरूले आफ्ना अधीन गराए । यहीं आयेर चम्बाका राजा जीतसिंह, नुरपुरका राजा वीरसिंह, बिसौलीका राजा महेन्द्रसिंह, गुलेर वा हरिपुरका राजा भूपसिंह (यो इलाकाका अरु सबै राजा भन्दा इनको मान बढ्ता थियो), जसवनका राजा उमेदसिंह, दतारपुरका राजा गोविन्दचन्द, सीबाका राजा गोविन्द सिंह, कटलेहरका राजा, सुकेतका राजा, मंडीका राजा ईश्वरी सेन ओ कहलुरका राजा महान्चन्दले नेपालका प्रतिनिधि अमरसिंह थापाको दर्शन गरी नेपालको आधिपत्य स्वीकार गरे । (विगनी-भाग १–पृष्ठ–१३८ र टिप्पणी)

(श्रीसूर्यविक्रम ज्ञवालीको अमरसिंह थापाको ३८ पृ. बाट)

अघि हामि काँगडामा जादा राजाहरूसँग घा गरी गञ्‌.

(काजी अमरसिंह थापाले ज. अमरसिंह थापालाई वि. सं. १८७० मंसीर १० गते लेखेको चिठीबाट । पूर्णिमा ९ पूर्णाङ्कको ५२ पृ. बाट)

तहाँपछि शतरुद्रा तऱ्यापछि मनिका राजा मिलन आया ।

(भाषावंशावलीबाट)

देवी चन्द्र इज् द फर्स्ट् राज थ्याट् हरिबल्लभ् रिमेम्बरज् । सो लङ् यांज् ही लिभ्ड्, ही वज् ए॰वल् ट रिजिस्ट् अ॰ल् हिज् ने॰बरज्, यॉन्ड् एन्टरड् इन्टू अ फ्रेन्डशिप् विद् पृथ्वी नारायण्

यसरी त्यतातिरका राजाहरूको मदत लिई नेपाली सैन्य अगाडि बढ्दै गइरहेको वेलामा काँगडाली राजा संसारचन्दको सैन्यले काँगडाको उत्तरपट्टिको पलाम सहर घेरामा पार्‍यो । तर नेपाली सेनाले काँगडाली सेनालाई धपाई पलामको किल्लालाई आफ्नो अधीनमा गरायो❁।

---

अभ् गोर्खा, ह्विच् ह्याज् कन्टिन्यूड अन्इन्टरप्टिड बिट्वीन् दे र डिसेन्ड्यान्ट्स्, सो द्याट् महा चन्द्र, द सन् अफ् देवी, लिभ्ज् अन्डर् द प्रटेक्शन् अभ् अमर् सिङ्घ ।

(ह्यामिल्टनको अकाउन्ट् अभ् नेपालको ३१३ पृ.)

[हरिवल्लभले संझेका कहलुरका राजाहरूमा देवीचन्द्र पहिला हुन् । देवीचन्द्रलाई उनका छिमेकीहरूले जिन्दगीभर दबाउन सकेनन् । गोर्खाका पृथ्वीनारायणसंग उनको मैत्री थियो । त्यो मैत्री तिनीहरूका (पृथ्वीनारायणका र देवीचन्द्रका) सन्तानहरूमा अनवच्छिन्न रूपमा रहिरहेछ । देवीचन्द्रका छोरा महाचन्द्र अमरसिंहको आश्रयमा बसिरहेछन् ।]

ज्वालामुखी वज् अ कन्सिड्अरेब्ल् टाउन्, ह्वेर् मेनइ गस्साइँ मरचन्ट्स् ह्याड् सेट्लड्, बट् डयूरङ् द डिस्टर्ब्यान्स् इट् वज् प्लन्डर्ड् बाइ द राज अभ् गुलर्, हू ह्याड् जइनड् अमर् सिङ्घ ।

(अकाउन्ट् अभ् नेपालको ३१२ पृ.)

[ज्वालामुखी एउटा ठूलो सहर थिया । त्यहाँ धेरै गोसाइँ व्यापारीहरूले बसोबास गरेका थिए । अमरसिंहसँग मिलेका गुलेरका राजाले यो गडबडमा ज्वालामुखी सहर लुटेका थिए ।]

बिट्वीन् दोज् सिङ्घज् यॉन्ड् द टेर्‌इटरि अभ् काङ्ग्रा, द हिल्ज् आर् अक्युपाइड् बाइ द पेट्इ स्टेट् अफ् कोट्हार्, ह्विच् आइ ह्याभ् मेन्शन्ड्, वज् सब्डयूड् बाइ द चीफ्ज् अफ् काङ्ग्रा, बट् महीपत्, इट्स् ओनर्, ह्याभिङ् जइन्ड् अमर् सिङ्घ, वज् बाइ हिम् रीप्लेस्ड् इन् हिज् प्याट्रिमनि, ह्विच ही रिटेन्ज् ।

(अकाउन्ट् अभ् नेपाल्को ३१३ पृ.)

[ती सीखहरूको र काँगडाको सरहदको बीचका पहाडहरू कोट्हार नाउँको सानो राज्यको अधीनमा छन् । कोट्हारलाई काँगडाका राजाहरूले दखल गरेको कुरा मैले भनिसकेको छु । यहाँका राजा महीपत आफूसँग मिलेकाले अमरसिंहले उनलाई उनको पुर्खौंलो राज्यमा फेरि राखिदिएका थिए । अहिले महीपत कोट्हारमा राज्य गरिरहेछन् ।]

❁"तिमीले त्रिगर्त (काँगडाको प्राचीन नाम) सित डराउन पर्दैन । गोर्खाली चंबा औ कहलुर भनेका एकै हुन् । औ चंबा भनेको गोर्खालीको वजीर हो । तिमीले डूगरमा (आधुनिक जम्मु) मदद मागी पठाउ औ अरु राजाहरुलाई भेला गर–रिहलुमा (कांगडाका उत्तरको इलाका) आफ्ना पल्टनको एक भाग राखी बांकी समतपालमा (?) पठाउ । कटोचको (कांगडा) पल्टनले पलाम घेरामा पारेको थियो तर गोर्खालीले तिनलाई धपाई गढ आफ्ना अधीन गराये ।

यसपछि नेपाली सैन्यले काँगडा सहर पनि कब्जा गरेकोले संसारचन्द काँगडाको किल्लारूपको दुर्भेद्य सहरभित्र बस्न गए । काँगडाको किल्लाभन्दा पूर्वपट्टिको टेहरा किल्लामा सर्दार भक्ति थापाले घेर्न जाँदा हन्डुरका भगुवा राजा रामशरणले हन्डुरमा हमला गरे। आफूले जितिसकेको हन्डुरमा यसरी शत्रुले हमला गरेकोले शत्रुलाई धपाउन भनी काँगडाबाट पल्टन लिई सुब्बा हस्तदल साही, काजी जसपाउ थापा र सरदार अङ्गद घले हन्डुरमा आए। उनीहरूले रामशरणलाई धपाई हन्डुरमा नेपालको सत्ता कायम राखे★ ।

संसारचन्दले किल्लाभित्रबाट नेपाली सैन्यको मुकाबिला गरेकाले २।३ वर्ष लड्दाखेरि पनि नेपाली सैन्यले काँगडाली सैन्यलाई कायल पार्न सकेन । यस कारण अब के गर्ने भनी काजी अमरसिंह थापाले काठमाडौंमा सल्लाह मागी पठाए । बढी सैन्यबलद्वारा काँगडालाई कायल

---

रुपियाँको ठूलो खाँचो छ औ (तिम्रा) वजीरले ४००० रुपियाँ पठाउने कुरा लेखेका थिये । त्यो रुपियाँ छिटै पठाउ औ अब दुई महीनामा खबर पाइने छ" । (चंबाको भूरिसिंह म्युजियमको सूचि–बोकेल–परिशिष्ट ४–सी०–५७)

(अमरसिंह थापा र रणजित् कवरले चम्बाका राजा जितसिंहलाई लेखेको चिठीको आशय । अमरसिंह थापाका ३४–३५ पृ. बाट)

★ अमर् सिङ्घ बिसीज्ड्, अ₃र् रादर् ब्लक्ए₃डिड् द सिट्अडल् अभ् काङ्ग्रा, फ₃र् ही वज् इन् पजेश्अन् अभ् द टाउन् । ही वज् अपोज्ड् बाइ अनिरुद्ध, द सन् अभ् सङ्सार् । भक्ति थापा बिसीज्ड् सुजान्पुर्, ह्विच् वज् डिफेन्डिड् बाइ मान् सिङ्घ, ब्रद्अर् अभ् सङ्सार्, यान्ड् हर्ष देभ्', द ब₃र्लाइक् ब्रामन् अभ् कुमाउ...।

(अकाउन्ट अभ् नेपाल्को ३११ पृ. बाट)

[ काँगडाको सहर कब्जा गरिसकेको हुनाले काँगडाको किल्लामा अमरसिंहले घेरा हाले । अझ ठीक भनूँ भने उनले किल्लाभित्र जान वा किल्लाबाट आउन दिएनन् । संसारचन्दका छोरा अनिरुद्धले अमरसिंहको सामना गरे । संसारचन्दका भाइ मानसिंहले र कुमाउका योद्धा ब्राह्मण हर्षदेवले रक्षा गरिएको सुजानपुरमा भक्ति थापाले घेरा हाले । ]

सिंहनाथकम्पनी १ र गढकुमाउमा बस्याका कम्पनी १२ समेत सर्दार भक्ति थापा टिहिरामा घेरा दिन गया ।

त्यहा वेला राजा रामशरणले १०।८ हजार लश्कर ली हन्डुरमा चढी रस्ता बन्द गर्दा काँगडाबाट सुब्बा हस्तदल साही काजी जसपाउ थापा सर्दार अंगद घलेले ९।१० कम्पनी ली हंडुरमा आई रामशरणसित लडाञी हुँदा हंडुर साफ गरी वैरी काटी रस्ता खोली कम्पनी फौज लिएर काजी जसपाउ थापा काँगडैमा फर्क्या । सुब्बा हस्तदल साही र सर्दार अङ्गद नेपाल गया । सुब्बा हस्तदल साही सल्ल्यान आइपुग्दा तिमी फेरि फर्की डोटी जाई बस भन्न्या हुकूमको लालमोहर आउँदा फर्की डोटीमा आई बस्याका थिया ।

(भाषावंशावलीबाट)

पार्ने भन्ने ठहर काठमाडौंमा भएकोले वि. सं. १८६३ मा काजी नयनसिंह थापाको मातहतमा फौज खटियो॥ :

॥ चौपई ॥ पश्चिम साधन भेज्यो काजी ॥ अमरसिंह थापा करि राजी ॥
ज्वालापरस काँगडा धायो ॥ चहूं शेरसौं घेर करायो ॥
किलाकांगडा मध्यमै राख्यो ॥ आसपास सब कटक हि लाग्यो ॥
ठौरठौरमैं बने षलंगा ॥ कुरती लाल सजे हि तिलंगा ॥
कुरती सबज कहूं असमानी ॥ नीली पीली जरकेसरानी ॥
सेली पाग भागमैं धारी ॥ किनहूं फेटा टोपी कारी ॥
चंदन रक्त सेत सिर लायो ॥ किनहूं घिसि सिंदूर चढायो ॥
किनहुं भबूत तिलाषाधारी ॥ किनहूं कुंकुम केसर प्यारी ॥
किनहुं षुकरी करमहि लीनी ॥ किनहूँ षुंड दाल सौहि कीनी ॥
किनहुं असील तुपक गहि बरछी ॥ किनहूं तीर कमान हि तिरछी ॥
किनहुं तुपक तोफ अंगरेजी ॥ किनहूं पथरकला करमे जी ॥
चारौंतरफ वीर यौं साजे ॥ बजै दमामा मारुबाजे ॥
तासमारफा दोल दंकारा ॥ रणसिहा करनाल भंकारा ॥
भेरीनाद संष बहु बाजैं ॥ दोलक औ सिणाही बाजैं ॥
याहि भात कहि वर्ष बिताये ॥ वैरी कोय न बाहर आये ॥
किलाभीतरैं बैठे जाई ॥ भीतर हीसौं करैं लडाइ ॥
राजासहित फौज गदमांही ॥ बाहर लडनैं आवैं नाही ॥
केते वर्ष याहिविध बीते ॥ बाहर भीतर लडत है रीते ॥
अमरसिंह तब चिंता कीनी ॥ अरजी लिख महाराज कौं दीनी ॥२३॥

दोहा ॥ वैरी बाहर होई जौ लडैं हौं सनमुख जाई ॥
तीन वर्ष बीते हमैं दीजे मंत्र बतलाय ॥२४॥

चौपई ॥ भीमसेन इह अरजी दीनी ॥ महाराज कर अपने लीनी ॥
अरजी षोल वांच महाराजा ॥ कह्यो होई किहविध इह काज ॥
किनहूं कही जो हेला कीजैं ॥ किनहूं कही जौ मेला कीजैं ॥
किनहूं रस्त बन्द ठहराई । विना अंन गद रह्यो नजाई ॥
या विद सब हीनैं भिम भाकी ॥ जेती अकल आई जाकी ॥
नैंनसिह तह काजी भारा ॥ सब मंत्रीन हीमैं सिरदारा ॥
अमरसिंहसुत सूर महाई ॥ भीमसेन काजीको भाई ॥
थापा पद कर्मका छत्री ॥ दाता ज्ञाता परमपवित्री ॥
नैंनसिह है ताको नामा ॥ सुंदर सूर महाअभिरामा ॥
महाराजसौं बिनती कीनी ॥ निमकहलाली सिर पै लीनी ॥

महाराजहौं अज्ञा पाऊँ ।। किला कांगडा जाय छुटाउं ।।
महाराज सुन येती बांनी ।। भये प्रसंन महाहित मानी ।।
कह्यो कृपा कर तुम मत जावो ।। राजकाजमहि इते रहावो ।।
नैर्नसिह पुनि बिनती कीनी ।। महाप्रेम सौं नृप सुन लीनी ।।
महाराज मम कृपा काजै ।। सिघृ विदा सेवक कौं दीजै ।।
राजकाज मैं सीस लगाऊं ।। काज किऐ बिन घर नहि आउं ।।
मन वच कर्म साच नृप चीनी ।। तबै विदा काजी कौं दीनी ।।

(गढवाला कवि मोलारामले वि. सं. १८६७ मा लेखेको अप्रकाशित गीर्वाणयुद्धप्रकाशबाट । वीर बलभद्र कवरका पनाति श्रीरेवतबहादुर कवरसँग सचित्र गीर्वाणयुद्धप्रकाशको मूल प्रति छ । त्यही मूल प्रतिबाट वि. सं. २०१० मा श्रीधनवज्र वज्राचार्य र श्रीज्ञानमणि नेपालले यसको नकल लिनुभएको थियो । त्यसैबाट यो उतार यहाँ दिइएको हो ।)

[ (महाराजले) काजी अमरसिंह थापालाई राजी गरी पश्चिम हान्न पठाउनुभयो । (अमरसिंह थापा) ज्वालाबाट काँगडामा आउनुभयो । (उहाँले) चारैतिर घेरा हाल्न लाउनुभयो । काँगडाको किल्लालाई बीचमा पारी यताउति सबै ठाउँमा फौज राखियो । ठाउँठाउँमा खलङ्गा बने । तिलङ्गा (सिपाही) हरूमा कसैले रातो, कसैले हरियो, कसैले आसमानी, कसैले नीलो, कसैले पहेंलो, कसैले केसर रङ्गका कुर्ता लाएका थिए । कसैले पगरी लाएका थिए । कसैले फेटा गुथेका र कसैले टोपी लाएका थिए । कसैले रक्तचन्दन र श्रीखण्ड निधारमा लाएका थिए । कसैले निधारमा सिन्दूर घसेका थिए । कसैले बिभूत लाएका थिए । कसैले केसरी लाएका थिए । कसैले हातमा खुकुरी लिएका थिए । कसैले खुँडा र ढाल लिएका थिए । कसैले बन्दूक र कसैले बर्छी लिएका थिए । कसैले धनुःवाण लिएका थिए । कसैले अङ्ग्रेजी बन्दूक लिएका थिए । कसैले हातमा पत्थरकला (चकमक र पत्थर घोटी आगो निकाली बारूद सल्काई पड्काउनुपर्ने बन्दूक) लिएका थिए । वीरहरू चारैतर्फ यसरी सजिसजाउ भएर बसे । नगरा, ठूलो नगरा, तासमारफा ? ढोल, दंकारा ? रणसिंहा, करनाल, भंकारा ?, भेरी, शङ्ख खूप बजाइए । ढोलक र सहनाइ बजे । यही भाँतिले केही वर्ष बिताइए । कुनै शत्रु पनि बाहिर आएन । किल्लाभित्र गएर (शत्रुहरू) बसे । (शत्रुहरूले) भित्रबाट लडाइँ गरे । राजासहित (शत्रुको) फौज गढभित्र (थियो) । बाहिर लड्न कोही पनि आएन । एवं प्रकारले केही वर्ष बिते । (यही) रीतले बाहिर र भित्र गरी (गोर्खालीले र कांगडालीले) लडे ।

अनि अमरसिंहले चिन्ता गर्नुभयो । शत्रु बाहिर निस्केको भए सामुन्ने गएर लड्थ्यौं, तीन वर्ष बित्यो, हामीलाई शिक्षा बक्स्योस्" भनी (उहाँले) अर्जी लेखेर महाराजकहाँ चढाउनुभयो । भीमसेनले यो अर्जी (महाराजलाई) टक्र्याउनुभयो । महाराजाले आफ्नो बाहुलीमा लिइबक्स्यो । अर्जी खोलेर महाराजबाट बाँचिबक्स्यो । यो काम कसरी सिद्ध हुन्छ भनी महाराजबाट हुकूम

नयनसिंह थापा काँगडातिर हिंड्दा हन्डुरका भगुवा राजा रामशरणले हण्डुर फेरि कब्जा गरेका थिए। यसै वेला कहलुरका राजा महाचन्दले र बाह्रठकुराइका ठाकुरहरूले पनि विद्रोह गरेका थिए। यसैले काँगडा जित्नुभन्दा पृष्ठशोधन गर्नु नेपालको लागि आवश्यक थियो। काँगडातिर हिंडेका काजी नयनसिंह थापाले आफ्नो बाटोमा परेका हन्डुर, कहलुर र बाह्र-राइ जिती पृष्ठशोधन गरेकाले नेपालको पार्ष्णिभय हटेको थियो★।

(क्रमशः)

---

भयो। कसैले हमला गर्नुपर्छ भने। कसैले मेल गर्नुपर्छ भने। कसैले अन्न नरोकी किल्ला हात नपर्ने हुनाले बाटो बन्द गर्नुपर्छ भने। जजसलाई जे जे अकल आयो, उनीहरूले त्यही त्यही यसरी भने।

अनि अमरसिंहका छोरा, भीमसेन काजीका भाइ, शूरा, दानी, जान्ने, खूप चोखा, राम्रा, सबै मन्त्रीहरूमा श्रेष्ठ नयनसिंह थापा क्षत्रीले "महाराज! म आज्ञा पाऊँ, काँगडाको किल्ला छुटाउन जान्छु" भनी नूनको सोझो गरी महाराजलाई बिन्ती चढाउनुभयो। यो कुरा सुनी असल भन्ने ठानेर महाराज खूप खूशी भइबक्यो। तिमी नजाऊ। यहीं राजकाज गरेर बस' भनी महाराजबाट कृपा गरा (उहाँलाई) हुकूम भयो। "महाराज मलाई दया गरिबक्स्योस्, सेवकलाई चाँडै बिदा बक्स्योस्, म राजकाजमा टाउको खपाउँछु, काम फत्ते नगरीकन घर आउँदिन" भनी नयनसिंहले फेरि बिन्ती चढाउनुभयो। महाराजले खूब प्रेमपूर्वक (उहाँको कुरा) सुनिबक्यो।

त्यसपछि काजीको मन बोली काम एकै नासको ठहराई महाराजबाट उहाँलाई बिदा बक्यो।]

★श्रीबुबाज्यूबाट गढलगायेत् कागडातक मुलुक सयेल गर्नाको मनसुबा गरिबक्सनुभयेछ र काजि अमरसिंह थापा सर्दार भक्ति थापा अघि अष्त्यार भै गयाका रह्याछन्. उनबाट फत्यै भै नसक्दा तिमीहरूका दाज्यु बाबु माहिला काजि नयेनसिंह थापालाई पठाईबक्सनु भयेछ. भारि लस्कर ली काजि नयेनसिंह थापा गै हल्लुर कहल्हुर बाह्रठकुराञि जिति...... (श्री ५ राजेन्द्रविक्रम शाहले ज. रणवीरसिंह थापा, ज. माथवरसिंह थापा, काजी त्रिविक्रमसिंह थापा, क. क. सेरजङ्गबहादुर थापाहरूलाई लेखिदिएको जितापत्रबाट। इतिहास-प्रकाश १-अङ्कको ४२ पृ. बाट।)

नयनसिंह थापा कांगडा गएको विषयमा भाषावंशावलीमा यस्तो लेखिएको छ—

"तस्तै बीचमा काँगडा हान्न राजा मुख्तियारको सल्लाह ठहर्दा नेपालबाट काजी नयनसिंह थापा काजी जसपाउ थापा सरदार सुरदत्त साहीलाई नयाँ श्रीनाथ बरदबानी रणभीम कम्पनी ३ साथ गरी सुबा रघुनाथ गुरुङ प्रह्लाद गुरुङका साथ नयाँ कम्पनी ४ समेत १५ सय लश्कर

(क्रमागत)

# राजज्योतिषी लीलानाथ पाँडे

## (वि. सं. १८४३–८६)

–दिनेशराज पन्त

लीलानाथका काहिँला भाइ प्राणनाथले§ श्री ५ गीर्वाणबाट कन्यादान पाएका थिए। त्यस वेला उनले जग्गा पाएका थिए। त्यस विषयको पत्र वि. सं. १८७९ मा भएको थियो⊙। प्राणनाथ पाँडेको मृत्यु भइसकेको हुनाले वि. सं. १८८३ श्रावणमा त्यस विषयको ताम्रपत्र लीलानाथको नाममा भएको थियो। यस ताम्रपत्रमा वि. सं. १८७९ को पत्रमा उल्लेख भएको देउरालीको जग्गाको उल्लेख परेको छ। साथै इलाछिटोलमा (भीमसेनस्थाननिर) घर पनि दिइएको उल्लेख परेको छ। सो घरमा पहिले काशीनाथ उपाध्याय बसेका थिए। उनलाई ह्नैकन्तलामा घर दिई यो घर प्राणनाथ पाँडेलाई दिइएको हो भनी यहाँ लेखिएको छ। सो

---

र अरू ढाक्या जागिऱ्या गरी ५।७ सय लश्कर आउँछन्, तहाँ गढ हान्न गयाका लश्करमध्ये जगाजगामा कुह्लु वा भारदार राखी काँगडा हान्न जानू भन्न्या हुकूम हुँदा कुमाउमा काजी रणजोर थापा वीरभद्र कवर २।४ कम्पनी अरू ढाक्या जागिऱ्या गरी १००० ।१२०० र गढमा सुब्बा सुरवीर खत्री सर्दार चन्द्रवीर कवर र ठाडामा जम्याका १० कम्पनीसमेत राखी अरू भारदार नयाँ कम्पनी जो भयाका लश्कर सगुता श्रीमोडका राजा कर्मप्रकाशप्रभृति भारदारहरूले किमरोड बगलक कहलुरतर्फ मोहडा दी लश्कर अगाडि बढ्न्या वेलामा काजी नयनसिंह थापाले किमरोडमा फौजसँग सामेल भै हन्डुरमा लडाइँ हुँदा हन्डुर सर गरी सर्दार इन्द्रसिंह थापासमेत ४।५ कम्पनी तहाँ हन्डुरमा राखी भारी लश्कर ली काँगडा हान्न गया। तहाँपछि शतरुद्रा तऱ्यापछि मनिका राजा मिल्न आया।"

अमरसिंह थापाहरूको मदतको लागि पछि मात्र नयनसिंह काँगडामा गएको कुरा गीर्वाणयुद्धप्रकाशको र श्री ५ राजेन्द्रले रणवीरसिंह थापाहरूलाई गरिदिएको जितापत्रको माथि उल्लेख गरिएको अंशबाट बुझिन्छ। भाषावंशावलीमा भने काँगडाको लडाइँ थाल्नुभन्दा पहिलेबाटै अमरसिंह थापाहरूको मदतको लागि नयनसिंह थापा त्यतातिर गएको कुरा लेखिएको छ। गीर्वाणयुद्धप्रकाश तात्कालिक भएकोले पछि मात्र नयनसिंह थापा काँगडातिर गए भनी माथि लेखिएको हो।

§प्राणनाथ पाँडेको अरू परिचय पूर्णिमा १२ अङ्कका ४७–४९ पृष्ठमा हेर्नुहोस्।

⊙ पूर्णिमा १३ अङ्कका ४७–४८ पृष्ठ हेर्नुहोस्

ताम्रपत्र यस प्रकारको छ §—

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्म-महाराजाधिराजश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ् देवानां सदा समरविजयिनाम्.

आगे लिलानाथ पाडेके तम्रा भाइ प्राणनाथ पाडे र तनकि ब्राह्मणिसमेतके सम्वत १८६१ साल मिति फाल्गुणसुदि २ रोज २ का दिन* श्री ५ बुबाज्यूबाट कन्यादान गर्नु हुदा संकल्प भयाका घर १ औ षेत ४। ⊙ तस्को सरहबमोजीमका घन्याडी‡समेत र संकल्पबाहेक षुवा→ रोपनी २५ को प्रायश्चित सर्कार राषि विवाह् व्रतबंधको वलक गादिममारष▨ चुमावन% गोडधुवा+ आफ्ना हातले सर्कार चह्लाउनु गरी सर्वांक मारि मेटी❁ औ इलाछिटोलको घरका श्री ५ बुबाज्यूबाट साँध लाइ बक्सनुभयाबमोजीम्समेत् कुसबिर्ता† बितलप गरिबक्स्याको मोहर ताम्बापत्र गरिबक्स्यौं.

देउरालीका अम्बलमध्ये मंगलडिवि षेत १।७६● महेल्या षेत् १।२८▱ घन्याडी पाषो रोपनी २८ का साटो पानीषेत हुनाले आफ्ना मनोमानसंग दोवर घटाइलियाको अंजन षेतमध्ये पानीषेत रोपनी १४ के मुरि ।५६ घन्याडीसमेत ज्मा षेत ३।६० △ तस्को साँध पुर्व्व सहेल्या षोलसि साँध लुहकिल⊡ दछिण कुलो र षकुरालको पाषो रँकर गह्रा लुहकिल पश्चिम महचास षोलाको ढिक∸ लुहकिल उतर महचास षोलाका ढिक र बगर लुहकिल दर्के गोबन्या षेत मुरि ।९६★ तस्को साँध पुर्व कलस्या षोलो लुहकिल दछिण रँकर षेतको लुहकिल पश्चिम जामुन्या षोलसि लुहकिल उतर रँकर षेतको लुहकिल औ षुवा डाडागाउ पाषो रोपनी २५ तस्को साँध पुर्व बाटो लुहकिल दछिण दोबाटाको लुहकिल पश्चिम बाटो लुहकिल उत्तर बाटो र भंज्याङ्को लुहकिल औ घर १ को साँध अघि कासिनाथ पाध्या नानी ‖ बस्याको घर उनलाइ ग्हँकनतलाको घर सट्टा वि

---

§ यस निबन्धमा तत्तत्स्थानमा उल्लेख गरिएकाबाहेक अरू पत्र पात्रा मोहननाथ पांडेको पुर्ख्यौली सङ्ग्रहका हुन् ।

*यस दिनको पञ्चाङ्ग पूर्णिमा १३ अङ्कको ४७ पृष्ठमा हेर्नुहोस् ।

⊙षेत ४।=१०० रोपनी । ‡घन्याडी=घरले चर्चेको जग्गा । →षुवा=एक किसिमको बिर्ता । ▨ गादिममारष=राज्याभिषेकमा लाग्ने कर । %चुमावन=राजा वा राजाका छोराको व्रतबन्धमा लाग्ने कर । +गोडधुवा=राजाकी छोरीको बिवाहमा लाग्ने कर । ❁सर्वांक मारि मेटी=कुनै किसिमको कर पनि नलाग्ने गरी । †कुसविर्ता=श्री ५ सर्कारबाट कुश हाली संकल्प गरी ब्राह्मणलाई बक्सेको जग्गा । ● षेत १।७६=४४ रोपनी । ▱षेत १।२८=३२ रोपनी । △ षेत ३।६०=९० रोपनी । ⊡लुहकिल=सीमाना छुट्याउन गाडिएको ढुङ्गा । ∸ ढिक=थुम्को । ★ मुरि ।९६=२४ रोपनी ।

‖ शशिधर उपाध्यायले श्री ५ प्रतापसिंह शाहलाई पठाएको पत्रमा काशीनाथ उपाध्यायको उल्लेख आएको छ ।

(ऐतिहासिक–पत्रसङ्ग्रह पहिलो भागको २९ पृष्ठ हेर्नुहोस् ।)

यी उनै काशीनाथ हुन् कि अरू हुन्, विचारणीय छ ।

इलाछिटोलका घरमा ससिधर पाध्या कडचाल भानु पाध्या षनाल चक्रु पाध्या अर्ज्याल लक्षिमनारांन् डिट्ठाले साध लाइ माटो छरिदियाबमोजीम पछिका संधियारले पनी तेहिबमोजीम साँध गरिदियाको घरका साँध रविंसि षडकाको घर र किलाइ गारो साझा धालापात सिब्या साल्मीका घरदेषि पश्चिम श्रीमहादेवका जिमी र सतल मुलबाटो सिब्या साल्मीको घरदेषि पुर्व गल्लि बाटो र सिब्या साल्मीका घर साझा धालापातदेषि उत्तर लाछिर गल्लि बाटोदेषि दछिण यति साँधभीत्र घर जा❀ १४ जवा २ हात् १९ अंगुल १७ चोक पाताल◉ ज्मा षा ६ हात १६ अंगुल १० येति सबै साँधसिमानाभीत्र षेत चार घन्याडी पानी षेत रोपनी चौदह षुवा पाषो रोपनी पचीस् घर येक बिर्ता बितलप जानी संतान् दरसतान्पर्य्यंत परम सुष भोग्य गर.

यो बिर्ता षेत र घर संकल्प हुदा संकल्पवाक्य पढ्न्या पुरोहित यदुनाथ पंडीत अर्ज्याल× पानी हालन्या श्रीजनरल भीमसेन थापा षेत षुवाको साध लाउन्या सधियार कासिराम पाडे श्रीभक्त अर्ज्याल भानु पाध्या षनाल श्रीनाथ पंथ र्हरिवंस वोहरा वंसविर राना कृष्णानंद पाध्या रिमाल द्वान्या उमापति सापकोटा थरि छिताराम षकुराल नारायेन पौडयाल जगन्नाथ षकुराल दुर्गादास कडयाल बिर पाडे सर्वेश्वर पौडयाल उमाकांत षकुराल लक्षिमनारान् धिताल रामचन्द्र घिमिन्या रुद्रदेउ कडयाल दयाराम पौड्याल जयनारांन पाडे रमाकांत पाठक छिताराम तिमिलसिना दसरथ तिमिलसिना रामकृष्ण बासकोटा लोकेश्वर कडयाल कासिराम् षकुराल जयकृष्ण अचार्ज नारान् मिझार रुपसिं मिझार मदुटोलको डगोलनाएक धंत्त व्राह्मणटोलको महंतसिं वबाहाटोलको मटयां डगोल घरको सधियार गणपति पंथ मोहनाथ अर्ज्याल मर्दनसिं राना * डिट्ठा कालीदास कर्मिनायक लक्षिमगोपाल सिधिनारान् भाग्नारान् चन्द्रपति जनधंतसिं षलिसि चिगढी धमदेउ.

बिर्तवारले किल्लाभंदा अघ्यालो नचापनु. विनातक्सिसर§ जवद नगर्नु. जो एस बंधेजमा रहँन. सो एस श्लोकमा भन्याको पातकि होला.

---

❀ घरका जमीनमा २२।। हात लम्बाइ र एक हात गज भयाको जमीन लाई जवा भन्दछन्.
४ जवा=१खा

(गोपाल पाँडेको व्यक्तचन्द्रिका २ पृष्ठ)

यस कारण ९० वर्ग हात=१ खा हुन्छ ।

◉पाताल=घर नभएको जग्गा ।

×श्री ५ रणबहादुर शाहले काशीमा बस्दा लिएको सापटी तिर्न भारादारहरूबाट पदक्रम-अनुसार पैंसा उठाइएको थियो । त्यस वेला यदुनाथ अर्ज्यालले पनि ७५। रुपैयाँ तिरेका थिए । (चित्तरञ्जन नेपालीको श्री ५ रणबहादुर शाहका १३९–४१ पृष्ठ हेर्नुहोस् ।)

*यी मर्दनसिंह राना थरघर थिए । (इतिहास-प्रकाश दोस्रो अङ्क दोस्रो भागका ९३–९८ पृष्ठ हेर्नुहोस् ।)

§ तक्सिर=अपराध ।

स्वदत्तां परदत्ताम्वा यो हरेद्वै वसुंधराम् ।
षष्टिवर्षसहश्रा(स्रा)णि विष्टायां जाए (य)ते क्रिमिः ॥❁

इति सम्वत १८८३ साल मिति श्रावण वदि ४ रोज १§ शुभम्

वि. सं. १८६१ मा दान भएको कुराको लालमोहर वि. सं. १८७९ मा, त्यस विषयको ताम्रपत्रचाहिँ वि. सं. १८८३ मा भएको कुरा यताबाट स्पष्ट हुन्छ ।

भीमसेन थापाले लक्ष्मीपति पाँडेलाई विशेष अनुग्रह वा निग्रह केहा गरेनन् भन्ने कुरा पहिले लेखिसकिएको छ ∻ । वि. सं. १८७९ मा भएको पत्रमा इलाछिंटोलको घरको उल्लेखै छैन । तर वि. सं. १८८३ को ताम्रपत्रमा त्यसको स्पष्ट उल्लेख छ । यताबाट शासकहरू आफ्ना मानिसलाई केही दिनुपर्‍यो भने आफूले झट्ट दिएको जस्तो नदेखाई अघिअघि भएका घटनासँग त्यसलाई जोड्न पुग्दथे कि भन्ने देखिन्छ ।

यताबाट राजनीतिमा नलागेका खालि पण्डितको रूपमा रहेका लीलानाथदेखि भीमसेन थापा प्रसन्न हुँदै गएका देखिन्छन् । भीमसेन थापाको उन्नति चरमसीमामा पुगिरहेको वेलामा लीलानाथको नाउँमा भएका यी तथा अरू पत्रहरूले पनि यी कुरालाई पुष्टि गर्छन् ।

श्री ५ रणबहादुर शाहकी जेठी बडामहारानी राजराजेश्वरी हेलमुमा निर्वासित गरिएकी थिइन् । वि. सं. १८६३ बैशाख १४ गते सौताने भाइ शेरबहादुर शाहको हातबाट श्री ५ रणबहादुर शाहको मृत्यु भयो❀ । रणबहादुर शाहको मृत्यु भएपछि राजराजेश्वरी हेलमुबाट झिकाइइन् र नवौं दिनको दिन सती गइन् । त्यस वेला लीलानाथका काहिँला भाइ प्राणनाथ पाँडेले जग्गा दान पाएका थिए । वि. सं. १८६५ वैशाख २६ गते श्री ५ गीर्वाणको विवाह भएको थियो‡ । त्यस वेला लक्ष्मीपतिले श्री ५ गीर्वाणबाट जग्गा दान पाएका थिए । वि. सं. १८७५ पौषमा षड्ग्रहयोग परेको हुनाले त्यसको शान्तिको लागि लीलानाथले श्री ५ राजेन्द्रबाट जग्गा दान पाएका थिए । वि. सं. १८८०को श्रावणसंक्रान्तिमा र त्यही साल भएको श्री ५ राजेन्द्रको व्रतबन्धमा पनि लीलानाथले जग्गा दान पाएका थिए* । चापागाउँ, भँडा-

---

❁ आफूले वा अरूले दिएको जग्गालाई जसले हर्ला, ६० हजार वर्षसम्म त्यो नरकमा पर्ला ।

§ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८८३ श्रावण कृष्ण (पूर्णान्तमानले)

| | गते | बार | तिथि | घ. प. |
|---|---|---|---|---|
| श्रावण | १० | आदित्य | चतुर्थी | १२। २० |

(पात्रोबाट)

∻ पूर्णिमा १० अङ्कको ५३ पृष्ठ हेर्नुहोस् ।

❀ पूर्णिमा १२ अङ्कको ४८ पृष्ठ हेर्नुहोस् ।

‡ पूर्णिमा ११ अङ्कका ३८–३९ पृष्ठ हेर्नुहोस् ।

* पूर्णिमा १४ अङ्कका १६२–६५ पृष्ठ हेर्नुहोस् ।

रीटार (देउराली), बलम्बु यी सबै ठाउँका जग्गाको विषयमा वि. सं. १८८३ श्रावणमा लक्ष्मीपति र लीलानाथको नाममा ताम्रपत्र गरिदिइएको थियो । सो ताम्रपत्र यस प्रकारको छ–

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्री श्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ देवानां सदा समरविजयिनाम्.

आगे लक्ष्मापति पाडे लिलानाथ पाडेके सम्वत १८६३ साल मिति वैसाष सुदि १५ रोज ६ का❀ दिन श्री ५ जेठा बज्याज्यूबाट सति हुनुहुदा❁ संकल्प भयाका षेतमध्ये प्राणनाथ पाडेके षेत मुरि । ५०§ औ सम्वत १८६५ साल मिति वैसाष सुदि ११ रोज६ का÷ दिन श्री ५ बुबाज्यूका विवाहमा संकल्प भयाका षेतमध्ये लक्ष्मापति पाडेके षेत मुरि ।५०† औ सम्वत १८७५ साल मिति पौष सुदि ३ रोज ४ का* दिन षडग्रहसांतिमा+ हाम्रा बाहुलिबाट

---

❀यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

बि. स. १८६३ वैशाख शुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| वैशाख | २२ | शुक्र | पूर्णिमा | ४७। ४० |

(पात्रोबाट)

❁ तात्कालिक एउटा पद्यमा पनि राजराजेश्वरी सती गएको मिति यही दिइएको छ । (त्रिरत्नसौन्दर्यगाथाको २९१ पृष्ठ हेर्नुहोस् ।)

§ मुरि । ५०=१२।। रोपनी ।

÷ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६५ वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | २६ | शुक्र | एकादशी | ४२ । ५१ |

(पात्रोबाट)

† मुरि ।५०=१२।। रोपनी ।

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८७५ पौष शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पौष | १७ | बुध | तृतीया | १७ । २७ |

(पात्रोबाट)

+ पात्रोमा वि. सं. १८७५ पौष १३ गतेको दिन "घटी ३५ तः धनुषि षड्ग्रहयोगः सू. चं. मं. बु. बृ. शु." र १४ गतेको दिन "षड्ग्रहयोगसमाप्तिः ३४" लेखिएको देखिनाले पौष १७ गते षड्ग्रहयोगको शान्तिको लागि दान गरेको देखिन्छ ।

संकल्प भयाका षेतमध्ये षेत १।❀ औ सम्वत १८८० साल मिति आषाढ सुदि ७ रोज २ का दिन कर्कटसंक्रान्तिमा× हाम्रा बाहुलिबाट संकल्प भयाका षेतमध्ये षेत १।● औ येहि साल मिति माघ सुदि ५ रोज ५ का∞ दिन हाम्रा उपनयनमा+ बाहुलिबाट संकल्प भयाका षेतमध्ये षेत १।५०! इ तिनै पटक् संकलपका लिलानाथ पाँडेके षेत ३।५०* सबै ज्मा षेत ४।५०§ तस्को सह्नबमोजीमको घन्याङीसमेत प्रायश्चित सर्कार राषी विवाह् व्रतबंधका बलक गादिममारष चूमाउनी गोडधुवा आपना हातले सर्कार चह्लाउनु गरि सर्वांक मारि मेटी कुसबर्त्ता वितलप गरिबक्स्याको मोहर ताम्बापत्र गरिबक्स्यौं.

चापागाउँका अम्बल नषुका तिर कोपडष्ठाटको पुछार पानीषेतको साटो बाझो बगर दिदा अठाइस रोपनीका दरले षेत मुरि ।७१।८।४ को बाझो बगर मुरि८०▨ तस्का साँध पुर्व नषु षोलो लुहकिल दछिण रैकर कांह्लाको साँध लुहकिल पश्चिम श्रीमछिन्द्रनाथका ह्नव गुठिको% आली र रैकर आलीका साँध लुहकिल उतर श्रीमछिन्द्रनाथका ह्नव गुठिको आली र नषु षोला साँध लुहकिल औ इचुकुपासि वुगाल नषु वगर रोपनी अठाइसका दरले षेत मुरि ।२३।४।४ को वगर षेत मुरि ।२६△ तस्को साध पुर्व रैकर आलीको साध लुहकिल दछिण नषु षोलाको साध लुहकिल पश्रिम नषु षोला र गजाधर पाध्याका बिर्ताको साँध लुहकिल उत्तर गजाधर पाध्याका बिर्ताको र रैकर आलीको साध लुहकिल इटाष्ठाट नषु बगर रोपनी अठाइसका दरले षेत मुरि ।४२।१६ को बाँझो वगर षेत मुरि ।४८⁑ तस्को साध पुर्व नषु षोलाको साध लुहकिल दछिण प्रजाका सुनाषेत◩ का पाषाको साध लुहकिल पश्रिम प्रजाका सुनापाषाको साँध लुहकिल उतर नषु षोलाको साँध लुहकिल औ दहचोकका अम्बलमध्ये भडारिटार बाझो षेत मुरि ।६२।११◙ औ अँजनमध्ये घन्याङि मुरि ।५६✾ जम्मा घन्याङीसमेत बाझो षेत १।१८।११♧ तस्को साँध पुर्व रैकर साँध लुहकिल दछिण रैकर साँध लुहकिल पश्चिम रैकर साध लुहकिल उतर रैकर साध लुहकिल अँजनका अमलमध्ये

---

❀षेत १।=२५ रोपनी ।

× यस दिनको पञ्चाङ्ग पूर्णिमा १४ अङ्कको १६३. पृष्ठमा हेर्नुहोस् ।

● षेत १।=२५ रोपनी ।

∞ यस दिनको पञ्चाङ्ग पूर्णिमा १४ अङ्कको १६३ पृष्ठमा हेर्नुहोस् ।

+ उपनयन=व्रतबन्ध ।

! षेत १।५०=३७॥ रोपनी । *षेत ३।५०=८७॥ रोपनी । §षेत ४।५०=११२॥ रोपनी । ▨मुरि ८०=२० रोपनी । %ह्नव गुठि=स्नानगुठी । △मुरि ।२६=६॥ रोपनी । ⁑मुरि । ४८=१२ रोपनी । ◩ सुनाषेत=पोता तिर्नुपर्ने एक थरी बिर्ता ।

◙ मुरि ।६२।११=१५. ६३७५ रोपनी । ✾ मुरि ।५६=१४ रोपनी । ♧ षेत १।१८।११=२९.६३७५ रोपनी ।

दफे भडारीटार पाषो बाझो षेत १।❁ घन्याडी पहाडको सह्न मुरि ।२८* जमा घन्याडीसमेत षेत १।२८§ तस्को साँध पुर्व ठाडो षोल्सो साँध लुहकिल दछिण काल्हाको ढिक साध लुहकिल पश्चिम रैंकर बाझो साँध लुहकिल उतर रैंकर बाझो साँध लुहकिल औ बलंबुका अम्बलमध्ये सलांडो षोलाको पानीले रोपन्या षेतलाइ लुहकिलदेषि उधो कुलो राषी अँजन् षोलाको विह्नौटो षेत मुरि ।१६△ अँजन षोलाको बगर षेत मुरि ।३२↗ जमा मुरि ।४८▣ तस्को साध पुर्व दछिण पश्चिम रैंकर आली साँध लुहकिल उतर षोलाको डील र रैकर ढिकको पुछार साँध लुहकिल् औ दहचोकका अम्बलमध्ये भडारिटार बाझो पाषो षेत १।२▨ ह्निहि पहाडका सह्नले षेत मुरि ।४२▯ जमा षेत १।४४⁑ तस्को साध पुर्व दोबाटो र बाझो साध लुहकिल दछिण रैंकर बाझो ढीक साध लुहकिल पश्चीम आपना बिर्त्ताको साँध लुहकिल उत्तर ठाडो सानु बाटो साध लुहकिल एति सबै सिमानाभीत्र बाझो बगर षेत ४।६६।११† घन्याडीके षेत १।२६● बिर्त्ता बितलप जानी संतानपर्य्यंत परम सुष भोग्य गर.

यो बिर्ता संकल्प हुँदा संकल्प वाक्य पह्नन्या पुरोहित यदुनाथ पंडीत अर्ज्याल रघुनाथ पंडीत अर्ज्याल पानी हाल्न्या श्रीजनरल भीमसेन थापा काजी बषतबारसिंह थापा◐ काजी दलभंजन पाडे⊙ साध लाउन्या सधियार मेघनाथ पाडे▤ लक्षिमदत्त अर्ज्याल मोदनाथ अर्ज्याल गोकुल षनाल हरिवंस बोहरा चापागाउँका द्वान्या मस्तराम द्वान्या दर्वसि प्रधान सिकुच्या प्रधान रणसुर थापा धनसिं तलाछेटोलको डगोलनाइक्या धनवंत बह्मटोलको डगोलनाइक्या वदन ववाहाटोलको डगोल मटचां मोहीनाइक्या हरिनंद मजाकटोलको डगोल नेकुसि दहचोकका द्वान्या-बाट आयाको सिव महान्या थरि कालु पाध्या बागल्या बृहस्पति बिनाडी हरिकृष्ण पोषऱ्याल पितामबर लोहनी लक्षिमनारान् षकुन्याल▣ कालु पोषऱ्याल जया मिझार छेउराली्का राधु बराकोटी डिलिराम षकुन्याल विदु षकुन्याल राजाराम इटनी गंगाजर षकुन्याल बलभद्र षकुन्याल सिवनारान् षकुन्याल पुरंधर षकुन्याल उमाकान्त षकुन्याल चामु जैसि सेलुवाल संखर पाडे जगनाथ कडयाल रणसुर षडका समहृदये षकुन्याल रामचन्द्र पौडयाल कविराज

---

❁ षेत १।=२५ रोपनी । * मुरि ।२८=७ रोपनी । § षेत १।२८=३२ रोपनी । △ मुरि ।१६=४ रोपनी । ↗ मुरि ।३२=८ रोपनी । ▣ मुरि ।४८=१२ रोपनी । ▨ मुरि १।२=२५।। रोपनी । ▯ मुरि ।४२=१०।। रोपनी । ⁑ षेत १।४४=३६ रोपनी । † षेत ४।६६।११=११६. ६३७५ रोपनी । ● षेत १।२६=३१।। रोपनी ।

◐ बषतवारसिंह थापाको परिचय पूर्णिमा ७ अङ्कको ७५ पृ., १४ अङ्कका १६१–६२ पृष्ठमा हेर्नुहोस् ।

⊙ दलभञ्जन पाँडेको परिचय पूर्णिमा ७ अङ्कका ७८–७९ पृ., ८ अङ्कको ४४ पृष्ठमा हेर्नुहोस् ।

▤ यी मेघनाथ पाँडे थरघर थिए । (इतिहास–प्रकाश दोस्रो अङ्क दोस्रो भागका ९३–९८ पृष्ठ हेर्नुहोस् ।)

षडका विचारसिं मिझार वार्नासं लामा कालु लामा देउसिं लामा रणसिं लामा बथ्या, घले बिष्णुबल्लभ कंडयाल छविलाल कडयाल रामु पाडे ब्रह्मटोलको बलभद्र डगोल अमालीबाट आयाको सिवनारान् नाइक्या विष्णुनारान् महान्या पलीमहंत महान्या कालु पाध्या बाग्ल्या दामु पाडे राधाकृष्ण षकुन्याल बार्गासं मिझार मयेर्तासं मिझार बलंबुको मछिन्द्र द्वान्या धनरुद्र नाइक्या देउनारान् बोसिनाइक्या अमितसिं मोहिनाइक्या भिमनारान् सिवनरसिं प्रधान मलभर्टासं मोहिनाइक्या भाजुराम मचिन्द्रसिं प्रधान महाविर षडका विस्वनाथ पंथ दहचोकको अमालीबाट आयाको भाजुधन नाइक्या महंत महान् वंसीधर षकुन्याल बिसु बागल्या त्रिलोक्यनाथ नेवापान्या ससिधर चन्द्र पोषन्याल लक्ष्मिनारान् चापागाइ नारान् ढकाल लक्ष्मिनारायेन षकुन्याल दिलाराम षकुन्याल गंगाधर षकुन्याल विद्याधर षकुन्याल कृष्णानंद षकुन्याल महानंद षकुन्याल पुरंधर षकुन्याल राधाकृष्ण षकुन्याल संबर पाडे टाहाषेल्या राजाराम इटनी पुरंधर इटनी तुलाराम पाध्या राधु पौडयाल बजुं पौडयाल विष्णु षन्याल रामदत्त षकुन्याल कविराज षडका महिन्द्र षडका दुर्गादास सिटौला कबिलास्या नीलकंठ षकुन्याल डाडागाउल्या प्रताप लामा पलानचोक्या जोतिषर कडयाल तुलसिराम पंडीत रामचन्द्र अर्ज्याल श्रीलाल मरहठा.

बिर्तवारले किल्लाभंदा अर्ध्यालो नचापनु. विनातविसर जवद नगर्नु. जो एस बंधेजमा रहैन. सो एस् श्लोकमा भन्याको पातकी होला.

स्वदत्तां परदत्ताम्वा यो हरेद्वै वसुंधराम(म्)

षष्टिवर्षसहश्रा(स्रा)णि बिष्टायां जाए(य)ते क्रिमिः ।।

इति सम्वत १८८३ साल मिति श्रावण वदि ४ रोज १* शुभम्म्

लीलानाथ पाँडेलाई नेपालसरकारबाट वर्षको ६००। रुपियाँ जागीरको साथै खरीदारी मान दिइएको थियो । यो कुरा वि. सं. १८८३ कार्तिकको तल उद्धृत पत्रबाट बुझिन्छ—

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का§

आगे चार अदालतका सालवसालका डीठ्ठाप्रती.

चार अदालतका आमदनीमध्ये षरिदार लीलानाथ पाँडेके षरिदारि षानगी मोहर रुपैया ६०० तनुषाह× गरिबक्स्यौं. साल ८३ देषि सालवसाल भरिदिन्या गर. वहि बुझ्दा असुलीका रसिद बमोजीम मोज्रा पर्ला.❁

---

* यस दिनका पञ्चाङ्ग माथिको पत्रमा हेर्नुहोस् ।

§ रुक्का=राजाको आज्ञापत्र । ×तनुषाह=तलब । ❁मोज्रा पर्ला=रकमबाट काटिएला ।

इती सम्वत १८८३ साल मीती आश्वीण सुदि १४।१५ रोज १ ❁ शुभम्. *

(पछिल्तिर)

मार्फत भीमसेन थापा
मार्फत उदय गिरि§

वि. सं. १८८० मा लीलानाथले काशीमा बसेका आफ्ना बाबु लक्ष्मीपतिकहाँ २५४५। रुपियाँ पठाएका थिए। त्यो पैसाबाट २१४२। रुपियाँमा उनले लीलानाथको नाममा काशीमा घर किनिदिए। बाँकी ४०३। रुपियाँ घरमर्मत आदि काममा खर्च भयो। त्यसको विवरण खुलाई वि. सं. १८८३ फाल्गुनमा उनले काशीबाट छोरा लीलानाथलाई पत्र पठाए। सो पत्र यस प्रकारको छ+—

श्रीमद्विश्वेश्वरो विजयते

स्वस्तिश्रीलीलानाथशर्माणं प्रति श्रीलक्ष्मीपतिशर्मणः शुभाशीःपूर्वकं पत्रं.

संवत् १८८० सालमा गुमानुसिंहस्ते औ रामनारायण अरोडाका कोठिमा× पठाएका सभ

---

❁ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८३ आश्विन शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| कार्तिक | १ | आदित्य | पूर्णिमा | ५० । १२ |

(पात्रोबाट)

* श्री ५ पृथ्वीनारायण शाहले अदालतबाट आम्दानी भएको पैसा राजकोषमा नहाल्नू, सो पैसाले ब्राह्मण, जोगी, सन्यासी आदिको सन्मान गर्नू भनी बोलेका छन्—

अदाजथका पैसा दरबारभित्र नहालनु. फकीर फकिडा अतित जोगी सन्न्यासि ब्राह्मणहरू इनैलाई दछिना भोजन चलाईदिनु. उप्रेका पैसा दक्षिना चलाई धोति रुमाल चलाइदिनु. यस्व भया असत्यको दोस लाग्दैन.

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशबाट)

यहाँ पनि यही भावनाअनुसार काम भए जस्तो देखिन्छ।

§ यी उदय गिरी खजान्ची थिए। श्री ५ रणबहादुरको ऋण तिर्न पैसा उठाइँदा यिनले पनि १२८। रु. तिरेका थिए। ("श्री ५ रणबहादुर शाह" का १३९-४१ पृ. हेर्नुहोस्।)

श्री ५ रणबहादुरले काशीमा सेठ द्वारिकादाससँग ६० हजार ऋण लिँदा बन्दोबस्त गर्नेहरूमा गोसाईं उदय गिरी पनि थिए। (चित्तरञ्जन नेपालीको "जनरल भीमसेन थापा र तत्कालीन नेपाल" को २५५ पृष्ठ हेर्नुहोस्।)

+ यो पत्र पूर्णिमा ४ अङ्कका ५२-५३ पृष्ठमा छापिएको पनि छ।

× कोठि—ठूलो बेपारीको पसल।

(रु)पैया ज्मा गर्दा काशीका शिक्का पचिस शय पैता(लिस) २५४५ ठहन्या. तस्मा २१४२ रुपैयामा वाणीविलास पंडित★ नागेश्वर पंडित × महादेव लोहनी ला(ल पं)डित पर्वतीमा जाहाका भला मानिस्मा नानु दूबे नागर बडन(ब)रा वल्लभराम तेबारी नागर अम्दाबदी गोहाइ❁ राषि सभ महती बसाई * करारपत्र § लेखाई अधिका पुराना कवालापत्र±समेत हात गरी रजष्टली ÷ पत्र अंगरेजको गराई तेरा नामको सुकीवि(कीको) कवाला भयो. घरको अमल्+ तेरो चलेको छ. घर लिदिनुहबस् भंथिस्. लिदियाको छ. घर तेरो छ. बस्याको म महादेव लोहनी लाल पाँडे बिष्टयानि बुढि सिन्याका परियार छौं. सालसाबलका भाडाका अर्थकन सभ आत्मीयै बस्याका छौं. काशीको जगह→ छ. भाडा नलिया एतीलाइ काशीवास गरायाको पुण्य अ(वश्य) छ. तेरो षुसी. घरको कवालापत्र जाहा हुज्जत तकार▨ प(र्दा) चाहिंछ. तस्कारण तहा पठायाको छैन. जाही राष्याको छ. बाँकी ज्मा २५४५ काशिका सिक्का ठहन्या. तस्मा २१४२ घरमा पन्या. बाकि रहल◫ ४०३ रुपैया हुन्. तस्मा एक सय रुपैया घरका मर्सतमा कोठा भडारी टाढ बनाउदा लाग्या. सय रुपैया कर्जाका▦ तिरिया. वास्तुपूजन बाृह्म(ण)भोजन गुहाईलाई भोजन भैरवावि देवता––सिर्नी बाड्दा ४० तक् षर्च भया. बाकि मेरा हातबाट तेरी आमाको‡ कामम(ह)ा लाग्या. तेरा ताहाबाट घर किन्न्यानिमित पठायाका रुपैयाको सविस्तर हिसाब एंही हो. यो पत्र राषिछोड. कोहि दिन काम आउला. विशेषु किमधिकमिति संवत् १८८३ फागुनवदि ४ रोज ५◐ मुकाम% काशीजी शुभम्भवतु.

---

★वाणीविलास पाँडेको परिचय पूर्णिमा १ अङ्कका ४१–४६ पृ., २ अङ्कका ३५,३८–४२पृ., ३ अङ्कका ५२–५८ पृ., ४ अङ्कका ४९–५४ पृ., ५ अङ्कका ४८–५४ पृ., ६ अङ्कका ५५–६७पृ. तथा नयनाथ पौडेलद्वारा संपादित प्रशस्तिरत्नावलीको उपोद्घातमा हेर्नुहोस् ।

×नागेश्वर पाँडेको परिचय पूर्णिमा १२ अङ्कको १०९ पृष्ठमा हेर्नुहोस् ।

❁गोहाइ=साक्षी । *सभ महती बसाई=ठूलो सभा गरी । §करारपत्र=प्रतिज्ञापत्र । ±कबालापत्र=कबूलियतपत्र । ÷रजष्टली=कानूनअनुसार कुनै लिखित प्रतिज्ञापत्र सरकारी अड्डामा दर्ता गर्ने काम । +अमल्=अधिकार । →जगह=ठाउँ । ▨तकार=झगडा । ◫ रहल=रहेका । ▦कर्जा=सापट ।

‡ लीलानाथ पाँडेकी आमा उत्तमादेवीको परिचय पूर्णिमा १२ अङ्कका ६२–६४ पृष्ठमा हेर्नुहोस् ।

◐यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८३ फाल्गुन कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | ६ | बृहस्पति | चतुर्थी | ४६ । | ४१ |

(पात्रोबाट)

%मुकाम=वासस्थान ।

(छेउमा)

श्रीमहादेव लोहनी लाल पंडितको नमस्कार. घर षरीदको+ विस्ता(र) एही हो. विस्तार बुझी यो पत्र यादगारीलाइ राष्नुभया पछि कोही दिन काम लाग्ला

वि. सं. १८८३ माघमा हनूमान्ढोका मोहनचोकदरबारप्रवेशको वास्तुशान्तिमा लीलानाथ पाँडेले श्री ५ राजेन्द्रबाट राजिश्चोक र शंखमूलको जग्गा पाएका थिए। यो कुरा तल उद्धृत वि. सं. १८८४ श्रावणको ताम्रपत्रबाट बुझिन्छ×—

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजंङ् देवानां सदा समरविजयिनाम्

आगे लिलानाथ पाडेके सम्वत् १८८३ साल मिति माघसुदि ४ रोज ४ का दिन ÷ मोहनचोकदर्बारका प्रवेसका वास्तुसांतिमा❁ हाम्रा बाहुलीबाट संकल्प भयाको षेतमध्ये षे१ १।§ तस्को सह्लबमोजिमका घन्याडिस्मेत प्रायश्चित सर्कार राषी विवाह व्रतबंधको वलक गादिममारष चुमाउनी गोडधुवा आफ्ना हातले सर्कार चह्राउनु गरी सर्वांक मारि मेटी कुशविर्ता वितलप गरिबक्स्याको मोहर ताम्वापत्र गरिबक्स्यौं.

पाटनका अम्बलमध्ये राजिचोक पाषो मुरि ।२०* तस्को साध पूर्व रैकर साध लुहकिल दछिण बाटो र ब्राह्मणका विर्ताको साध लुहकिल पश्चीम ब्राह्मणको बिर्ताको साध लुहकिल उत्तर प्रजाका सुनाषेतको आली साध लुहकिल अैजन् मुरि । ७३▣ तस्को साध पूर्व रैकर श्रीकुम्भेश्वरका गुठीको साध लुहकिल दछिण पश्चिम प्रजाका सुनाबिर्ताको साध लुहकिल उत्तर बाटो साध लुहकिल अैजन् मुरि ।११▨ तस्को साध पूर्व दछिण प्रजाको सुनाबिर्ताको साध

---

+ षरीदको=किनेको ।

× यही मितिको लालमोहर पनि छ । यहाँ पाठ ठम्याउन दुवै प्रतिबाट सहायता लिइएको छ ।

÷ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८३ माघ शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| माघ २० | बुध | चतुर्थी | १३ । | ५९ |

(पात्रोबाट)

❁ हनूमान्ढोका दरबारका मोहनचोक आदि विभिन्न चोकको जीर्णोद्धार वि. सं. १८७९ को अन्त्यदेखि शुरु गरी वि. सं. १८८२ को अन्त्यमा पूरा गरिएको कुरा नासलचोकको अभिलेखबाट थाहा पाइन्छ (त्रिरत्नसौन्दर्यगाथाको ३०८ पृष्ठ हेर्नुहोस् ।)

§ षेत १।=२५ रोपनी । * मुरी ।२०=५ रोपनी । ▣ मुरि ।७३=१८¼ रोपनी । ▨ मुरि ।११=२¾ रोपनी ।

लुहकिल पश्चिम बाटो र मिश्रका बिर्ताको साध लुहकिल उत्तर रैकर साध लुहकिल औ संषमूल मुरि ।१६+ तस्को साध पूर्व प्रजाको षेतको आली साध लुहकिल दछिण मनोहराका डिलको बाटो साध लुहकिल पश्चिम रैकर साध लुहकिल उत्तर बाटो साध लुहकिल एति सबै सिमानाभित्र षेत घन्याडिस्मेत मुरि १।२०§ बिर्त्ता बितलप जानी संतान दरसंतानपर्यंत परम सुष भोग्य गर.

यो बिर्त्ता संकल्प हुदा संकल्प वाक्य पह्र्न्या पुरोहित यदुनाथ पंडित अर्ज्याल पानि हालन्या कमेन्ड कमेन्डर कर्णेल रणवीरसिंह थापा❁ साध लाउन्या सधियार मोदनाथ अर्ज्याल हरिवंस बोहरा ओवहाटोलको डगोल नाईक्या मटर्चा ब्रह्मटोलको डगोल ज्ञानसिद्धि मोहीनाईक्या भागीवन्त जस्राम रविदत्त जोसि नारान् दवाडी रामचन्द्र अचार्ज प्रयागदत्त पौडयाल वस्या षड्का पुन्देउ प्रधान रंजित केटा लक्ष्मीसिं भाजुवीर.

बिर्त्तवारले किल्लाभन्दा अर्घ्यालो नचापनु. विना तक्सीर जवद नगर्नु. जो एस वन्देजमा रहैन. सो एस श्लोकमा भन्याको पातकी होला.

स्वदत्तां परदत्ताम्वा यो हरेद्वै वसुंधराम् ।
षष्टिवर्षसहस्राणि विष्टायां जायते कृमिः ॥

इति सम्वत १८८४ साल मिति श्रावण शुदि ४ रोज ६ ▭ शुभम्

*(पछिल्तिर)*⊡

---

+ मुरि ।१६=४ रोपनी । § मुरि १।२०=३० रोपनी ।

❁ रणबीरसिंह थापाको परिचय पूर्णिमा ७ अङ्कको ७८ पृष्ठ तथा शमशेरबहादुर थापाको "रणवीरसिंह थापा" मा हेर्नुहोस् ।

▭ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८४ श्रावण शुक्ल

| | गते | बार | तिथि | घडी पला |
|---|---|---|---|---|
| श्रावण | १४ | शुक्र | तृतीया | ७ । २८ |


(पात्रोबाट)

⊡ मूलपत्रमा मार्फतको नाउँमा ठाउँठाउँमा अक्षर उडेका छन् । केही वर्ष पहिले लिएको यस पत्रको प्रतिलिपिमा यहाँ कोष्ठमा भरिएका नाम बाहिरै लेखिएका छन् । तल दिइएको अर्को पत्रमा पनि प्रायः यिनै भारादारहरूको नाम भएकोले पनि यहाँ कोष्ठमा नाम थपेको उचित देखिन्छ ।

| | |
|---|---|
| मार्फत् बालनरसीं कुवर* | मार्फत (भक्त) विर थापा§ |
| मार्फत् भीम(सेन) थापा | मार्फत् य(दुनाथ) पुरोहित |

*काजी बालनरसिंह कुवर काजी रणजित् कुवरका छोरा तथा श्री ३ जङ्गबहादुरका पिता हुन् । (इतिहास-संशोधनको प्रमाणप्रमेयका १९–२० पृष्ठ हेर्नुहोस् ।)

बालनरसिंह कुँवरको जन्म वि. सं. १८४० पौष २४ गते भएका हो—




श्रीसंवत् १८४० पौषशुक्लद्वादश्यां रोहिणी-नक्षत्रे पौष २४ गते रविवासरे▱ सूर्योदयाद् गतघटी ८ पलेषु ११ श्रीबालनरसिंह कुवर जन्म ।

(लक्ष्मीपतिको परम्पराको टिपोटबाट)

श्री ५ रणबहादुर काशी बस्दा उनको साथमा बालनरसिंह कुवर पनि थिए । (इतिहास-संशोधनको प्रमाणप्रमेयका १९–२० पृष्ठ तथा पूर्णिमा ७ अङ्कको ७७ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८६३ वैशाख १४ गते काजी त्रिभुवनको घरमा कचहरी गरेर बसिरहेका रणबहादुर शाहलाई उनका भाइ शेरबहादुर शाहले तरबारले हानी मारे । त्यस वेला बालनरसिंहले भाग्न लागेका शेरबहादुरलाई पक्री मारे । (पूर्णिमा २ अङ्कको ७२ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८९५ वैशाखसम्म बालनरसिंह कुवरको उल्लेख पाइन्छ (इतिहास-प्रकाश दोस्रो अङ्क दोस्रो भागको १६६ पृष्ठ हेर्नुहोस् ।)

§ भक्तवीर थापाको परिचय पूर्णिमा २ अङ्कको ७६ पृष्ठमा हेर्नुहोस् ।

▱ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४० पौष शुक्ल

| | गते | वार | तिथि | घडी | नक्षत्र | घडी |
|---|---|---|---|---|---|---|
| पौष | २४ | आदित्य | द्वादशी | १७ | रोहिणी | ४६ |

(पात्रोबाट)

(मार्फत् उ)दयगिरि | मार्फत् (कुलमानसिं)ह बस्न्यात्→
मा(र्फत् दलभञ्जन पाँ)डे | मार्फत् रणोद्योत साह✿

→काजी कुलमानसिंह बस्न्यात प्रसिद्ध वीर शिवरामसिंह बस्न्यातको चारौं पुस्तामा जन्मेका हुन् । यिनी काजी बख्तावरसिंह बस्न्यातका छोरा हुन् । (इतिहास-प्रकाश पहिलो अङ्कका ७८ पृष्ठ तथा २ अङ्क पहिलो भागका १९४–९५ पृष्ठ हेर्नुहोस् । बख्तावरसिंह बस्न्यातको परिचय पूर्णिमा २ अङ्कका ६८–७६ पृष्ठमा हेर्नुहोस् ।)

वि. सं १८९६ मा कुलमानसिंह बस्न्यातले गोर्खा विरिञ्चोकमा छाप जग्गा पाएका थिए । (इतिहास-प्रकाश पहिलो अङ्कको २४ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १९०२ मा कुलमानसिंह बस्न्यातले वोसनको रानीवन पाल्ने अधिकार पाएका थिए । ( इतिहास-प्रकाश पहिलो अङ्कको २५ पृष्ठ हेर्नुहोस् ।)

कुलमानसिंह बस्न्यातले लम्जुङ र त्यसको वरिपरिका केही क्षेत्रमा लाग्ने सरकारी रकम उठाई खान पाउने अधिकार पाएका थिए । त्यो उनले उठाउन नसकी बिन्ति चढाउँदा वि. सं. १९०३ मा त्यस विषयको पत्र भएको थियो । (इतिहास-प्रकाश पहिलो अङ्कको २५ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १९०४ मा प्राइम्मिनिस्टर जङ्गबहादुरले अलौपर्वको विस्तारपूर्वकको वर्णन काजी कुलमानसिंह बस्न्यातकहाँ पठाएका थिए । (अभिलेख-संग्रह पहिलो भागका १४–१६ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १९०६ मा कुलमानसिंह बस्न्यातले जङ्गबहादुरलाई सिलगढी (डोटी)बाट पश्चिमतिरको बन्दोबस्त र रजौटा राजाहरूको विषयमा पत्र लेखी पठाएका थिए ।

वि. सं. १९०७ मा कुलमानसिंह बस्न्यातले जङ्गबहादुरका माहिला भाइ कम्यांडर इनचीफ बमबहादुरलाई सिलगढी (डोटी) बाट ब्रह्मदेव मन्डीको चौधराईको प्रबन्धको विषयमा पत्र लेखी पठाएका थिए । (यी दुवै पत्र रामजी तेवारीको सङ्ग्रहमा छन् । यी पछि प्रकाश गरिनेछन् ।)

वि. सं. १९१२ मा कुलमानसिंह बस्न्यातले दुल्लुमा धूलीश्वर महादेवको मन्दिरको गुमज बनाएका थिए । (इतिहास-प्रकाश दोस्रो अङ्क पहिलो भागका १९४ पृष्ठ हेर्नुहोस् ।)

✿मुख्य चौतरिया रणोद्योत शाह श्री ५ रणबहादुर शाहकी माहिली रानी सुवर्णप्रभातर्फका ज्येष्ठ पुत्र हुन् । (अभिलेख-संग्रह १२ भागको ९ पृष्ठ हेर्नुहोस् ।)

रणोद्योत शाहको जन्म वि. सं. १८५१ भाद्र २ गते भएको हो—

**संवत् १८५१ भाद्रकृष्णचतुर्थ्यां गुरौ उत्तराभाद्रभे@ मीनराशौ रणोद्योतजन्म ।**

(लक्ष्मीपतिको परम्पराको टिपोटबाट)

---

@यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

बि. सं. १८५१ भाद्र कृष्ण (पूर्णान्तिमानले)

| | गते | बार | तिथि | घडी | नक्षत्र | घडी |
|---|---|---|---|---|---|---|
| भाद्र | २ | बृहस्पति | तृतीया | ५३ | उत्तरभाद्र | ४५ |

(पात्रोबाट)


## मा(र्फत्) फत्यजङ्ग शाह❀

वि. सं. १८५५ फालगुनमा डेढ वर्षका गीर्वाणयुद्धविक्रम राजगद्दीमा बस्दा चार वर्षका रणोद्योत शाह मुख्य चौतरिया बनाइएका थिए । (इतिहास-प्रकाश पहिलो अङ्कका ११०–११ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८९३ आषाढसम्म रणोद्योत शाहको उल्लेख पाइन्छ । (इतिहास–प्रकाश दोस्रो अङ्क दोस्रो भागको १४५ पृष्ठ हेर्नुहोस् ।)

❀चौतरिया फत्यजङ्ग शाह गोरखाली राजा पृथ्वीपति शाहको छैटौं पुस्तामा जन्मेका हुन् । यिनी प्राण शाहका छोरा हुन् । (यो वंशक्रम मैले चौ. पूर्णचन्द्र शाहबाट पाएको हुँ । प्राण शाहको परिचय पूर्णिमा ७ अङ्कको ७१ पृ., ८ अङ्कका ४२–४४ पृष्ठमा हेर्नुहोस् ।)

फत्यजङ्ग शाहको जन्म वि. सं. १८६२ आश्विन १८ गते भएको हो—




सं. १८६२ आश्विनशुक्ल ८ रोज ३* श्रीचौतरिया फत्यजंगजन्म ।

(लक्ष्मीपतिको परम्पराको टिपोटबाट)

रणजङ्ग पाँडे खोसिएपछि फत्यजङ्ग शाहको अध्यक्षतामा मन्त्रिपरिषद् बनाइएको थियो । मातवरसिंह थापा मारिएपछि बनेको मन्त्रिपरिषद्मा पनि फत्यजङ्ग शाह अध्यक्ष बनाइएका थिए । (पूर्णिमा ७ अङ्कको ७९ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १९०३ भाद्र ३१ गते कोतपर्वमा फत्यजंग शाह मारिए । (अभिलेख–संग्रह पहिलो भागका १२–१३ पृष्ठ हेर्नुहोस् ।)

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६२ आश्विन शुक्ल

| गते | | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | १८ | मङ्गल | अष्टमी | १६। | २१ |

(पात्रोबाट)

भीमसेन थापाले आफ्नो दरबार बागदरबारनजीकै वि. सं. १८७९ मा भीमभक्तेश्वर महादेवको स्थापना गरेका थिए । त्यहाँ रहेको अभिलेख संस्कृत–सन्देश ५ अङ्कका १४–१७ पृष्ठमा प्रकाशित भएको छ । लक्ष्मीपतिको परम्पराको सङ्ग्रहमा सो अभिलेखको हस्तलिखित प्रति छ तथा लीलानाथको हस्ताक्षरमा अभिलेखमा कुँदिएको पद्यमा केही पद फरक परेका पद्य छन् । यताबाट लीलानाथको भीमसेन थापासँग विशेष सम्बन्ध रहेको देखिन्छ ।

भीमसेन थापाले गोर्खाजिल्लाअन्तर्गतको खिञ्च्यातमा "भीमजनरलबाग" नाउँको ठूलो बगैंचा बनाई त्यहाँ थरीथरी फलफूलका ३५२७ बोट लाएका थिए । लीलानाथको हस्ताक्षरको ती बोटको सूची पाइएको छ । सो यस प्रकारको छ—

**स्वस्ति श्रीसंवत् १८८४ साल मिति माघ शुदि २ रोज ६ का दिन* षिच्यात् जिल्लामा भीमजनरलबाग्मा लाग्याका बिरुवाको………आयाका बिरुवाको तप्सील्**

**पूर्व पश्चिम लामु हात १… … … …४ दक्षिणोत्तर लामु हात ११४८**

**ठुला बाग्मा आप् (का) वृक्ष … … … … … … …१३१७**

**तल्ला साना बाग्मा आप… … … … … …४५१**

**छेउछाउ चारैतरफ्माका … … … … … … …२१७**

**ठुला बागमा**

| | | | |
|---|---|---|---|
| **सुपारिका वृक्ष २७ तस्मध्ये** | | **ल्वाग** | **१** |
| **मन्याको ६ बाकी** | २१ | छोहोरा | **१** |
| **नरीवल** | २ | **मरीच्** | **२** |

---

**यो मिति लक्ष्मीपतिको परम्पराको टिपोटमा पनि छ—**

**श्रीफत्यजङ्ग शाहको मरण संवत् १९०३ आश्विन वदि १०❀**

***यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—**

वि. सं. १८८४ माघ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | ७ | शुक्र | द्वितीया | ४७। | ३५ |

(पात्रोबाट)

---

❀यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९०३ आश्विन कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | ३१ | सोम | नवमी | ९। | ५१ |

**(पात्रोबाट)**

| | | | |
|---|---|---|---|
| दालचिनी | २ | बिमिरा | २२ |
| कबाप्चीनी§ | २ | मेवा ज्यामीर | १ |
| नास्पाती | १ | सेती ज्यामीर | ६ |
| लुकाठ्❁ | १९ | दाडिम | ५ |
| स्याउ | २ | भैरंपाती* | २ |
| चुर्पानी | | अवला | |
| आलुवखरा | | ब्यलाइती बेल | २ |
| सीजर | | बर | १ |
| झौवा ! | १ | पिपल | १ |
| सुन्तला | ७८० | आक् §! | |
| कवला | १८ | पलास | |
| काली ज्यामिर | ३६२ | डुम्री× | |
| निबुवा | ८२ | नीम | |
| गुलियो निबुवा | ७ | अमिली | |
| चषत्रो+ | ७ | कागती | १८ |
| संषत्रो | १८ | चाकसी | |
| भोगट्या | ५ | | |

(छेउमा)

सभ जम्मा बिरुवा ३५२७

यताबाट पनि लीलानाथको भीमसेन थापासँग विशेष सम्बन्ध भएको बुझिन्छ ।

लीलानाथ पाँडेले श्री ५ राजेन्द्रविक्रमको चिना बनाएका थिए । त्यसको दक्षिणास्वरूप वि. सं. १८८४ मंसीरमा श्री ५ राजेन्द्रको जन्मोत्सवको दिन उनले भँडारीटार र बलम्बुको

§कबाप्चीनी=लाम्चा पात, रातो फूल, घोगाका आकारको फल हुने एक जातको बोट ।

❁लुकाठ्=खस्रा पात, भुवादार, सिन्दूर रङ्गका, लाम्चा, बाटुला, गुलिया फल हुने एक जातको बोट । *झौवा=मसिना पात र सल्लाका जस्ता फल हुने एक जातको बोट । ! चषत्रो=पहेंला, भोगटेका आकारका ठलाठला फल, सेता, बास्ना आउने फूल हुने एक जातको बोट । §भैरंपाती=हिमालयमा हुने, धुपीका जस्ता मसिना पात र खैरो डाँठ हुने एक जातको बोट । +आक्=बरका आकारको, भुवादार, दूध आउने, सेतो र रातो फूल फुल्ने एक जातको बोट । ×डुम्री=फूल नफुलीकनै अञ्जीर जस्ता फल फल्ने, लाम्चा पात हुने, बरका जातको बोट ।

(बालचन्द्र शर्माको नेपाली शब्दकोशको आधारमा)

जग्गा पाएका थिए । यो कुरा वि. सं. १८८६ वैशाखको तल उद्धृत ताम्रपत्रबाट बुझिन्छ §—

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ् देवानां सदा समरविजयिनाम्

आगे लीलानाथ पाडेके सम्वत् १८८४ साल मिति मार्ग शुदि १५ रोज २ का † दिन जन्मोत्सवमा हाम्रा बाहुलीबाट संकल्प भयाको षेतमध्ये हाम्रो चिना ≠ चह्लायाको दछिणानिमित्त षेत १।▣ तस्को सह्लबमोजीमका घऱ्याडिस्मेत प्रायश्चित सर्कार राषी विवाह व्रतबन्धको वलक गादिमभारष चुमाउनी गोडधुवा आफ्ना हातले सर्कार चह्लाउनु गरि सर्वांक मारी मेटी कुसबिर्ता बितलप गरिबक्स्याको मोहर ताम्वापत्र गरिबक्स्यौं.

बलम्बुका अम्बलमध्ये डुवु पाषो रोपनी २४ तस्को साँध पुर्व कुलो र ढिक साँध लुहकिल दक्षीण आफ्नु पुरानु बिर्ता र कुलो ढिक साँध लुहकिल पश्चिम रैकर मुलबाटो साँध लुहकिल उत्तर मुलबाटो साँध लुहकिल औ दहचोकका अम्बलमध्ये भडारीटार रोपनी ४।। तस्को साध पुर्व आफ्नु पुरानु बिर्ता र रैकर साध लुहकिल दछिण पुरानु बिर्ता साँध लुहकिल पश्चिम रैकर साँध लुहकिल उत्तर रैकर साँध लुहकिल दफे भडारीटार रोपनी ३।।।* तस्को साध पुर्व आफ्नु पुरानु बिर्ता साँध लुहकिल दछिण पश्चिम उत्तर रैकर साँध लुहकिल दफे भडारीटार रोपनि ।।।❂ तस्को साध पुर्व पश्चिम दक्षिण रैकर साँध लुहकिल उत्तर आफ्नु पुरानु बिर्ताको

---

§यही मितिको लालमोहर कौसी तोसाखानामा छ । "संवत् १८८५ साल मिति पौष शुदि ९ रोज ३" को यही बेहोराको लालमोहर पनि छ ।

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८५ पौष शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| माघ २ | मङ्गल | नवमी | ५१ । ४१ |

(पात्रोबाट)

यहाँ पाठ ठम्याउन तीनै प्रतिबाट सहायता लिइएका छ ।

† यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८४ मार्ग शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| मार्ग २० | सोम | पूर्णिमा | २० । ४६ |

(पात्रोबाट)

≠ लक्ष्मीपति वा लीलानाथले तयार गरेको श्री ५ गीर्वाणको ७८ हात लामो चिना पाइएको छ । (पूर्णिमा ५ अङ्कको ७४ पृष्ठ हेर्नुहोस् ।)

▣ षेत १।=२५ रोपनी । * रोपनी ३।।।=३¾ रोपनी । ❂रोपनि ।।।=¾ रोपनी ।

साँध लुहकिल येति सबै सिमानाभित्र घर्‍याडि रोपनी ५ पानिषेतको साटो पाषो दिबा अठाइस रोपनीका दरले षेत १। को पाषो रोपनी २८ ज्मा रोपनी ३३ बिर्ता बितलप जानी संतान-दरसंतानपर्यन्त परम सुष भोग्य गर.

यो बिर्ता संकल्प हुदा संकल्पवाक्य पढ्न्या पुरोहित यदुनाथ पंडित अर्ज्याल पानि हाल्न्या श्रीजनरल भीमसेन थापा साध लाउन्या सधियार मेघनाद पाडे वंसराज पंथ डगोलनाईक्या मटचाँग् मजाकटोलको डगोल धिर्ज ऐजन् टोलको डगोल भगीवन्त मोहिनाइक्या भागीवन्त बलंबुको द्वार्‍या मनदेविनारान नाइक्या धनरुद्र नाइक्या कंपुको मोहिनाइक्या समनारान् पुरंधर पाध्या मइपति लामा सुर्ज्या लामा टीकानिधि पंडित रविदत्त पंथ दहचोकका अमालीबाट आयाको विष्णुनारान् नाइक्या घनस्याम रिमाल रुपनारान् षकुराल लक्ष्मिनारान् षकुराल राधाकृष्ण पाध्या हरि पाध्या आसाजित्

बिर्तवारले किल्लाभन्दा अंर्ध्यालो नचापनु. विनातकसीर जवद नगर्नु. जो येस बन्देजमा रहेन. सो येस श्लोकमा भन्याको पातकी होला.

स्वदत्तां परदत्तांम्वा यो हरद्वै वसुंधराम् ।
षष्टिवर्षसहश्रा(स्रा)णि विष्टायां जायते कृमिः ॥

इति सम्वत् १८८६ साल मिति वैसाष वदि १३ रोज ६§ शुभम्

*(पछिल्तिर)*

मार्फत् भीमसेन थापा — मार्फत् रणजोर थापा*
मार्फत् फत्यजङ्ग साह — मार्फत् कुलमानसिंह बस्न्यात
मार्फत् उदय गिरि — मार्फत् रणोद्योत साह
मार्फत् यदुनाथ पुरोहित — मार्फत् दलभन्जन पाँडे

मार्फत् जसपाउ थापा†

लीलानाथ राजज्योतिषी भएका र भीमसेन थापासँग उनको राम्रो सम्बन्ध भएकोले उनी श्री ५ राजेन्द्र र जनरल भीमसेन थापाबाट बराबर दर्शनभेट पाउँथे । यो कुरा उनको लागि गौरवको विषयको भएकोले उनले यो कुरा पात्रोमा टिपी राखेका छन्—

§यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८६ वैशाख कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | २१ | शुक्र | त्रयोदशी | २७। | ४४ |

(पात्रोबाट)

* रणजोर थापाको परिचय पूर्णिमा ४ अङ्कको ६७ पृ., १४ अङ्कको १५० पृष्ठमा हेर्नुहोस् ।
† जसपाउ थापाको परिचय पूर्णिमा ४ अङ्कको ६९ पृ., यही अङ्कको ३९० पृष्ठमा हेर्नुहोस् ।

वि. सं. १८८६ श्रावण कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| श्रावण | १० | बृहस्पति | अष्टमी | ५२ । १० | प्रातः श्रीनृपसचिवयोर्दर्शनं मम |

(पात्रोबाट)

लीलानाथ पाँडेले ठिमाको ४५ रोपनी जग्गामा वन पाल्ने अधिकार पाएका थिए । यो कुरा वि. सं. १८८७ कार्तिकको तल उद्धृत पत्रबाट बुझिन्छ—.

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे षरिदार लिलानाथ पाडेके ठेमिका अम्बल गुंडुका पाषामध्ये पुर्व बिसिंडोलका आलिको साध दछिन् ने(वा)पान्याका बिर्ताको साध पश्चिम अटल थापाका छापको❁ साधको ठाडो बाटो उत्तर तेर्छो बाटो येति चार किलाभित्रका अबादि जगा र तिम्रो बिर्त्ताबाहिक् निकास पैसार नथुह्नन्या गरि पाषोपषेरोसमेत् थुम्को रोपनि ४५ वन पालनानिमित्य तिम्रो जिम्मा लाई मोहर§ गरिबक्स्यौं. आफ्ना षातिरजामासग वन पालन्या गर.

इति सम्वत् १८८७ साल मार्ग वदि ९ रोज ३★ शुभम्

(पछिल्तिर)

मार्फत् रणजोर थापा — मार्फत् भीमसेन थापा

मार्फत् फत्यजङ्ग साह

वि. सं. १८८८ ज्येष्ठमा लक्ष्मीपतिको मृत्यु भएपछि घटनाका विवरण दिई लीलानाथलाई उनका भतिजा श्रीप्रसादले पत्र पठाएका थिए❀ ।

वि. सं. १८८९ कार्तिकमा लीलानाथलाई घर बनाउनाको लागि दुइजना कालीगढ नेपालसरकारबाट दिइएको थियो । यो कुरा तलको पत्रबाट बुझिन्छ—

---

❁ छाप=सरकारबाट छाप गरिबक्सेको जग्गा २ प्रकारको हुन्छ । ठेक तिरी खानेलाई ठेक्काछाप भन्दछन् । ठेक तिर्नुनपर्नेलाई माफिछाप भन्दछन् । सो जग्गा सनदबमोजिम खान पाउँदछन् । बेचबिखन गर्न पाउँदैनन् । (पं. भुवननाथ पाँडेको सङ्ग्रहबाट)

§ मोहर=लालमोहर ।

★ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८७ मार्ग कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | २६ | मङ्गल | नवमी | ६ । | ४१ |

(पात्रोबाट)

❀ पूर्णिमा ११ अङ्कका ४५–४७ पृष्ठ हेर्नुहोस् ।

स्वस्तिश्रीछिमडेल्§ कालिदासकस्य पत्रम्

आगे सहर भादगाउ ठिमिका छिमडेलके यथोचित .

उप्रांत भादगाउ भारावजु टोलको विष्णुनारान् सिर्कमि १ ठिमिको लक्ष्मिसंखर आवाल १ जना २ षर्दार लीलानाथ पाँडेका घरको काम गर्नानिमित्त दियाका छन्. तिनलाई ताहा झारा*-हरूको टंटा नलाउ. षर्दारको काम गर्न देउ. सर्वथा.

ईति संवत् १८८९ साल मिति कार्त्तिक शुदि १५ रोज ५❁ शुभम्

यसपछि यही साल वि॰ सं. १८८९ फाल्गुनमा(?) लीलानाथ पाँडेको ४६ वर्षको उमेरमा मृत्यु भयो † ।

(क्रमशः)

---

§ छिमडेलको उल्लेख मल्लकालमा पनि पाइन्छ । (पूर्णिमा १३ पूर्णाङ्कको २४ पृ. हेर्नुहोस् ।)

* झारा=सरकारतर्फबाट वेदाममा दुनियाँसँग लिइने हारगुहार ।

❁ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८९ कार्तिक शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | २५ | बृहस्पति | पूर्णिमा | १९ । | १ |

(पात्रोबाट)

† माथि उल्लिखित पत्रबाट वि. सं. १८८९ कार्तिक २५ गतेसम्म लीलानाथ जीवित देखिन्छन् । वि. सं. १८८९ चैत्र १९ गते लीलानाथका दुइ छोरा चिरञ्जीवी पाँडे र विश्वनाथ पाँडेलाई ९० सालदेखि खान पाउने गरी जागीर दिइएको थियो । (सो पत्र पछि दिइनेछ ।)

यताबाट कार्तिक २५ गतेदेखि चैत्र १९ गतेसम्मको ५ महीनाभित्रमा लीलानाथको मृत्यु भएको देखिन्छ ।

# बहुमत कि वास्तवमत ?

**—नयराज पन्त**

सिद्धान्तज्यौतिष पढाई मैले पेट पाल्दै आएको छु । यो कुरा मैले धेरै ठाउँमा लेखिसकेको छु । यस कारण सिद्धान्तज्यौतिषको केही ज्ञान मलाई हुने नै भयो । नेपालको इतिहासको विषयमा केही अन्वेषण मैले गरेको छु तथा आफ्नो शक्तिले भ्याएसम्म यस विषयको परम्परा चलाउने उद्योग पनि गर्दै आएको छु । यस कारण नेपालको इतिहासको ज्ञान पनि मलाई केही हुने नै भयो । संस्कृतभाषाका ग्रन्थहरू मैले पढाउने गरेको हुनाले सो भाषाको पनि मलाई केही ज्ञान हुने नै भयो । नेपाली भाषामा प्रायः मैले लेख्ने गरेकोले सो भाषाको पनि मलाई केही ज्ञान हुने नै भयो । यस कारण सिद्धान्तज्यौतिष, नेपालको इतिहास, संस्कृत तथा नेपाली भाषाको केही प्रामाणिक ज्ञान मसँग छ । तर यति ज्ञानले मात्र म आफ्नो व्यवहार चलाउन सक्तिनँ । यस कारण अरूहरूको सहायता मलाई बराबर आवश्यक भइरहन्छ ।

वि. सं. २०२३ आषाढमा मेरी आमाको स्वर्गवास भयो । अन्त्येष्टिविधिमा पुरोहितको वचन नै मेरो सहारा भयो । प्रतिमहीना गर्नुपर्ने मासिक श्राद्धहरूको विषयमा पं. जुननाथ शर्माज्यू, पं. बदरीनाथ भट्टराईज्यू, पं. शेषराज शर्माज्यू, पं. बुद्धिसागर पराजुलीज्यूहरूसँग सोधपूछ गरी मैले काम चलाएँ । बरखी बारेको वर्ष जनैपूर्णिमाको स्नान आदि गर्नु हुन्छ कि हुँदैन भन्ने प्रश्न मेरो अगाडि आयो । मैले धेरै विद्वान्हरूसँग सोधपूछ गरेँ । भिन्न भिन्न उत्तर आए । यसले मलाई झन् अपठ्यारोमा पारिदियो । आखिरमा म पण्डितवर पद्मप्रसाद भट्टराईज्यू-सँग यो प्रश्न सोध्न पुगेँ । उहाँ रोगशय्यामा हुनुहुन्थ्यो । उहाँको नजीकमा पं. मुकुन्दनाथ भट्टराईज्यू र पद्मप्रसादज्यूका जेठा छोरा रामचन्द्र पनि हुनुहुन्थ्यो । पद्मप्रसादज्यूले फलाना फलाना पुस्तक ल्याऊ, मलाई चश्मा लाइदेऊ भन्नुभयो । उहाँको इच्छाअनुसार काम भयो । उहाँको एक हात काम गर्न नसक्ने भएको थियो । यस अवस्थामा उहाँले एक हातले पुस्तक-का पत्र पल्टाउँदै ८।१० वटा पुस्तक हेर्नुभयो । एक घण्टाभन्दा बढी समय पुस्तक हेर्दाहेर्दै बित्यो । आखिरमा उहाँले नुहाउनुपर्छ, पूजा गर्नु हुँदैन भन्ने निर्णय बोल्नुभयो । यस्तो अवस्थामा पनि उहाँको त्यस्तो जाँगर तथा योग्यता देखेर मेरो मनमा नानाप्रकारका भाव पैदा भए । उहाँको उपरमा मेरो श्रद्धा बढ्यो । उहाँलाई त्यस अवस्थामा पुस्तक हेर्दा कति कष्ट भयो होला भन्ने संझी मैले उहाँलाई दुःख दिएछु भन्ने ग्लानि पनि मेरो मनमा पैदा भयो । उहाँले भने जस्तै मैले गरेँ । मेरी आमाको बरखी पूरा भयो । वि. सं. २०२४ मा मेरा मामाले पार्वण श्राद्ध गर्दा मेरी आमा (आफ्नी दिदी)लाई तर्पण पिण्ड दिनुपर्छ कि पर्दैन भन्ने शङ्का उठ्यो । यो शङ्का पनि श्राद्ध थाल्नुभन्दा एक डेढ घण्टा अगाडिमात्र उठ्यो । परेवाको दिन थियो । संस्कृतमहाविद्यालय खुल्दैनथ्यो । श्रीगुरु पण्डितराज सोमनाथ

सिग्द्यालज्यूकहाँ यो कुरा सोध्न म गएँ । "अर्को श्राद्ध नगरी तर्पण पिण्ड दिनुहुँदैन भनी कोही भन्छन्, त्यो भ्रममूलक हो । बरखी सिद्धिएपछि तर्पण पिण्ड दिनैपर्छ" भनी श्रीगुरुले भन्नुभयो । मैले यही कुरा मामालाई सुनाएँ । यहीबमोजिम काम पनि भयो । यति भन्नाको तात्पर्य धर्मशास्त्रका विद्वान्‌हरूको सहायता मैले लिइनँ भने म धार्मिक कर्म चलाउन सक्तिनँ भन्ने हो ।

वि. सं. २०२० मा दुइटा अधिमास एउटा क्षयमास परेका थिए । पौष महीनामा क्षयमास परेको थियो । क्षयमासमा विवाहिता आइमाई आफ्ना लोग्नेकहाँ बसे भने आफैलाई पिर्छन् भन्ने कुरा प्रख्यात भएकोले क्षयमासमा पतिगृहमा नबस्ने कुरा खूब चल्यो ।

पण्डितवर पद्मप्रसाद भट्टराईज्यूले विवाह भएको १ वर्ष नपुग्दै क्षयमास पऱ्यो भने मात्र पतिगृहमा बस्नु हुँदैन भनेको हो । यस कारण नवविवाहिताहरूले मात्र क्षयमासमा पतिगृहमा बस्नु हुँदैन । अरूलाई यो दोष लाग्दैन । यस कारण अघिल्ला अघिल्ला वर्षमा विवाह भएकाहरूले घर छोड्ने आवश्यकता छैन भन्ने निर्णय दिई लेख प्रकाश गराउनुभयो❁ । पं. जुननाथ शर्मज्यूले क्षयमासमा विवाह भएको १ वर्ष नपुगेका आइमाईले मात्र होइन, विवाहिता कुनै आइमाईले पनि पतिगृहमा बस्नु हुँदैन भन्ने लेख छपाउनुभयो§ । घरघरमा यसको चर्चा हुन लाग्यो ।

माथिको आदेशअनुसार श्रीबडागुरुज्यू खगेन्द्रराज पण्डितज्यूको घरमा वि. सं. २०२० मार्ग १६ गते यसको निर्णयको लागि सभा बस्यो । पं. जुननाथ शर्माज्यूको पक्षको समर्थन श्रीगुरु पण्डितराज सोमनाथ सिग्द्यालज्यू, पं. रामनाथ आचार्यज्यू, राजज्योतिषी राधानाथ लोहनीज्यू आदि धेरै विद्वान्‌हरूबाट भयो । यसरी पद्मप्रसादज्यू एकलो हुनुभयो । मलाई आफ्नो विचार प्रकट गर्न बडागुरुज्यूबाट आज्ञा भयो । बडागुरुज्यूका पुत्र पीयूषराज गुरुज्यू र कविराज शिवनाथ रिमालज्यूले पनि यस विषयमा बोल्नास् भनी मलाई ज्यादै आग्रह गर्नुभयो । तर मलाई यो विषय राम्रो आउँदैन भनी मैले बोलिनँ । आखिरमा तपाईं आफ्नो घरमा के गर्नुहुन्छ त भनी उहाँहरूले मसँग सोध्नुभयो । मेरी पत्नीको देहान्त भएको अहिले ९ वर्ष पुगिसक्यो । यस कारण क्षयमासमा पत्नीसँग बस्नु हुन्छ कि हुँदैन भन्ने प्रश्न मेरो अगाडि छैन भनी मैले जवाफ दिएँ । अघि त मेरी विचार पनि जुननाथ शर्माज्यूको जस्तै थियो । तर पद्मप्रसादज्यूको तर्क सुन्दा मेरो विचार धरमरियो । मलाई के हो के हो भन्ने भयो । यस कारण मैले बोलिनँ । मैले आफूलाई पक्का नभएको विषयमा नबोल्ने बानी बसाउन भरसक कोशिश गर्दै आएको छु । भास्करको अनुकरण गरी मैले यसो गरेको हुँ । यस विषयमा विस्तारपूर्वक म अर्को निबन्धमा लेख्नेछु । त्यहाँ उठेको मुख्य वादविवादको विषय तल दिइएका पद्यको अर्थगराइमा थियो ।

---

❁ वि. सं. २०२० कार्तिक २८ गतेको गोरखापत्र हेर्नुहोस् ।

§ वि. सं. २०२० मार्ग १३ गतेको गोरखापत्र हेर्नुहोस् ।

उद्वाहात् प्रथमे शुचौ यदि वसेद् भर्तुर्गृहे कन्यका
हन्यात् तज्जननीं क्षये निजतनुं ज्येष्ठे पतिज्येष्ठकम् ।
पौषे च श्वशुरं पतिं च मलिने चैत्रे स्वपित्रालये
तिष्ठन्ती पितरं निहन्ति न भयं तेषामभावे भवेत् ।।४१।।

(मुहूर्त्तमार्तण्ड विवाहप्रकरण)

[विवाह भएपछि पहिलो आषाढमा पतिगृहमा बसे दुलहीले सासूलाई पिर्छे, क्षयमासमा आफैलाई पिर्छे. ज्येष्ठमा जेठाज्यूलाई पिर्छे, पौषमा ससुरालाई पिर्छे, अधिमासमा लोग्नेलाई पिर्छे । चैत्रमा बाबुको घरमा बसे दुलहीले बाबुलाई पिर्छे । जसलाई पिर्ने भनेको छ, उ नभएमा दोष लाग्दैन ।]

ज्येष्ठे पतिज्येष्ठमथाधिके पतिं हन्त्यादिमे भर्तृगृहे वधूः शुचौ ।
श्वश्रूं सहस्ये श्वशुरं क्षये तनुं तातं मधौ तातगृहे विवाहतः ।।३।।

(मुहूर्त्तचिन्तामणि वधूप्रवेशप्रकरण)

[पहिलो ज्येष्ठमा पतिगृहमा बसे दुलहीले जेठाज्यूलाई पिर्छे, अधिमासमा लोग्नेलाई पिर्छे, आषाढमा सासूलाई पिर्छे, पौषमा ससुरालाई पिर्छे, क्षयमासमा आफैलाई पिर्छे । चैत्रमा बाबुको घरमा बस्ने दुलहीले बाबुलाई पिर्छे ।]

प्रमाण यिनै हुन् । यहाँको लेखाइबाट पहिलो वर्ष भन्ने अर्थ देखिन आउँछ भन्ने पद्मप्रसादज्यूको भनाइ थियो । पहिलो वर्ष भन्ने अर्थ होइन, पहिलो पटक आएको भन्ने अर्थ हुन्छ भन्ने जुननाथज्यूहरूको भनाइ थियो । दुवै भनाइ उत्तिकै जोडका थिए । ३.४ घण्टासम्म छलफल भइरह्यो । आखिर कुनै टुङ्गो लागेन । बहुमत जुननाथज्यूको पक्षमा थियो । शास्त्रार्थको विषयमा हूल गरेर निर्णय हुँदैन भनी गर्जदै पद्मप्रसादज्यू अटल हुनुहुन्थ्यो । बडागुरुज्यूलाई यस सभाले अपठचारोमा पारिदियो । उहाँले यसको निर्णयको लागि अर्को ठूलो सभा बसाउने निर्णय गर्नुभयो ।

मार्ग १९ गते अर्को सभा बस्यो । सो सभामा यहाँका प्रायः सबैजसो पण्डित ज्योतिषीहरू जम्मा भएका थिए । त्रिभुवन–विश्वविद्यालयले परीक्षाको काममा झिकाएका काशीका ४ जना पण्डित पनि सो सभामा सन्मानपूर्वक बोलाइएका थिए । पद्मप्रसादज्यू तथा जुननाथज्यूले आफ्नो तर्क विस्तारपूर्वक प्रस्तुत गर्नुभयो । यस्तै किसिमबाट सबैबाट आफ्ना आफ्ना तर्क प्रस्तुत भए । काशीका पण्डितहरूका तर्क पनि सो सभामा आए । काशीका पण्डितहरूका तर्क पद्मप्रसादको पक्षको समर्थक भएकाले सभापतिको आसनबाट बडागुरुज्यूले पनि पद्मप्रसादको पक्ष लिनुभयो । एक मतको निर्णय प्रकाशित भयो§ ।

§ वि. सं. २०२० मार्ग २१ गतेको गोरखापत्र हेर्नुहोस् ।

मेरो मनमा निश्चयात्मक विचार थिएन । यसको केहीपछि वृत्तशतकको टीका पल्टाउँदा मैले तलका श्लोक देखें–

मुहूर्त्तमालायाम्—

पत्युर्ज्येष्ठं ज्येष्ठे श्वशुरं पौषे शुचौ श्वश्रूम्
पतिमधिके क्षयमासे हन्त्यात्मानं गृहस्थिता पत्युः ।
हन्ति नवोढा पितरं पितृसदने स्थिता चैत्रे
फलमेतत् प्रथमेऽब्दे दोषो नैष द्वितीयादौ ।।

(वृत्तशतकको टीका मुनिवाक्यार्थदर्पणको विवाहप्रतिबिम्ब १६२ पत्र†)

[विवाह भएपछि पहिलो ज्येष्ठमा पतिको घरमा बसे नयाँ दुलहीले जेठाज्यूलाई पिर्छे, पौषमा ससुरालाई पिर्छे, आषाढमा सासूलाई पिर्छे, अधिमासमा पतिलाई पिर्छे, क्षयमासमा आफैलाई पिर्छे । चैत्रमा बाबुको घरमा बस्ने नयाँ दुलहीले बाबुलाई पिर्छे । पहिलो वर्षमा मात्र यो बार्नुपर्छ । दोस्रो वर्षदेखि यो दोष लाग्दैन ।]

मुहूर्त्तमालाको छापा पुस्तक पल्टाई हेर्दा पनि यो वचन पाइयो* । अघिबाटै मलाई यो कुरो उपस्थित भएको भए यही कुरो म बोल्थें ।

यस घटनाबाट पद्मप्रसादज्यूको शास्त्रको अर्थ गर्ने शक्तिमा मेरो विश्वास बढ्यो ।

दैवज्ञशिरोमणि लक्ष्मीपतिको ग्रन्थसंग्रहशीलता तिनको अवलोकन तथा उद्धरण गर्ने शक्तिमा पनि मेरो विश्वास बढ्यो ।

बहुमतको भरमा मात्र निर्णय गर्ने हो भने वास्तव कुरो हात लाग्छ वा लाग्दैन भन्ने विचार पनि मेरो हृदयभित्र घुम्न लाग्यो ।

(यो निबन्ध तयार गर्दा नानी मङ्गलदास प्रधानाङ्ग र दिनेशराज पन्तले मेरो विचार र इच्छाअनुसार काम गरेका छन् । गौतमबज्र र महेशराजबाट पनि अलिकता काम भएको छ । सबैलाई यथोचित धन्यवाद छ ।)

†❀†

---

† भास्कराचार्यका बाबु महेश्वराचार्यले १०० श्लोकमा मुहूर्त्तविषयक ग्रन्थ लेखी त्यसको नाम वृत्तशतक राखेका हुन् । लक्ष्मीपतिका साहिँला छोरा लीलानाथले बाबुको शिक्षाबमोजिम वृत्तशतकको मुनिवाक्यार्थदर्पणनामक विस्तृत टीका लेखेका हुन् ।

* वि. सं. १९४९ मा निर्णयसागरबाट प्रकाशित मुहूर्त्तमालाको १६१ पृष्ठ हेर्नुहोस् ।

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

सम्पादक तथा अनुवादक —रामजी तेवारी

१५ प्रक्रम—चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) ल्याउने रीति

**रूपाब्धिनिघ्नोऽब्दगणः स्वनन्दार्काशोनितोऽङ्गाद्रियमैः खपक्षैः ।**
**युतो विधूच्चं सनिजाभ्रनेत्रांशाब्दाङ्गचन्द्रांशकलायुतः स्यात् ॥ ९ ॥**

अन्वय—रूपाब्धिनिघ्नः अब्दगणः, स्वनन्दार्काशोनितः, (कार्यः) । अङ्गाद्रियमैः, (अंशैः) खपक्षैः, (कलाभिः) युतः (कार्यः) । सनिजाभ्रनेत्रांशाब्दाङ्गचन्द्रांशकलायुतः, (कार्यः) । विधूच्चम् स्यात् ॥ ९ ॥

पदार्थ—रूपाब्धिनिघ्नः=४१ ले गुनिएको । अब्दगणः=वर्षगण । स्वनन्दार्काशोनितः=आफ्नो १२९ भाग घटेको । कार्यः=गर्नू । अङ्गाद्रियमैः=२७६ । अंशैः=अंश । खपक्षैः=२० । कलाभिः=कला । युतः=जोडिएको । कार्यः=गर्नू । सनिजाभ्रनेत्रांशाब्दाङ्गचन्द्रांशकला-युतः=आफ्नो बीसौं भाग जोडिएको वर्षगणको सोह्रौं भागरूपी कला जोडिएको । कार्यः=गर्नू । विधूच्चम्=चन्द्रमन्दोच्च । स्यात्=हुन्छ ॥ ९ ॥

भावार्थ—वर्षगणलाई ४१ ले गुन्नू । गुणनफल अंशरूप हुन्छ । सो गुणनफललाई १२९ ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफलबाट सो लब्धि घटाउनू । शेषमा २७६ अंश २० कला जोड्नू । योगफल अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई २० ले भाग लिनू, कलादि लब्धि आउँछ । सो कलादि लब्धि कलारूप वर्षगणमा जोडनू । योगफललाई १६ ले भाग लिनू । कलादि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । यो योगफल चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) हुन्छ ।

## उदाहरण

वि. सं. १८७१ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) ल्याउँदा ।

यस वर्षको वर्षगण १७ हो (१ प्रक्रमको उदाहरण हेर्नुहोस्) । वर्षगण १७ लाई ४१ ले गुन्दा गुणनफल ६९७ अंश आउँछ । गुणनफल ६९७ अंशलाई १२९ ले भाग लिंदा लब्धि

५ अंश २४ कला ११ विकला ९ प्रतिविकला ४६ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ५।२४।११।९।४६ लाई गुणनफल ६९७ अंशबाट घटाउँदा शेष ६९१ अंश ३५ कला ४८ विकला ५० प्रतिविकला १४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ६९१।३५।४८।५०।१४ मा २७६ अंश २० कला जोड्दा योगफल ९६७ अंश ५५ कला ४८ विकला ५० प्रतिविकला १४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ९६७।५५।४८।५०।१४ प्रथमफल हुन्छ ।

वर्षगण १७ लाई २० ले भाग लिंदा लब्धि ० कला ५१ विकला आउँछ । कलादि यो लब्धि ०।५१ लाई कलारूप वर्षगण १७ मा जोड्दा योगफल १७ कला ५१ विकला आउँछ । कलादि यो योगफल १७।५१ लाई १६ ले भाग लिंदा लब्धि १ कला ६ विकला ५६ प्रतिविकला १५ प्रतिप्रतिविकला आउँछ । कलादि यो लब्धि १।६।५६।१५ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ९६७।५५।४८।५०।१४ र कलादि द्वितीयफल १।६।५६।१५ को योग गर्दा योगफल ९६७ अश ५६ कला ५५ विकला ४६ प्रतिविकला २९ प्रतिप्रतिविकला आउँछ ।

९६७ अंशलाई ३६० ले तष्ट गर्दा २४७ आउँछ । यस कारण अंशादि योगफल २४७।५६।५५।४६।२९ हुन्छ । यस कारण विक्रमसंवत् १८७१ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) २४७ अंश ५६ कला ५५ विकला ४६ प्रतिविकला २९ प्रतिप्रतिविकला हुन्छ ।

१७ वर्षगण
×४१
———
१७
६८
———
६९७ अंश

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| ६९७ | ० | ० | ० | ० |
| ५ | २४ | ११ | ९ | ४६ |
| ६९१ | ३५ | ४८ | ५० | १४ |

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | |
|---|---|---|---|---|---|
| ६९१ | ३५ | ४८ | ५० | १४ | |
| २७६ | २० | ० | ० | ० | |
| ९६७ | ५५ | ४८ | ५० | १४ | प्रथमफल |

१२९)६९७ अंश(५।२४।११।९।४६ अंशादि
६४५
———
५२
×६०
———
४३) ५२
×२०
———
१०४०
८६
———
१८०
१७२
———
८
×६०
———
४८०
४३
———
५०
४३
———

७
×६०
———
४२०
३८७
———
३३
×६०
———
१९८०
१७२
———
२६०
२५८
———
२

२०) १७ वर्षगण (० । ५१ कलादि

×६०

१) १७

×३

५१

क. । वि.
१७ । ० । वर्षगण
० । ५१
१७ । ५१

क. । वि. ( क. । वि. । प्र. । प्र.प्र. वि.
१६ ) १७ । ५१ ( १ । ६ । ५६ । १५ द्वितीयफल
१६
१
×६०
६०
५१
१११
९६
१५
×६०
४) १५
×१५

७५
१५
२२५
२०
२५
२४
१
×६०
१) १
×१५
१५

अं. । क. । वि. । प्र. । प्र.प्र. वि.
९६७ । ५५ । ४८ । ५० । १४ । प्रथमफल
१ । ६ । ५६ । १५ । द्वितीयफल
९६७ । ५६ । ५५ । ४६ । २९

३६०)९६७(२
७२०
२४७

अं. । क. । वि. । प्र. । प्र.प्र. वि.
२४७ । ५६ । ५५ । ४६ । २९ । वि. सं. १८७१ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च)

## ११ प्रश्नमाला

तल दिइएका वर्षका चन्द्रोच्चका ध्रुव (मेषसङ्क्रान्तिकालका चन्द्रमन्दोच्च) ल्याउ ।

(१) वि. सं. २०२३ (२) वि. सं. २०२२ (३) वि. सं. २०२१
(४) वि. सं. २०२० (५) वि. सं. २०१९ (६) वि. सं. २०१८
(७) वि. सं. १९६० (८) वि. सं. १८६१ (९) वि. सं. १८६७

(१०) वि. सं. १८६८ (११) वि. सं. १८६९ (१२) वि. सं. १८७०
(१३) वि. सं. १९६० (१४) वि. सं. १९६१ (१५) वि. सं. १९७०
(१६) वि. सं. १९७१ (१७) वि. सं. १८५४ (१८) वि. सं. १८५५

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | ३११ | ४८ | १७ | ५९ | ४४ |
| [२] | २७१ | ७ | १८ | १४ | ३९ |
| [३] | २३० | २६ | १८ | २९ | ३४ |
| [४] | १८९ | ४५ | १८ | ४४ | २९ |
| [५] | १४९ | ४ | १८ | ५९ | २३ |
| [६] | १०८ | २३ | १९ | १४ | १८ |
| [७] | १६० | २५ | ५८ | ३० | ३१ |
| [८] | २०१ | ६ | ५८ | १५ | ३७ |
| [९] | ८५ | १२ | ५६ | ४६ | ८ |
| [१०] | १२५ | ५३ | ५६ | ३१ | १३ |
| [११] | १६६ | ३४ | ५६ | १६ | १८ |
| [१२] | २०७ | १५ | ५६ | १ | २४ |
| [१३] | २६८ | ४५ | ३३ | ३९ | १५ |
| [१४] | ३०९ | २६ | ३३ | २४ | २० |
| [१५] | ३१५ | ३५ | ३१ | १० | ७ |
| [१६] | ३५६ | १६ | ३० | ५५ | १२ |
| [१७] | २७६ | २० | ० | ० | ० |
| [१८] | ३१७ | ० | ५९ | ४५ | ५ |

१६ प्रकम–११ प्रश्नमालाका जम्मै प्रश्नलाई अभ्यास गरेपछि ग्रन्थारम्भकाल (वि.सं. १८५४) र त्यसपछिका वर्षको चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) ल्याउने रीति विद्यार्थीको मनमा राम्रोसँग चढ्छ। अब हामी वि. सं. १८५४ भन्दा अगाडिका वर्षको चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) ल्याउने उदाहरण दिन्छौं।

## १ उदाहरण

विक्रमसंवत् १८५३ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) ल्याउँदा।

विक्रमसंवत् १८५३को वर्षगण ऋण १ हो (३ प्रक्रमको १ उदाहरण हेर्नुहोस्)। वर्षगण ऋण १ लाई ४१ ले गुन्दा गुणनफल ऋण ४१ अंश आउँछ। गुणनफल ऋण ४१ अंशलाई १२९ ले भाग लिंदा लब्धि ऋण ० अंश १९ कला ४ विकला ११ प्रतिविकला १० प्रतिप्रतिविकला आउँछ। अंशादि यो लब्धि ऋण ०।१९।४।११।१० लाई गुणनफल ऋण ४१ अंशबाट घटाउँदा शेष ऋण ४० अंश ४० कला ५५ विकला ४८ प्रतिविकला ५० प्रतिप्रतिविकला आउँछ।

अंशादि यो शेष ऋण ४०।४०।५५।४८।५० मा धन २७६ अंश २० कला जोड्दा योगफल धन २३५ अंश ३९ कला ४ विकला ११ प्रतिविकला १० प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल धन २३५।३९।४।११।१० प्रथमफल हुन्छ ।

वर्षगण ऋण १ लाई २० ले भाग लिंदा लब्धि ऋण ० कला ३ विकला आउँछ । कलादि यो लब्धि ऋण ०।३ लाई कलारूप वर्षगण ऋण १ मा जोड्दा योगफल ऋण १ कला ३ विकला आउँछ । कलादि यो योगफल ऋण १।३ लाई १६ ले भाग लिंदा लब्धि ऋण ० कला ३ विकला ५६ प्रतिविकला १५ प्रतिप्रतिविकला आउँछ । कलादि यो लब्धि ऋण ०।३।५६।१५ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल धन २३५।३९।४।११।१० र कलादि द्वितीयफल ऋण ०।३।५६।१५ को योग गर्दा योगफल धन २३५ अंश ३९ कला ० विकला १४ प्रतिविकला ५५ प्रतिप्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १८५३ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) २३५ अंश ३९ कला ० विकला १४ प्रतिविकला ५५ प्रतिप्रतिविकला हुन्छ ।

```
  ४१
×(−१) वर्षगण
−४१ अंश
```

```
१२९)−४१ अंश(− ० । १९ । ४ । ११ । १०
      ६०
४३) ४१
    −२०
    ८२०
     ४३
    ३९०
    ३८७
      ३
    ×६०
    १८०
    १७२
      ८
    ×६०
    ४८०
     ४३
     ५०
     ४३
      ७
    ×६०
    ४२०
```

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| −४१ | ० | ० | ० | ० |
| − ० | १९ | ४ | ११ | १० |
| −४० | ४० | ५५ | ४८ | ५० |

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| २७६ | २० | ० | ० | ० |
| − ४० | ४० | ५५ | ४८ | ५० |
| २३५ | ३९ | ४ | ११ | १० प्रथमफल |

क.।वि. । क. । वि. । प्र. । प्र.प्र.वि.

२०)– १ वर्षगण(–०।३ कलादि    १६)—१।३ (–० । ३ । ५६ । १५ ।

×६०    ६०    द्वितीयफल

१) १    ६०

×३    ३

३    ६३

४८

१५    २५

क. । वि.    ६०    २४

–१ । ० वर्षगण    ४) १५    १

–० । ३    १५    ×६०

–१ । ३    ७५    १) १

१५    ×१५

२२५    १५

२०

२५

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | |
|---|---|---|---|---|---|
| २३५ | ३९ | ४ | ११ | १० | प्रथमफल |
| – ० | ० | ३ | ५६ | १५ | द्वितीयफल |
| २३५ | ३९ | ० | १४ | ५५ | वि. सं. १८५३ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) |

## २ उदाहरण

विक्रमसंवत् १७३८ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) ल्याउँदा ।

विक्रमसंवत् १७३८ को वर्षगण ऋण ११६ हो (३ प्रक्रमको २ उदाहरण हेर्नुहोस्) । वर्षगण ऋण ११६ लाई ४१ ले गुन्दा गुणनफल ऋण ४७५६ अंश आउँछ । गुणनफल ऋण ४७५६ अंशलाई १२९ ले भाग लिंदा लब्धि ऋण ३६ अंश ५२ कला ५ विकला ३४ प्रतिविकला ५३ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ३६।५२।५।३४।५३ लाई गुणनफल ऋण ४७५६ अंशबाट घटाउँदा शेष ऋण ४७१९ अंश ७ कला ५४ विकला २५ प्रतिविकला ७ प्रतिप्रतिविकला आउँछ । ४७१९ अंशलाई ३६० ले तष्ट गर्दा ३९ शेष रहन्छ । यस कारण अंशादि ऋण ३९।७।५४।२५।७ आउँछ । अंशादि यो शेष ऋण ३९।७।५४।२५।७ मा धन २७६ अंश २० कला जोड्दा योगफल धन २३७ अंश १२ कला ५ विकला ३४ प्रतिविकला ५३ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल धन २३७।१२।५।३४।५३ प्रथमफल हुन्छ ।

वर्षगण ऋण ११६ लाई २० ले भाग लिंदा लब्धि ऋण ५ कला ४८ विकला आउँछ। कलादि यो लब्धि ऋण ५।४८ लाई कलारूप वर्षगण ऋण ११६ मा जोड्दा योगफल ऋण १२१ कला ४८ विकला आउंछ। कलादि यो योगफल ऋण १२१।४८ लाई १६ ले भाग लिंदा लब्धि ऋण ७ कला ३६ विकला ४५ प्रतिविकला आउँछ। कलादि यो लब्धि ऋण ७।३६।४५ द्वितीयफल हुन्छ।

अंशादि प्रथमफल धन २३७।१२।५।३४।५३ र कलादि द्वितीयफल ऋण ७।३६।४५ को योग गर्दा योगफल धन २३७ अंश ४ कला २८ विकला ४९ प्रतिविकला ५३ प्रतिप्रतिविकला आउँछ। यस कारण विक्रमसंवत् १७३८ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र-मन्दोच्च) २३७ अंश ४ कला २८ विकला ४९ प्रतिविकला ५३ प्रतिप्रतिविकला हुन्छ।

४१
× (−११६) वर्षगण
२४६
४१
४१
−४७५६ अंश

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|
| १२९)−४७५६ अंश( | −३६ | ५२ | ५ | ३४ | ५३ |

३८७
८८६
७७४
११२
×६०
४३) ११२
×२०
२२४०
२१५
९०
८६
४
×६०
२४०
२१५
२५
×६०
१५००
१२९

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| −४७५६ | ० | ० | ० | ० |
| −३६ | ५२ | ५ | ३४ | ५३ |
| −४७१९ | ७ | ५४ | २५ | ७ |

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| −३९ | ७ | ५४ | २५ | ७ |

२१०
१७२
३८
६०
२२८०
२१५
१३०
१२९
१

```
३६०)—४७११(—१३
     ३६०
     ----
     १११९
     १०८०
     ----
       ३९
```

| अं | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| २७६ | २० | ० | ० | ० |
| — ३९ | ७ | ५४ | २५ | ७ |
| २३७ | १२ | ५ | ३४ | ५३ प्रथमफल |

```
          क. । वि.
२०)—११६ वर्षगण(—५ । ४८
    १००
    ----
     १६
    ×६०
    ----
१)   १६
    × ३
    ----
     ४८
```

| क. | वि. | |
|---|---|---|
| —११६ | ० | वर्षगण |
| — ५ | ४८ | |
| —१२१ | ४८ | |

```
          क. । वि.   क. । वि. । प्र.
१६)—१२१ । ४८ ( —७ । ३६ । ४५ द्वितीयफल
    ११२
    ----
      ९
    ×६०
    ----
    ५४०
     ४८
    ----
    ५८८
     ४८
    ----
    १०८
     ९६
    ----
     १२
    ×६०
    ----
१)   ३
    ×१५
    ----
     ४५
```

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | |
|---|---|---|---|---|---|
| +२३७ | १२ | ५ | ३४ | ५३ | प्रथमफल |
| — ० | ७ | ३६ | ४५ | ० | द्वितीयफल |
| २३७ | ४ | २८ | ४९ | ५३ | |

वि. सं. १७३८ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिको चन्द्र—मन्दाच्च ।)

## १२ प्रश्नमाला

तल दिइएका वर्षका चन्द्रोच्चका ध्रुव (मेषसङ्क्रान्तिकालका चन्द्र–मन्दोच्च) ल्याऊ।

(१) वि. सं. १८११
(२) वि. सं. १८१०
(३) वि. सं. १७४०
(४) वि. सं. १७३९
(५) वि. सं. १७३१
(६) वि. सं. १७३२
(७) वि. सं. १६१६
(८) वि. सं. १६१५
(९) वि. सं. १५३८
(१०) वि. सं. १५३७
(११) वि. सं. १४४४
(१२) वि. सं. १४४३
(१३) वि. सं. १३५२
(१४) वि. सं. १३५३
(१५) वि. सं. १
(१६) वि. सं. ०

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | ३२६ | ५७ | १० | ४१ | १५ |
| [२] | २८६ | १६ | १० | ५६ | १० |
| [३] | ३१८ | २६ | २८ | २० | ४ |
| [४] | २७७ | ४५ | २८ | ३४ | ५८ |
| [५] | ३१२ | १७ | ३० | ३४ | १६ |
| [६] | ३५२ | ५८ | ३० | १९ | २२ |
| [७] | ३१३ | ४२ | ५९ | ९ | १५ |
| [८] | २७३ | १ | ५९ | २४ | ९ |
| [९] | २० | २५ | १८ | ३२ | २७ |
| [१०] | ३३९ | ४४ | १८ | ४७ | २१ |
| [११] | १५६ | ११ | ४१ | ५४ | १५ |
| [१२] | ११५ | ३० | ४२ | ९ | ९ |
| [१३] | १३ | २० | ४ | ४६ | १३ |
| [१४] | ५४ | १ | ४ | ३१ | १९ |
| [१५] | १३० | १४ | ४० | ३३ | २४ |
| [१६] | ८९ | ३३ | ४० | ४८ | १९ |

१७ *प्रक्रम*–विक्रमसंवत् २०२२ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) को अंशादि २७१।७।१८।१४।३९ र विक्रमसंवत् २०२३ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च)को अंशादि ३११।४८।१७।५९।४४ छन्। यी उदाहरणबाट १ वर्षमा चन्द्रोच्चको अंशादि ४०।४०।५९।४५।५ बढ्दो रहेछ भन्ने देखिन्छ। यस

कारण अंशादि ४०।४०।५९।४५।५ लाई १,२,३ इत्यादिले गुन्दा तथा विक्रमसंवत् ० को अंशादि चन्द्र–मन्दोच्च§लाई क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ ।

## ३ सारणी

क्षेपक [वि. सं. ० को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च)]

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

=८९ । ३३ । ४० । ५५ । ३०

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| १ | ४० | ४० | ५९ | ४५ | ५ |
| २ | ८१ | २१ | ५९ | ३० | १० |
| ३ | १२२ | २ | ५९ | १५ | १५ |
| ४ | १६२ | ४३ | ५९ | ० | २० |
| ५ | २०३ | २४ | ५८ | ४५ | २५ |
| ६ | २४४ | ५ | ५८ | ३० | ३० |
| ७ | २८४ | ४६ | ५८ | १५ | ३५ |
| ८ | ३२५ | २७ | ५८ | ० | ४० |
| ९ | ६ | ८ | ५७ | ४५ | ४५ |
| १० | ४६ | ४९ | ५७ | ३० | ५० |
| २० | ९३ | ३९ | ५५ | १ | ४० |
| ३० | १४० | २९ | ५२ | ३२ | ३० |
| ४० | १८७ | १९ | ५० | ३ | २० |
| ५० | २३४ | ९ | ४७ | ३४ | १० |
| ६० | २८० | ५९ | ४५ | ५ | ० |

§वि. सं १८५४ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) २७६ अंश २० कला हुन्छ भनी लक्ष्मीपतिले बोलेका छन् । १ वर्षको चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) को गति अंशादि ४०।४०।५९।४५।५ हुन्छ । यस कारण चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) को वार्षिक गतिलाई १८५४ ले गुनी आएको गुणनफललाई २७६ अंश २० कलाबाट घटाउँदा वि. सं. ० को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) आउँछ ।

४०।४०।५९।४५।५ लाई १८५४ ले गुन्दा गुणनफल अंशादि १८६।४६।१९।४।३० आउँछ । गुणनफल अंशादि १८६।४६।१९।४।३० लाई २७६ अंश २० कलाबाट घटाउँदा अंशादि ८९। ३३।४०।५५।३० आउँछ । अंशादि ८९।३३।४०।५५।३० वि. सं. ० को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) हुन्छ ।

## ३ सारणी

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| ७० | ३२७ | ४९ | ४२ | ३५ | ५० |
| ८० | १४ | ३९ | ४० | ६ | ४० |
| ९० | ६१ | २९ | ३७ | ३७ | ३० |
| १०० | १०८ | १९ | ३५ | ८ | २० |
| २०० | २१६ | ३९ | १० | १६ | ४० |
| ३०० | ३२४ | ५८ | ४५ | २५ | ० |
| ४०० | ७३ | १८ | २० | ३३ | २० |
| ५०० | १८१ | ३७ | ५५ | ४१ | ४० |
| ६०० | २८९ | ५७ | ३० | ५० | ० |
| ७०० | ३८ | १७ | ५ | ५८ | २० |
| ८०० | १४६ | ३६ | ४१ | ६ | ४० |
| ९०० | २५४ | ५६ | १६ | १५ | ० |
| १००० | ३ | १५ | ५१ | २३ | २० |
| २००० | ६ | ३१ | ४२ | ४६ | ४० |
| ३००० | ९ | ४७ | ३४ | १० | ० |
| ४००० | १३ | ३ | २५ | ३३ | २० |
| ५००० | १६ | १९ | १६ | ५६ | ४० |
| ६००० | १९ | ३५ | ८ | २० | ० |
| ७००० | २२ | ५० | ५९ | ४३ | २० |
| ८००० | २६ | ६ | ५१ | ६ | ४० |
| ९००० | २९ | २२ | ४२ | ३० | ० |
| १०००० | ३२ | ३८ | ३३ | ५३ | २० |

१८ *प्रक्रम*–३ सारणीबाट इष्ट विक्रमसंवत्‌को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र-मन्दोच्च) ल्याउने रीति ।

इष्ट विक्रमसंवत्‌को सहस्रस्थानीको अंशादि, शतस्थानीको अंशादि, दशस्थानीको अंशादि, एकस्थानीको अंशादिसमेत जोड्नू । योगफललाई क्षेपकमा जोड्नू, यो योगफल इष्ट विक्रमसंवत्‌को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) हुन्छ । अंश ३६० भन्दा बढ्ता भए ३६० ले तष्ट गर्नू (३६० ले भाग लिई शेष मात्र लिनू ) ।

जस्तै—

विक्रमसंवत् १८७१ को चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) ल्याउँदा

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|
| १००० वर्षको अंशादि | ३ | १५ | ५१ | २३ | २० |
| ८०० वर्षको अंशादि | १४६ | ३६ | ४१ | ६ | ४० |
| ७० वर्षको अंशादि | ३२७ | ४९ | ४२ | ३५ | ५० |
| १ वर्षको अंशादि | ४० | ४० | ५९ | ४५ | ५ |
| | ५१८ | २३ | १४ | ५० | ५५ |

३६०)५१८(१
३६०
१५८

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| १५८ | २३ | १४ | ५० | ५५ |

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|
| क्षेपक (वि. सं. ० को मेषसङ्क्रान्तिको चन्द्रमन्दोच्च) | ८९ | ३३ | ४० | ५५ | ३० |
| १८७१ वर्षको चन्द्रमन्दोच्चको गति | १५८ | २३ | १४ | ५० | ५५ |
| वि. सं. १८७१ को मेषसङ्क्रान्तिको चन्द्रमन्दोच्च | २४७ | ५६ | ५५ | ४६ | २५ |

## १३ प्रश्नमाला

१८ प्रक्रमको रीतबाट तल दिइएका वर्षका चन्द्रोच्चका ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्र–मन्दोच्च) ल्याऊ।

(१) वि. सं. २०२३
(२) वि. सं. २०२२
(३) वि. सं. २०२१
(४) वि. सं. २०२०
(५) वि. सं. २०१९
(६) वि. सं. २०१८
(७) वि. सं. १८६०
(८) वि. सं. १८६१
(९) वि. सं. १८६७
(१०) वि. सं. १८६८
(११) वि. सं. १८६९
(१२) वि. सं. १८७०
(१३) वि. सं. १९६०
(१४) वि. सं. १९६१
(१५) वि. सं. १९७०
(१६) वि. सं. १९७१
(१७) वि. सं. १८५४
(१८) वि. सं. १८५५
(१९) वि. सं. १८११
(२०) वि. सं. १८१०
(२१) वि. सं. १७४०
(२२) वि. सं. १७३९
(२३) वि. सं. १७३१
(२४) वि. सं. १७३२
(२५) वि. सं. १६१६
(२६) वि. सं. १६१५
(२७) वि. सं. १५३८
(२८) वि. सं. १५३७
(२९) वि. सं. १४४४
(३०) वि. सं. १४४३
(३१) वि. सं. १३५२
(३२) वि. सं. १३५३
(३३) वि. सं. १
(३४) वि. सं. ०

## उत्तर

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|
| [१] | ३११ | ४८ | १७ | ५९ | ५ |
| [२] | २७१ | ७ | १८ | १४ | ० |
| [३] | २३० | २६ | १८ | २८ | ५५ |
| [४] | १८९ | ४५ | १८ | ४३ | ५० |
| [५] | १४९ | ४ | १८ | ५८ | ४५ |
| [६] | १०८ | २३ | १९ | १३ | ४० |
| [७] | १६० | २५ | ५८ | ३० | ३० |
| [८] | २०१ | ६ | ५८ | १५ | ३५ |
| [९] | ८५ | १२ | ५६ | ४६ | ५ |
| [१०] | १२५ | ५३ | ५६ | ३१ | १० |
| [११] | १६६ | ३४ | ५६ | १६ | १५ |
| [१२] | २०७ | १५ | ५६ | १ | २० |
| [१३] | २६८ | ४५ | ३३ | ३८ | ५० |
| [१४] | ३०९ | २६ | ३३ | २३ | ५५ |
| [१५] | ३१५ | ३५ | ३१ | ९ | ४० |
| [१६] | ३५६ | १६ | ३० | ५४ | ४५ |
| [१७] | २७६ | २० | ० | ० | ० |
| [१८] | ३१७ | ० | ५९ | ४५ | ५ |
| [१९] | ३२६ | ५७ | १० | ४१ | २५ |
| [२०] | २८६ | १६ | १० | ५६ | २० |
| [२१] | ३१८ | २६ | २८ | २० | ३० |
| [२२] | २७७ | ४५ | २८ | ३५ | २५ |
| [२३] | ३१२ | १७ | ३० | ३४ | ४५ |
| [२४] | ३५२ | ५८ | ३० | १९ | ५० |
| [२५] | ३१३ | ४२ | ५९ | १० | १० |
| [२६] | २७३ | १ | ५९ | २५ | ५ |
| [२७] | १० | २५ | १८ | ३३ | ४० |
| [२८] | ३३९ | ४४ | १८ | ४८ | ३५ |
| [२९] | १५६ | ११ | ४१ | ५५ | ५० |
| [३०] | ११५ | ३० | ४२ | १० | ४५ |
| [३१] | १३ | २० | ४ | ४८ | १० |
| [३२] | ५४ | १ | ४ | ३३ | १५ |
| [३३] | १३० | १४ | ४० | ४० | ३५ |
| [३४] | ८९ | ३३ | ४० | ५५ | ३० |

यहाँ सूत्र(१५,१६ प्रक्रमको रीत)बाट आएका उत्तर र ३ सारणी(१७,१८ प्रक्रमको रीत)बाट आएका उत्तरमा अलिकता फरक छ (पूर्णिमा १४ अङ्कको १८७ पृष्ठ हेर्नुहोस्) ।

उत्तर दोहऱ्याइदिने काम गरिदिएकाले दिनेशराज पन्त धन्यवादका पात्र छन् ।

(क्रमशः)

(क्रमागत)

# त्रिकोणमिति (ज्योत्पत्ति)

## पहिलो अध्याय


—नयराज पन्त

५२ प्रक्रम—

### इष्ट चापको उत्क्रमज्या ल्याउने रीति

पहिलो पदमा रहेको इष्ट चापको उत्क्रमज्या ल्याउने रीतिको विषयमा हामीले ४२ प्रक्रममा विचार गरेका थियौं । अब हामी सबै पदमा रहेका इष्ट चापको उत्क्रमज्या ल्याउने विषयमा विचार गर्छौं ।

"पूर्वपदादि र ज्यामूलको बीचको भाग (पूर्वापरव्यासको टुक्रो)लाई त्यस चापको उत्क्रमज्या भन्दछन्" भनी माथि ५ प्रक्रममा लेखिएको छ । त्यसअनुसार—




[ ३२ चित्र]

प्रथम पदमा—

पू च चापको उत्क्रमज्या

=अ पू

द्वितीय पदमा—

चापको उत्क्रमज्या

=आ पू

तृतीय पदमा—पू चि चापको उत्क्रमज्या=अि पू

चतुर्थ पदमा—पू ची चापको उत्क्रमज्या=अी पू हुन्छन् ।

प्रथम पद र चतुर्थ पदमा कोटिज्या धनात्मक हुन्छ तथा द्वितीय पद र तृतीय पदमा कोटिज्या ऋणात्मक हुन्छ भन्ने कुरा ५० प्रक्रममा सिद्ध गरिएको छ । यताबाट "त्रिज्याबाट

कोटिज्या घटाइदियो भने उत्क्रमज्या आउँछ" भन्ने ५ प्रक्रममा दिइएको नियममा केही बाधा पर्दैन । किनभने

**प्रथम पदमा—**

पू च चापको उत्क्रमज्या=अ पू=के पू–के अ
=त्रि–कोटिज्या

**द्वितीय पदमा—**

पू चा चापको उत्क्रमज्या=आ पू=के पू+के आ
=त्रि+कोटिज्या
=त्रि–(–कोटिज्या)

**तृतीय पदमा—**

पू चि चापको उत्क्रमज्या=अि पू=के पू+के अि
=त्रि+कोटिज्या
=त्रि–(–कोटिज्या)

**चतुर्थ पदमा—**

पू ची चापको उत्क्रमज्या=अी पू=के पू–के अी
=त्रि–कोटिज्या

प्रथम पदमा ९ सारणी उपयोग गरी इष्ट चापको उत्क्रमज्या ल्याउने रीति ४२ प्रक्रममा दिएकै छ ।

द्वितीय र तृतीय पदमा उत्क्रमज्या=त्रि–(–कोटिज्या)=त्रि+कोटिज्या हुन्छ । यस कारण यहाँ ३९ प्रक्रमको रीतअनुसार इष्ट चापको भुज बनाई (४० प्रक्रममा जस्तै) सो भुजको कोटिबाट ८ सारणीको उपयोग गरी ज्या (कोटिज्या) ल्याई त्रिज्यामा जोडिदियो भने इष्ट चापको उत्क्रमज्या आउंछ ।

चौथो पदमा उत्क्रमज्या=त्रि–कोटिज्या हुन्छ । यस कारण यहाँ ३९ प्रक्रमको रीतअनुसार इष्ट चापको भुज बनाई सो भुजबाट ४२ प्रक्रमको रीतअनुसार ९ सारणी उपयोग गरी उत्क्रमज्या ल्याउनुपर्छ ।

**आद्ये चतुर्थे च पदे भुजांशविलोमजीवैव भवेदभीष्टा ।**
**भुजांशकोज्या त्रिभजीवयाऽऽढ्या व्यस्तज्यका शेषपदोः प्रसिद्धयेत् ॥५१॥**

[पहिलो र चौथो पदमा भुजांशबाट नै उत्क्रमज्या आउंछ । दोस्रो र तेस्रो पदमा भुजांशको कोटिज्या ल्याई त्रिज्यामा जोडिदियो भने इष्ट उत्क्रमज्या आउंछ ।]

१ **उदाहरण**—१५६ अंश ३० कलाको उत्क्रमज्या ल्याऊ ।

यहाँ इष्ट चाप द्वितीय पदमा रहेको हुनाले

अभीष्ट उत्क्रमज्या=त्रि+इष्ट चापको भुजांशको कोटिज्या
=त्रि+(१८०°–इष्ट चाप) को कोटिज्या
=त्रि+(१८०°–१५६°३०') को कोटिज्या
=त्रि+२६° ३०° को कोटिज्या
=३४३८+३१५१ [३५ प्रक्रमको २ उदाहरण ]
=६५८९

२ **उदाहरण**—१९५° को उत्क्रमज्या ल्याऊ ।

यहाँ इष्ट चाप तृतीय पदमा रहेको हुनाले

अभीष्ट उत्क्रमज्या=त्रि+इष्ट चापको भुजांकको कोटिज्या
=त्रि+(इष्ट चाप–१८०°) को कोटिज्या
=त्रि+(१९५°–१८०°) को कोटिज्या
=त्रि+१५° को कोटिज्या
=३४३८+३३२१ [२० प्रश्नमालाको १ प्रश्नको उत्तरबाट]
=६७५९

३ **उदाहरण**—३३६ अंश ३० कलाको उत्क्रमज्या ल्याऊ ।

यहाँ इष्ट चाप चौथो पदमा रहेको हुनाले

अभीष्ट उत्क्रमज्या=इष्ट चापको भुजांशको उत्क्रमज्या
=(३६०°–३३६° ३०') को उत्क्रमज्या
=२३° ३०' को उत्क्रमज्या
=२८७ [४२ प्रक्रमको उदाहरणबाट ]

## ३७ प्रश्नमाला

तलका चापका उत्क्रमज्या ल्याऊ—

| | | |
|---|---|---|
| (१) १५ अं | (२) ४५ अं | (३) १०५ अं |
| (४) १३५ अं | (५) २४० अं | (६) ३१५ अं |
| (७) २१० अं | (८) २८५ अं | (९) १५० अं |
| (१०) २२५ अं | (११) १४२ अं ३० क | (१२) ३०३ अं ४५ क |
| (१३) २०२ अं ३० क | (१४) १०१ अं १५ क | (१५) २९६ अं १५ क |
| (१६) १२३ अं ४५ क | (१७) २८१ अं १५ क | (१८) ३४१ अं १५ क |
| (१९) २३६ अं १५ क | (२०) १७२ अं ३० क | |

## उत्तर

| | | | |
|---|---|---|---|
| [१] ११७ | [२] १००७ | [३] ४३२८ | [४] ५८६९ |
| [५] ५१५७ | [६] १००७ | [७] ६४१५ | [८] २५४८ |
| [९] ६४१५ | [१०] ५८६९ | [११] ६१६६ | [१२] १५२८ |
| [१३] ६६१४ | [१४] ४१०९ | [१५] १११७ | [१६] ५३४८ |
| [१७] २७६७ | [१८] १८२ | [१९] ५३४८ | [२०] ६८४७ |

*५३ प्रक्रम—*

माथिका यति उदाहरण अभ्यास गरिसकेपछि सबै पदमा रहेका इष्ट चापका उत्क्रमज्या ल्याउने रीति विद्यार्थीको मनमा बस्तछ । द्वितीय पदमा रहेको इष्ट चापको उत्क्रमज्या ल्याउने विषयमा कमलाकर तथा भास्करले बोलेको कुरामा यहाँ विचार गर्नु प्रसंगमिल्दो हुन आउंछ ।

द्वितीय पदमा भुज=१८०°–इष्ट चाप

कोटि=९०°–भुज=९०°–(१८०°–इष्ट चाप)

=९०°–१८०°+इष्ट चाप

=इष्ट चाप–९०° हुन्छ ।

यस कारण द्वितीय पदमा कोटिज्या=(इष्ट चाप–९०°) को ज्या हुन्छ ।

उत्क्रमज्या=त्रि+कोटिज्या

=त्रि+(इष्ट चाप–९०°) को ज्या हुन्छ ।

यस विषयमा कमलाकरले बोलेको कुरा तल दिइन्छ—

**यद्यत्र भागाः खाङ्केभ्योऽधिकाः खाङ्कोनिताश्च ते ।**
**तज्ज्यायुक्तत्रिभज्यैव कल्प्या चोत्क्रमशिञ्जिनी ।। ५२ ।।**

(सिद्धान्ततत्त्वविवेक स्पष्टाधिकार ८० श्लोक)

[इष्ट चाप ९० अंशभन्दा धेरै (१८० अंशभन्दा थोरै) भएमा इष्ट चापबाट ९० अंश घटाई शेषांशको ज्या ल्याउनू । सो ज्यालाई त्रिज्यामा जोडिदिनू, इष्ट अंशको उत्क्रमज्या आउछ ।]

यही कुरो भास्करले पनि बोलेका छन्—

**बाणेन्दुनाड्यूननतात् क्रमज्या**
**त्रिज्यान्विता सैव नतोत्क्रमज्या ।**

**यदा नतं पञ्चादशघटिकाभ्योऽधिकं भवति तदोत्क्रमज्या–करणे नतात् पञ्चदशघटिका विशोध्य शेषस्य क्रमजीवा त्रिज्यया युता सत्युत्क्रमज्या स्यादित्यवगन्तव्यम् ।**

**अत्रोपपत्तिः । उत्क्रमज्या हि बाणरूपा भवति यदा नतं पञ्चदश-घटिकाधिकं तदा पञ्चदशघटिकानामुत्क्रमज्या बाणरूपा त्रिज्यातुल्या भवति । अथ पञ्चादशघटिकाधिको यः कालस्तस्य क्रमज्योर्ध्वाधोरूपा भवति । सा यावत् त्रिज्यया युता क्रियते तावद् बाणरूपोत्क्रमज्या भवति ।**

(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार ६४ श्लोक)

[नतकाल १५ घडीभन्दा बढ्ता भएमा नतकालबाट घडी घटाई शेष कालको ज्या ल्याउनू। सो ज्या त्रिज्यामा जोडिदिनू, इष्ट नत कालको उत्क्रमज्या आउंछ ।

यसको उपपत्ति–उत्क्रमज्या बाण जस्तो भई रहेको हुन्छ । १५ घडीको बाणरूप उत्क्रमज्या त्रिज्यातुल्य हुन्छ । १५ घडीभन्दा नतकाल बढ्ता भएमा, बढ्ता भागको क्रमज्या ऊर्ध्वाधररूप भएर रहेको हुन्छ । सो क्रमज्यालाई त्रिज्यामा जोडिदियो भने बाणरूप उत्क्रमज्या आउँछ ।]

भास्करले यहाँ बोलेको कुराको केही व्याख्या आवश्यक छ । अहोरात्रमा ६० घडी हुने र नाडीवृत्तमा कालको गणना हुने हुनाले सो वृत्तमा रहेका ६ अंशको १ घडी हुन्छ । यस कारण १५ घडी भनेको ९० अंश हुन आउंछ ।

हामीले उत्तरबिन्दु भनी मानेको बिन्दुलाई भास्करले पूर्वपदादि मानी ज्याकोटिज्याहरू ल्याएका छन् । ३९ प्रक्रमको टिप्पणी हेर्नुहोस् । यस कारण ९० अंशभन्दा बढ्ता भागको ज्या (=इष्ट चापको कोटिज्या) उर्ध्वाधर हुन्छ भनी भास्करले बोलेका हुन् ।

उनको लेखाइको सारांश "द्वितीय पदमा रहेको इष्ट चापको उत्क्रमज्या=त्रि+( इष्ट चाप–९० अंश)को ज्या हुन्छ" भन्ने हो । सो कुरा माथि नै सिद्ध गरिसकेको छ ।


*५४ प्रक्रम—*

**इष्ट चापको कोटच्युत्क्रमज्या ल्याउने रीति**

पहिलो पदमा रहेको इष्ट चाप कोटच्युत्क्रमज्या ल्याउने रीतिको विषयमा हामीले ४४ प्रक्रममा विचार गरेका थियौं । अब हामी सबै पदमा रहेका इष्ट चापको कोच्युत्क्रमज्या ल्याउने विषयमा विचार गर्छौं ।

"कोटिज्याको मूल बिन्दुबाट पहिलो पदको अन्त्यबिन्दुसम्म रहेको याम्योत्तर व्यासका टुक्रोलाई त्यस चापको कोटच्युत्क्रमज्या भन्दछन्" भनी १५ प्रक्रममा लेखिएको छ । त्यस-अनुसार—

प्रथम पदमा–पू च चापको कोटयुत्क्रमज्या=झ उ
द्वितीय पदमा–पू चा चापको कोटयुत्क्रमज्या=झा उ
तृतीय पदमा–पू चि चापको कोटयुत्क्रमज्या=झि उ
चतुर्थ पदमा–पू ची चापको कोटयुत्क्रमज्या=झी उ
हुन्छन् ।



[ ३४ चित्र ]

प्रथम पद र द्वितीय पदमा ज्या धनात्मक हुन्छ तथा तृतीय पद र चतुर्थ पदमा ज्या ऋणात्मक हुन्छ भन्ने कुरा ५० प्रक्रममा सिद्ध गरिएको छ । यताबाट "त्रिज्याबाट ज्या घटायो भने कोटयुत्क्रमज्या आउंछ" भन्ने १५ प्रक्रममा दिइएको नियममा केही बाधा पर्दैन । किनभने

प्रथम पदमा—

पू च चापको कोटयुत्क्रमज्या=झ उ=के उ–के झ
=त्रि–ज्या

द्वितीय पदमा—

पू चा चापको कोटयुत्क्रमज्या=झा उ=के उ–के झा
=त्रि–ज्या

तृतीय पदमा—

पू चि चापको कोटयुत्क्रमज्या=झि उ=के उ+के झि
=त्रि+ज्या=त्रि–(–ज्या)

चतुर्थ पदमा—

पू ची चापको कोटयुत्क्रमज्या=झी उ=के उ+के झी
=त्रि+ज्या=त्रि–(–ज्या)

प्रथम पदमा ९ सारणी उपयोग गरी कोटयुत्क्रमज्या ल्याउने रीति ४४ प्रक्रममा दिएकै छ ।

द्वितीय पदमा ३९ प्रक्रमको रीतअनुसार इष्ट चापको भुजबाट कोटि बनाई सो कोटि-चापबाट ९ सारणी उपयोग गरी उत्क्रमज्या ल्याउनू, त्यही इष्ट कोटयुत्क्रमज्या हुन्छ ।

तृतीय र चतुर्थ पदमा इष्ट चापको भुज बनाई सो भुजचापबाट ८ सारणी उपयोग गरी ज्या ल्याउनू, सो ज्यालाई त्रिज्यामा जोडि दिनू, इष्ट कोटयुत्क्रमज्या आउंछ ।

**आद्ये द्वितीये च पदे भुजांशकोटचुत्क्रमज्यैव भवेदभीष्टा ।**
**अन्यत्र दोर्भागगुणस्त्रिभज्यायुतो भवेत् कोटिविलोममौर्वी ।।५३।।**

[ पहिलो र दोस्रो पदमा भुजांशको कोटिबाट नै कोटचुत्क्रमज्या आउंछ । तेस्रो र चौथो पदमा भुजांशको ज्या ल्याई त्रिज्यामा जोडिदियो भने इष्ट कोटचुत्क्रमज्या आउंछ । ]

**१ उदाहरण**—१२३ अं १५ क. को कोटचुत्क्रमज्या ल्याऊ ।

यहाँ इष्ट चाप द्वितीय पदमा रहेको हुनाले

अभीष्ट कोटचुत्क्रमज्या=इष्ट चापका भुजांशका कोटचुत्क्रमज्या
=१२३° १५' को भुजांशको कोटचुत्क्रमज्या
=(१८०°-१२३° १५') को कोटचुत्क्रमज्या
=५६° ४५' को कोटचुत्क्रमज्या
=५६३ [२६ प्रश्नमाला ५ प्रश्नको उत्तरबाट]

**२ उदाहरण**—१९८ अं. ४५ क. को कोटचुत्क्रमज्या ल्याऊ ।

यहाँ इष्ट चाप तृतीय पदमा रहेको हुनाले

अभीष्ट कोटचुत्क्रमज्या=त्रि+इष्ट चापको भुजांशको ज्या
=त्रि+(१९८° ४५'-१८०°) को ज्या
=त्रि+१८° ४५' को ज्या
=३४३८+११०५ [८ सारणीबाट]
=४५४३

**३ उदाहरण**—३२६ अं. १५ क. को कोटचुत्क्रमज्या ल्याऊ ।

यहाँ इष्ट चाप चौथो पदमा रहेको हुनाले

अभीष्ट कोटचुत्क्रमज्या=त्रि+इष्ट चापको भुजांशको ज्या
=त्रि+(३६०°- ३२६°१५') को ज्या
=त्रि+३३°४५' को ज्या
=३४३८+१९१० [८ सारणीबाट ]
=५३४८

## ३८ प्रश्नमाला

**तलका चापका कोटचुत्क्रमज्या ल्याऊ—**

(१) १५ अं (२) ४५ अं (३) १०५ अं (४) १३५ अं
(५) २४० अं (६) ३१५ अं (७) २१० अं (८) २८५ अं

| | | |
|---|---|---|
| (९) १५० अं | (१०) २२५ अं | (११) १४२ अं ३० क |
| (१२) ३०३ अं ४५ क | (१३) २०२ अं ३० क | (१४) १०१ अं १५ क |
| (१५) १९६ अं १५ क | (१६) १२३ अं ४५ क | (१७) २८१ अं १५ क |
| (१८) ३४१ अं १५ क | (१९) २३६ अं १५ क | (२०) १७२ अं ३० क |

## उत्तर

| | | | |
|---|---|---|---|
| [१] २५४८ | [२] १००७ | [३] ११७ | [४] १००७ |
| [५] ६४१५ | [६] ५८६९ | [७] ५११७ | [८] ६७५९ |
| [९] १७१९ | [१०] ५८६९ | [११] १३४५ | [१२] ६२९७ |
| [१३] ४७५४ | [१४] ६६ | [१५] ६५२१ | [१६] ५७९ |
| [१७] ६८१० | [१८] ४५४३ | [१९] ६२९७ | [२०] २९८९ |

*५५ प्रक्रम—*

**उत्क्रमज्या तथा कोटयुत्क्रमज्याबाट इष्ट चाप ल्याउने रीति**

इष्ट चाप प्रथम पदमा भए सो चापको उत्क्रमज्याबाट सो चाप ल्याउने रीति ४३ प्रक्रममा दिइएको छ । यसै गरी प्रथम पदमा रहेको इष्ट चापको कोटयुत्क्रमज्याबाट सो चाप ल्याउने रीति पनि ४५ प्रक्रममा दिइएको छ । अब हामी उत्क्रमज्या र कोटयुत्क्रमज्या थाहा पाई जुनसुकै पदमा रहेको इष्ट चाप ल्याउने रीतिको विषयमा विचार गर्छौं ।

प्रथम पदमा पू च चापको उत्क्रमज्या=अ पू (३४ चित्र हेर्नुहोस्)
कोटयुत्क्रमज्या=झ उ
दुवै त्रिज्याभन्दा साना ।

द्वितीय पदमा पू चा चापको उत्क्रमज्या=आ पू
कोटयुत्क्रमज्या=झा उ
उत्क्रमज्या त्रिज्याभन्दा ठूलो, कोटयुत्क्रमज्या त्रिज्याभन्दा सानो ।

तृतीय पदमा पू चि चापको उत्क्रमज्या=अि पू
काटयुत्क्रमज्या=झि उ
दुवै त्रिज्याभन्दा ठूला ।

चतुर्थ पदमा पू ची चापको उत्क्रमज्या=अी पू
कोटयुत्क्रमज्या=झी उ
उत्क्रमज्या त्रिज्याभन्दा सानो, कोटयुत्क्रमज्या त्रिज्याभन्दा ठूलो हुने स्पष्ट देखिन्छ ।

**पादे पूर्वे तुरीये भवति लघुतरा व्यस्तमौर्वी त्रिमौर्व्या**
**द्वैतीयीके तृतीये भवति गुरुतरा व्यस्तमौर्वी त्रिमौर्व्याः ।**
**पादे पूर्वे द्वितीये भवति लघुतरा खाङ्कभागज्यकाया**
**व्यस्तज्या कोटिजाता भवति गुरुतरा शेषयोः पादयोः सा ।।५४।।**

[पहिलो पाउमा र चौथो पाउमा उत्क्रमज्या त्रिज्याभन्दा सानो हुन्छ । दोस्रो र तेस्रो पाउमा उत्क्रमज्या त्रिज्याभन्दा ठूलो हुन्छ ।

पहिलो र दोस्रो पाउमा कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो हुन्छ । तेस्रो र चौथो पाउमा कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो हुन्छ ।]

यताबाट उत्क्रमज्या र कोटचुत्क्रमज्यामध्ये (जुनसुकै) एउटालाई थाहा पाई तथा उत्क्रमज्या र कोटचुत्क्रमज्या दुवै त्रिज्याभन्दा ठूला साना के छन् भन्ने कुरासमेत थाहा पाइएमा इष्ट भुजांश र अभीष्ट पद थाहा पाउन सकिन्छ भन्ने स्पष्ट हुन्छ । सो भुजांशबाट ५१ प्रक्रमको रीतअनुसार इष्ट चाप थाहा पाउन सकिन्छ ।

**१ उदाहरण**—उत्क्रमज्या=२९९, कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो भएमा इष्ट चाप ल्याऊ ।

यहाँ उत्क्रमज्या तथा कोटचुत्क्रमज्या दुवै त्रिज्याभन्दा साना भएकाले इष्ट चाप प्रथम पदमा रहेछ भन्ने थाहा हुन्छ ।

२९९ उत्क्रमज्याको भुजचाप=२४° [२४ प्र. मा. को १ प्रश्नबाट ]

यस कारण अभीष्ट चाप=२४°

**२ उदाहरण**—उत्क्रमज्या=६५७७ कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो भएमा इष्ट चाप ल्याऊ ।

यहाँ उत्क्रमज्या त्रिज्याभन्दा ठूलो, कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो भएकोले इष्ट चाप द्वितीय पदमा रहेछ भन्ने थाहा हुन्छ ।

द्वितीय पदमा उत्क्रमज्या=त्रि+इष्ट चापको भुजांशको कोटिज्या

यस कारण, इष्ट चापको भुजांशको कोटिज्या=उत्क्रमज्या–त्रि

=६५७७–३४३८=३१३९

३१३९ कोटिज्याको भुजचाप=२४° [ २० प्रश्नमालाको २ प्रश्न ]

द्वितीय पदमा भुजचाप २४° भएकोले

अभीष्ट चाप=१८०°–२४°=१५६°

**३ उदाहरण**—उत्क्रमज्या ६५७७ कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो भएमा इष्ट चाप ल्याऊ ।

यहाँ उत्क्रमज्या र कोटचुत्क्रमज्या दुवै त्रिज्याभन्दा ठूला भएकाले अभीष्ट चाप तृतीय पदमा रहेछ भन्ने थाहा हुन्छ ।

तृतीय पदमा उत्क्रमज्या=त्रि+इष्ट चापको भुजांशको कोटिज्या

यस कारण, इष्ट चापको भुजांशको कोटिज्या=उत्क्रमज्या–त्रि

=६५७७–३४३८=३१३९

३१३९ कोटिज्याको भुजचाप=२४°
तृतीय पदमा भुजचाप २४° भएकोले
अभीष्ट चाप=१८०°+२४°=२०४°

**४ उदाहरण**—उत्क्रमज्या=२९९, कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो भएमा इष्ट चाप ल्याऊ।

यहाँ उत्क्रमज्या त्रिज्याभन्दा सानो, कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो भएकोले इष्ट चाप चौथो पदमा रहेछ भन्ने थाहा हुन्छ।

२९९ उत्क्रमज्याको भुजचाप=२४° [२४ प्रश्नमालाको १ प्रश्न]
चतुर्थ पदमा भुजचाप २४° भएकोले
अभीष्ट चाप=३६०°−२४°=३३६°

**५ उदाहरण**—कोटचुत्क्रमज्या=४६१, उत्क्रमज्या त्रिज्याभन्दा सानो भएमा इष्ट चाप ल्याऊ।

यहाँ उत्क्रमज्या तथा कोटचुत्क्रमज्या दुवै त्रिज्याभन्दा साना भएकाले इष्ट चाप प्रथम पदमा रहेछ भन्ने थाहा हुन्छ।

४६१ उत्क्रमज्याको चाप=३०°=इष्ट कोटिचाप [९ सारणीबाट]
प्रथम पदमा कोटिचाप ३०° भएकोले
अभीष्ट चाप=९०°−३०°=६०°

**६ उदाहरण**—कोटचुत्क्रमज्या=५१५७, उत्क्रमज्या त्रिज्याभन्दा ठूलो भएमा इष्ट चाप ल्याऊ।

यहाँ उत्क्रमज्या र कोटचुक्रमज्या दुवै त्रिज्याभन्दा ठूला भएकाले इष्ट चाप तृतीय पदमा रहेछ भन्ने थाहा हुन्छ।

तृतीय पदमा कोटचुत्क्रमज्या=त्रि+इष्ट चापको भुजांशको ज्या
∴ इष्ट चापको भुजांशको ज्या=कोटचुत्क्रमज्या−त्रि
=५१५७−३४३८=१७१९

१७१९ ज्याको भुजचाप=३०° [८ सारणीबाट]
तृतीय पदमा भुजचाप ३०° भएकोले
अभीष्ट चाप=१८०°+३०°=२१०°

**७ उदाहरण**—कोटचुत्क्रमज्या=१७१९, उत्क्रमज्या त्रिज्याभन्दा ठूलो भएमा इष्ट चाप ल्याऊ।

यहाँ उत्क्रमज्या त्रिज्याभन्दा ठूलो, कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो भएकोले इष्ट चाप द्वितीय पदमा रहेछ भन्ने थाहा हुन्छ।

द्वितीय पदमा, कोटचुत्क्रमज्या=त्रिज्या−इष्ट चापको भुजांशको ज्या
∴ इष्ट चापको भुजांशका ज्या=त्रि−कोटचुत्क्रमज्या
=३४३८−१७१९=१७१९

१७१९ ज्याको भुजचाप=३०° [ ८ सारणीबाट ]
द्वितीय पदमा भुज चाप ३०° भएकोले
अभीष्ट चाप=१८०°–३०=१५०°

८ उदाहरण—कोटचुत्क्रमज्या=५१५७, उत्क्रमज्या त्रिज्याभन्दा सानो भएमा इष्ट चाप ल्याऊ।

यहाँ कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो, उत्क्रमज्या त्रिज्याभन्दा सानो भएकोले इष्ट चाप चौथो पदमा रहेछ भन्ने थाहा हुन्छ।

चतुर्थ पदमा, कोटचुत्क्रमज्या=त्रि+इष्ट चापको भुजांशको ज्या

∴इष्टचापको भुजांशको ज्या=कोटचुत्क्रमज्या–त्रि
=५१५७–३४३८=१७१९

१७१९ ज्याको भुजचाप=३०°
चतुर्थ पदमा भुजचाप ३०° भएकाले
इष्ट चाप=३६०°–३०°=३३०°

## ३९ प्रश्नमाला

तलका उत्क्रमज्याहरूबाट चाप ल्याऊ—

(१) उत्क्रमज्या=८५३
कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो

(२) उत्क्रमज्या=५१५७
कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो

(३) उत्क्रमज्या=५५३१
कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(४) उत्क्रमज्या=१४६७
कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(५) उत्क्रमज्या=२०४०
कोटचुत्क्रमज्या त्रिज्याभन्दा सानो

(६) कोटचुत्क्रमज्या=१९१७
उत्क्रमज्या त्रिज्याभन्दा सानो

(७) कोटचुत्क्रमज्या=१७१९
उत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(८) कोटचुत्क्रमज्या=६१६६
उत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(९) कोटचुत्क्रमज्या=५३४८
उत्क्रमज्या त्रिज्याभन्दा सानो

(१०) कोटचुत्क्रमज्या=४५४३
उत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(११) उत्क्रमज्या=१०००
कोटचुत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(१२) कोटचुत्क्रमज्या=१४१८
उत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(१३) कोटचुत्क्रमज्या=४३२८
उत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(१४) उत्क्रमज्या=३६०
कोटचुक्रमज्या त्रिज्याभन्दा ठूलो

(१५) कोटचुत्क्रमज्या=३१२
उत्क्रमज्या त्रिज्याभन्दा ठूलो

(१६) उत्क्रमज्या=४१०९
कोटचुक्रमज्या त्रिज्याभन्दा सानो

## उत्तर

| | | |
|---|---|---|
| (१) ४१ अं १५ क | (२) १२० अं | (३) २३२ अं ३० क |
| (४) ३०५ अं | (५) ६६ अं | (६) २६ अं १५ क |
| (७) १५० अं | (८) २३२ अं ३० क | (९) ३२६ अं १५ क |
| (१०) १९८ अं ४५ क | (११) ३१५ अं १० क | (१२) १४४ अं |
| (१३) १९५ अं | (१४) ३३३ अं ३४ क | (१५) ११४ अं ३१ क |
| (१६) १०१ अं १५ क | | |

*५६ प्रक्रम—*

द्वितीय पदमा रहेको चापको उत्क्रमज्या थाहा पाई इष्ट चाप ल्याउने विषयमा भास्करले बोलेको कुरो यो हो—

**त्रिज्याधिकस्य क्रमचापयुक्ताः**
**खखाब्धिबाणा धनुरुत्क्रमात् स्यात् ।।५५।।**

(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार ६८ श्लोक)

[ त्रिज्याभन्दा उत्क्रमज्या धेरै छ भने सो उत्क्रमज्याबाट त्रिज्या घटाई शेषलाई ज्या (क्रमज्या) मानी चाप ल्याउनू । सो चापमा ५४०० कला (=९० अंश) जोडिदिनू, इष्ट चाप हुन्छ । ]

यसको उपपत्ति तथा उदाहरण माथि ५५ प्रक्रममा परिसकेको छ ।

(क्रमशः)

[ मेरो साथ रही मेरो इच्छा र विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन् । ]

-⊙-

# लिच्छवि राजा मनुदेव

बूढानीलकण्ठ नारायणस्थानभन्दा अलिकता उत्तरतिर पर्ने गैह्रीगाउँमा लिच्छविकालको एउटा अप्रकाशित अभिलेख हालै पाइएको छ । रामजी तेवारीद्वारा यो अभिलेख पत्ता लागेको हो । अनि हामीहरू (रामजी तेवारी, धनवज्र वज्राचार्य, दिनेशराज पन्त) सो अभिलेख पढ्न त्यहाँ गयौं । ठूलो जलहरीमा यो अभिलेख कुँदिएको रहेछ । सो जलहरी गाडिएको हुनाले स्थानीय मानिसका सहायताले जलहरी अलि माथि उठायौं । तर छिनोले अभिलेखको धेरैजसो भागमा प्वाल प्वाल पारिएको हुनाले त्यस वेला अभिलेख पढ्न सकेनौं । त्यस दिन ३।४ प्रति प्रतिलिपि उतारी हामी फर्क्यौं । अनि ती प्रतिलिपिको भरमा यसको पाठ पढ्ने प्रयत्न गर्‍यौं । तर

आधीभन्दा बढी भागमा अक्षर बाँकी छन् तापनि ती सम्पूर्ण पढ्न अझ निकै परिश्रम गर्नुपर्ने भएको छ । यसैले यस अङ्कमा यो अभिलेख छपाउन नसकिने भयो ।

अहिले पढ्न सकिएको भागबाट लिच्छविकालका एक जना अज्ञात राजाको नाउँ पत्ता लागेको छ । सो कुरा पाठकको सामुन्ने राख्नु बेस होला जस्तो लागेकोले यस विषयमा केही लेख्तैछौं । सो अभिलेखको गद्यभागमा—

"...श्रीभट्टारकमहाराजमनुदेवे राज्यम्प्रशासति..."

[श्रीभट्टारक (गद्दीनशीन) महाराज मनुदेवले राज्य गरिहनुभएको वेलामा]

भन्ने उल्लेख परेको छ । पद्यभागमा पनि–

"राज्ये विशुद्धमनुजे मनुदेवनाम्नः"

[मनुदेवको असल प्रजा भएको राज्यमा]

भन्ने उल्लेख परेको छ । यसबाट यो अभिलेख राजा 'मनुदेव'को पालाको हो भन्ने स्पष्ट भएको छ । तर अहिलेसम्म पाइएका अरू कुनै अभिलेखमा पनि मनुदेवको उल्लेख आएको थिएन । यो अभिलेखमा संवत् पनि नदेखिएको हुनाले यी मनुदेव कहिले भए, लिच्छवि राजाहरूको क्रममा यिनलाई कहाँनिर पार्ने भन्ने प्रश्न उठ्यो । लिच्छविवंशबारे सबभन्दा बढ्ता कुरा परेको पशुपतिको जयदेवको अभिलेखले पनि यस विषयमा हामीलाई केही मद्दत दिँदैन । किनभने वसन्तदेवभन्दा पछिका, नरेन्द्रदेवभन्दा अघिका राजाहरूको वर्णन त्यहाँ गरिएको छैन । यसो हुनाले यो प्रश्नको उत्तर राम्ररी दिन अझ प्रतीक्षा गर्नुपर्ने भएको छ । तर हाम्रो यहाँ प्रचलित विभिन्न संक्षिप्त वंशावलीबाट यस विषयमा बुझ्न हामीलाई केही मद्दत हुन्छ । ती वंशावलीमा वसन्तदेवपछि मनदेव भन्ने राजाको नामोल्लेख भएको छ । विचारार्थ भक्तपुरका राजा जितामित्र मल्लले रचेको वंशावलीको एक अंश यहाँ उद्धृत गरिन्छ—

"महीप वृषदेव शङ्करदेव धर्मदेव मानदेव महीदेव ।
वसन्त उदय मनोदेव कामदेव,"

(वीरपुस्तकालयमा रहेको, दोस्रो २५१ संख्याको पुस्तकबाट । यही वंशावली रामायणनाटकमा पनि परेको छ । वीरपुस्तकालयको बृहत्सूचीपत्र तेस्रो भागको ६२ पृष्ठ हेर्नुहोस् ।)

संशोधन–मण्डलको संग्रहमा रहेको संक्षिप्तवंशावली❁ तथा शङ्करमान राजवंशीले हालै नुवाकोटबाट सारेर ल्याएको संक्षिप्त वंशावलीमा पनि वसन्तदेवपछि उदयदेव र मनदेवको उल्लेख परेको छ ।

यताबाट बूढानीलकण्ठनिरको उपर्युक्त अभिलेखमा उल्लिखित मनुदेव यिनै हुन् कि भन्ने देखिन आएको छ । उक्त अभिलेखको लिपिले पनि यस कुराको पुष्टि गर्छ । सो अभिलेखको लिपि वसन्तदेवको ताकाको छ ।

सो अभिलेख हामी पछि प्रकाश गर्नेछौं ।

*◎*

❁ घनश्याम सुवेदीद्वारा प्राप्त वंशावलीबाट हामीले यो सारिलिएका हौं ।

# हाम्रो वक्तव्य

इतिहासकारको काम भएका कुरालाई यथार्थ रूपमा देखाइदिनु हो, कसैलाई होच्याउनु वा माथि चढाउनु होइन । जयरत्नाकरनाटक हामीले पायौं । त्यहाँ कवि शक्तिवल्लभले आफ्नो थर गोत्र स्पष्टसंग लेखेका हुनाले उनी आत्रेयगोत्रका अर्ज्याल वंशका हुन् भनी हामीले लेख्यौं, लेख्दैछौं तथा भविष्यमा पनि लेखिरहनेछौं ।

तर डा. पिनाकिप्रसाद आचार्यले जयरत्नाकरनाटकका रचयिता 'शक्तिवल्लभ' अर्ज्याल-वंशका होइनन्, आचार्यवंशका हुन् भनी देखाउने नियतले प्रत्यक्ष प्रमाणलाई पनि बङ्ग्याई 'साहित्यमा डकैति' शीर्षक दिई प्रकाश गरेको पुस्तिकाको खण्डन 'पूर्णिमा'को १४ पूर्णाङ्कमा हामीले अनेक प्रमाणको उद्धरणसाथ गरेका थियौं । यसपछि 'संशोधन-मण्डलको जिद्दी' शीर्षक राखी फेरि अर्को एउटा सानो पुस्तिका उहाँले प्रकाश गर्नुभएको छ ।

डाक्टर साहेबलाई एउटा डरलाग्दो रोगले ग्रस्त पारेको छ भन्ने कुरा अब सो पुस्तिकाबाट स्पष्ट भएको छ । सो रोग हो 'वंशवाद' । यसको स्पष्ट लक्षण डाक्टर साहेबको सो पुस्तिकाको लेखाइमा देखिन्छ । जस्तै—

"यही आचार्य-वंशमा प्रकांड विद्वान्हरू, महर्षिहरू, ब्रह्मर्षिहरू पैदा भए । अहिले पनि यहा वंशमा सबैभंदा धेरै विद्वान्हरू छन् । यही वंशले नै सबैभन्दा पहिले नेपालमा ज्ञानको आलोक फैलायो... ...।

सारा नेपालका राजगुरुहरू र राजप्रोहितहरू यही आचार्यवंशमा जन्मेका विद्वान्हरू थिए ।"

(९ पृष्ठबाट)

आचार्यवंशले नै सबैभन्दा पहिले नेपालमा ज्ञानको आलोक फैलायो, सारा नेपालका राजगुरु राजपुरोहित आचार्यवंशकै थिए आदि कुरा उपर्युक्त रोगग्रस्त व्यक्तिको कलमबाट मात्र निस्कन सक्छ ।

इतिहास केलाई हेर्‍यौं भने विद्वान् शूरा राजनीतिज्ञ व्यक्ति एकै वंशमा मात्र पैदा हुँदैनन्, विभिन्न वंशमा त्यस्ता व्यक्ति जन्मेका हुन्छन् भन्ने स्पष्ट देखिन्छ । विद्वान् कविहरूकै कुरा लिऔं ।

लिच्छविकालमा नेपालमा केही विद्वान् कविहरू भएका थिए । मानदेवको चाँगुको प्रसिद्ध स्तम्भलेखका रचयिताका काव्यशक्ति उच्चकोटिको छ । हाँडिगाउँ नारायणस्थानको स्तम्भलेखमा प्रौढ दार्शनिक भाव व्यक्त गरिएको छ तथा कविताको दृष्टिले पनि सो उत्कृष्ट छ । जयदेवको पशुपतिको शिलालेखमा एउटा प्राञ्जल, प्रौढ खण्डकाव्य नै हामी पाउँछौं । यसै गरी मानदेवको बूढानीलकण्ठनिरको शिवलिङ्गको अभिलेख, विजयवतीको सूर्यघाटको अभिलेख, गणदेवको पालाको देउपाटनको अभिलेख आदि अभिलेखबाट त्यस ताकाको नेपालको कवित्वशक्ति र विद्वत्ता

झल्कन्छ । चाँगुको उपर्युक्त अभिलेखका रचयिताको नाउँ थाहा पाइएको छैन । हाँडिगाउँका अभिलेखका रचयिता अनुपरम (आभीरवंशका) हुन् । जयदेवको पशुपतिको अभिलेखका रचयिता बुद्धकीर्ति हुन् भन्ने कुरा थाहा भएको छ ।

पछि नेपालराष्ट्र टुक्रियो । त्यस वेला पनि केही विद्वान् कविहरू भएका थिए । उदाहरणार्थ पृथ्वीमल्लको दुल्लुको कीर्तिस्तम्भ र उनका अरू ताम्रपत्रलाई औंल्याउन सकिन्छ । ती अभिलेखमा पनि कवित्वशक्तिको केही झलक पाइन्छ । सो कीर्तिस्तम्भका रचयिता 'बालसरस्वतिसुमति' अभिविजयसिंह हुन् ।

यहाँनिर हामी डा. पिनाकिप्रसाद आचार्यसंग प्रश्न गर्न चाहन्छौं । उपर्युक्त अभिलेखका रचयिता अनुपरम, बुद्धकीर्ति, अभिविजयसिंह र अरू अज्ञातनामा विद्वान् कविहरू सबै के आचार्य वंशकै हुन् ?

फेरि नेपाली भाषाको विकासक्रमलाई नै लिऔं । प्रेमनिधि पन्त, सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा भवानीदत्त पाँडे आदि अनेक व्यक्तिले नेपाली भाषामा लेख लेख्ने परम्परालाई बढाउँदै लगे । त्यसमा भानुभक्त आचार्यले लोकप्रिय काव्य थपे । मोतीराम भट्टले योजनाबद्ध रूपमा त्यसको प्रचार गरे । लेखनाथ पौडेलले त्यसमा संस्कार गरे । बालकृष्ण सम राणाले त्यसलाई अगाडि बढाए । सिद्धिचरण श्रेष्ठले त्यसलाई फराकिलो बनाए......इत्यादि ।

यसै गरी सबै विषयमा अनेकन् उदाहरण दिन सकिन्छ ।

शाहकालको इतिहास पल्टायौं भने मिश्र, पाँडे, पौडेल, अर्ज्यालहरू शाह राजवंशका गुरु, पुरोहित भएका प्रमाण प्रकाश भएका पाउँछौं❀ । यसै गरी आचार्य पनि शाहवंशका गुरु पुरोहित भएका थिए भने अब त्यसको प्रमाण डा. पिनाकिप्रसादले देखाइदिनुपर्‍यो । राजगुरु, राजपुरोहित पद पाउनेहरूको लालमोहर पनि हुन्छ । आफ्नो वंशले पाएको त्यस्तो लालमोहर डा. पिनाकिप्रसादले देखाइदिनुपर्‍यो । अर्ज्याल राजपुरोहित भएको लालमोहर त यही अङ्कमा पनि छापिएको छ✹ ।

यस विषयमा बढ्ता कोटचाउनु आवश्यक छैन । एक नेपालीको नाताले जुनसुकै वंशका भए पनि नेपाली विद्वान् कवि आदि विशिष्ट व्यक्तिलाई उहाँ पाएर गर्व गर्न सक्नुहुन्थ्यो । तर विद्वान्, कवि, राजपुरोहित आदि आचार्य वंशमै मात्र पैदा हुन्छन् भन्ने मोहले गर्दा डा. पिनाकिप्रसाद आचार्य खोज र शोधको मार्गमा तगारो बन्न आइपुग्नुभएको छ तथा उहाँ कलहको बीउ रोप्ने भूमिका गर्दै हुनुहुन्छ ।

---

❀ भक्तविजयकाव्यको १० श्लोक, ऐतिहासिक पत्र-संग्रह पहिलो भागका ४३–४४ पृष्ठ, 'पूर्णिमा' १२ पूर्णाङ्कको १०९ पृष्ठ इत्यादि हेर्नुहोस् ।

✹ ३९६,४००,४०५,४१२, पृष्ठ हेर्नुहोस् ।

जयरत्नाकरनाटकका रचयिता शक्तिवल्लभले आफूलाई आत्रेयगोत्रका, अर्ज्यालवंशका भनी स्पष्ट लेखेका छन् । यस कुराका अनेक प्रमाण 'पूर्णिमा' को १४ पूर्णाङ्कमा हामीले छपाइसकेका छौं । तर ती प्रत्यक्ष प्रमाणलाई पनि नमानी वाग्जालले शक्तिवल्लभलाई 'आचार्य' बनाउने दाउमा उहाँ लाग्नुभएको छ । तर नेपाली सबै अबूझ र लाटासूधा छन्, म जे लेख्छु, त्यसको परीक्षै नगरी अरूले त्यो खुरुक्क मान्नेछन् भनी ठान्नु डाक्टर साहेबको ठूलो भूल हो ।

उहाँका प्रलाप र गन्थन त्यति विचारणीय छैनन् भनी हामीले पहिले पनि लेखिसकेका छौं । तैपनि उहाँलाई उचाल्नेहरू पनि देखिएका हुनाले यस विषयमा फेरि विचार गर्नुपरेको छ । 'संशोधनमण्डलको जिद्दी' नामक उक्त पुस्तिकाको उठानमा उहाँले यस्तो लेख्नुभएको छ—

"धनवज्र वज्राचार्यहरू इतिहासमा मात्रै विशेषज्ञ हुनुहुँदोरहेछ । साहित्यमा के नियमहरू हुन्छ वहाँहरूलाई अत्तो पत्तो रहेनछ । तसर्थ वहाँहरूबाट भूल हुनु स्वाभाविक हो । भट्टाचार्यलाई अर्ज्याल तुल्याउन वहाँहरूको निजी स्वार्थ केही छैन । यो कुरा म मान्दछु ।

कुनै नाटकमा पनि नाटक–रचयिताले आफूलाई नाटकका पात्र बनाएर नाटक लेख्तैन । नाटकमा उल्लिखित पात्र र नाटकलेखक अलग हुन् । नत्रभने पात्रको प्रशंसा गर्दा आत्म–श्लाघाको दोष काव्यमा आउँदछ । लेखकले पात्रको मुखबाट कति कुरा भनाउनुपर्दछ त्यहाँ लेखक अलग रहन्छ ।

त्यसैले जयरत्नाकर नाटकका लेखक शक्तिवल्लभ भट्टाचार्यले नटीलाई सूत्रधारले कविको परिचय दिंदा आत्मश्लाघाको दोषबाट बचाउन, काव्यलाई निर्दोष बनाउन शक्तिवल्लभ अर्ज्याललाई आफ्नै जस्तो नाम भएको कवि तुल्याइ नाटकको पात्रको रूपमा परिचय दिएका हुन् । यो जयरत्नाकर नाटकको लेखक शक्तिवल्लभ भट्टाचार्य नै हुन् यो कुरा फरक छैन । शक्तिवल्लभ अर्ज्याल नाटकको पात्र मात्रै हुन् । शक्तिवल्लभ अर्ज्याल थिएनन् भन्ने हाम्रो वक्तव्य होइन शक्तिवल्लभ अर्ज्याल थिए शक्तिवल्लभ भट्टाचार्यका आपस्त पनि होलान् तर यी नाटकहरूका रचयिता शक्तिवल्लभ अर्ज्याल होइनन् शक्तिवल्लभ भट्टाचार्य नै हुन्। कालिदासले नाटक लेखेका छन् त्यहाँ आफूलाई पात्र बनाएका छैनन् । भवभूतिले नाटक लेखे तर आफूलाई पात्र बनाएका छैनन् ।......

उपरोक्त कुरा खण्डन गर्न श्री धनवज्र वज्राचार्यहरूले नाटकका लेखकले आफूलाई नाटकको पात्र बनाएर लेखेको अरू नाटकहरू देखाउन सक्नुपर्दछ । पुरानो पद्धतिअनुसार शक्तिवल्लभले सूत्रधार र नटीको संवादमा परिचय दिएका छन् भन्नुभएकोमा पुरानो पद्धतिको प्रमाण दिन सक्नुपर्दछ अनावश्यक प्रलाप र ढिपी गरेर हुँदैन ।" (१–३ पृ.बाट)

यहाँ डा. पिनाकिप्रसादले शक्तिवल्लभ भट्टाचार्य र शक्तिवल्लभ अर्ज्याल भिन्नाभिन्नै दुइ व्यक्ति हुन्, शक्तिवल्लभ भट्टाचार्य जयरत्नाकरनाटकका रचयिता हुन्, शक्तिवल्लभ अर्ज्यालचाहिं नाटकका पात्र मात्र हुन् भनी लेख्नुभएको छ । उहाँको यो लामो गन्थन 'ढाँटेको कुरा काटे

पनि मिल्दैन' भन्ने उखानको उदाहरण बनेको छ । यस विषयमा विचार गर्न जयरत्नाकर-नाटकको कविपरिचयसम्बन्धी वाक्य फेरि यहाँ उद्धृत गर्नुपरेको छ—

"नटी–कोऽसौ कविर्महानुभावः ।

सूत्रधारः–आर्य्ये, श्रीमदात्रेयगोत्रसमुद्भवकान्यकुब्जकुलालङ्काराज्र्ज्यालोपनामकगोर्षानगरनिवासिसङ्गीतशास्त्रकृताभ्यासश्रृङ्गारादिनवरसाभिज्ञकलाकुशलदेशभाषाश्रयराजनीतिपुणराजमान्यश्रीलक्ष्मीनारायणसूनुश्रीशक्तिवल्लभभट्टाचार्यो जगति प्रख्यातो वरीवर्त्ति । तद्विहितश्रीरणबहादूरसाहमहाराजसमरविजयजयरत्नाकरनामनाटककौतुकं प्रस्तारय ।"


[नटी–ऊ कवि महाशय को हुन् नि?

सूत्रधार –प्यारी ! श्रीआत्रेय गोत्रमा पैदा भएका, कान्यकुब्जकुलका गहना जस्ता भएका, अर्ज्याल थर भएका, गोरखा शहरमा बस्ने, संगीत शास्त्रको रफत गरेका, शृङ्गार आदि नवरस जान्ने, कलामा सिपालु भएका, लौकिक भाषामा रहेको राजनीतिका कुरा बुझेका, राजाले मानिएका, लक्ष्मीनारायणका छोरा शक्तिवल्लभ भट्टाचार्य संसारमा प्रख्यात छन् । तिनले बनाएको महाराज रणबहादुर शाहको लडाइँको विजयको वर्णन परेको जयरत्नाकर नाटकको उत्सव फैलाऊ ।]

विचार गर्न सजिलो होस् भनी कविपरिचय भएको यो भागको चित्रप्रतिलिपि पनि साथै दिइएको छ ।

यहाँ कविपरिचयमा 'अर्ज्यालोपनामक…शक्तिवल्लभभट्टाचार्य' भनी स्पष्ट लेखिएको हुनाले शक्तिवल्लभ अर्ज्याल र शक्तिवल्लभ भट्टाचार्य एकै व्यक्ति हुन्, उनको थरचाहिं अर्ज्याल थियो, उनमा भट्टाचार्य भन्ने पद पनि जोडिएको थियो भन्ने कुरा स्पष्ट बुझिन्छ । यस कुरामा शङ्का गर्ने अलिकता पनि ठाउँ छैन । यस कारण शक्तिवल्लभ भट्टाचार्य र शक्तिवल्लभ अर्ज्याल भिन्नाभिन्नै व्यक्ति हुन् भन्ने डा. पिनाकिप्रसादको भनाइ सर्वथा निराधार र हास्यास्पद छ भन्ने स्पष्ट छ ।

फेरि 'साहित्यमा के नियमहरू हुन्छ वहाँहरूलाई अत्तोपत्तो रहेनछ' भन्ने आरोप हामीलाई लाउने, कालिदास भवभूतिका नाटकको दुहाइ दिने डा. पिनाकिप्रसादलाई संस्कृत नाटक कुन शैलीमा कसरी लेखिन्थे भन्ने कुराको सामान्य ज्ञानसम्म पनि नभएको बुझिन्छ । एउटाको कृति अर्काको नाउँमा दर्ता नहोस् भन्नाको लागि नाटकको प्रस्तावनामा सूत्रधार नटी आदिको संवादको रूपमा ग्रन्थकारको परिचय दिने पद्धति पहिलेदेखि चलेर आइरहेको थियो । यसै पद्धतिअनुसार कालिदासका 'अभिज्ञानशाकुन्तल' 'विक्रमोर्वशीय' 'मालविकाग्निमित्र' तीनै नाटकका प्रस्तावनामा यस प्रकारको कविपरिचय दिइएको छ । भवभूतिका पनि 'मालतीमाधव' 'उत्तररामचरित' 'महावीरचरित' तीनै नाटकमा यस प्रकारको परिचय दिइएको छ । उदाहरणार्थ कालिदासको एउटा र भवभूतिको एउटा नाटकको प्रस्तावनाको अलिकता अंश यहाँ उद्धृत गरिन्छ–



जयरत्नाकरनाटकको 'कविपरिचय' भएको अंश (६–७ पत्र)

"सूत्रधारः–अभिहितोस्मि विद्वत्परिषदा कालिदासग्रथितवस्तु मालविकाग्निमित्रं नाम नाटकमस्मिन् वसन्तोत्सवे प्रयोक्तव्यमिति । तदारभ्यतां संगीतम् ।

पारिपार्श्विकः–मा तावत् । प्रथितयशसां भाससौमिल्लककविपुत्रादीनां प्रबन्धानतिक्रम्य वर्तमानकवेः कालिदासस्य क्रियायां कथं बहुमानः ।

सूत्रधारः– अये विवेकग्रस्तमभिहितम् । पश्य

पुराणमित्येव न साधु सर्वं न चापि काव्यं नवमित्यवद्यम् ।
सन्तः परीक्ष्यान्यतरद् भजन्ते मूढः परप्रत्ययनेयबुद्धिः ॥"

(मालविकाग्निमित्रबाट)

[सूत्रधार– यो वसन्तको उत्सवमा कालिदासले बनाएको 'मालविकाग्निमित्र' भन्ने नाटक देखाउनू भनी विद्वत्सभाले मलाई भनेको छ । यस कारण संगीत शुरू गर ।

पारिपार्श्विक–नाइँ । प्रसिद्ध भास सौमिल्लक कविपुत्र आदिका नाटकलाई छोडेर हालैका कवि कालिदासको रचनामा किन आदर देखाउनुहुन्छ ?

सूत्रधार– ए, विवेक नराखीकन बोल्यौ । हेर–

पुरानो भन्दैमा सबै काव्य असल हुने होइन, नयाँ भन्दैमा सबै खराप हुने पनि होइन । सज्जनहरू परीक्षा गरीकन दुइटामा एउटा (असलचाहिं)लाई लिन्छन् । मूर्ख अरूको लहैलहैमा जाने हुन्छ । ]

"सूत्रधारः–(विचिन्त्य) स्मृतम् । अस्ति दक्षिणापथे पद्मपुरं नाम नगरम् । तत्र ब्राह्मणाः केचित् तैत्तिरीयाः पङ्क्तिपावनाः काश्यपाः पञ्चाग्नयः सोमपीथिनो धृतव्रता उदुम्बरनामानो ब्रह्मवादिनः प्रतिवसन्ति ।...

तदामुष्यायणस्य तत्रभवतो भट्टगोपालस्य पौत्रः पवित्रकीर्तेर्नीलकण्ठस्य पुत्रः श्रीकण्ठपदलाञ्छनः पदवाक्यप्रमाणज्ञो भवभूतिर्नाम कविर्निसर्गसौहृदेन भरतेषु वर्तमानः स्वकृतिमेवंगुणभूयसीमस्माकं हस्ते समर्पितवान् ।......कविवर्णनां प्रति तेनैवमुक्तम्...

यद् वेदाध्ययनं तथोपनिषदां सांख्यस्य योगस्य च
ज्ञानं तत्कथनेन किं नहि ततः कश्चिद् गुणो नाटके ।
यत्प्रौढित्वमुदारता च वचसां यच्चार्थतो गौरवं
तच्चेदस्ति ततस्तदेव गमकं पाण्डित्यवैदग्ध्ययोः ॥१०॥"

(मालतीमाधवबाट)

[सूत्रधार–(विचार गरेर) संझें । दक्षिण भारतमा पद्मपुर भन्ने सहर छ । त्यहाँ तैत्तिरीय शाखाका, पवित्र चरित्र भएका, काश्यपगोत्रका, पञ्चाग्नि ताप्ने, सोमयाग गर्ने, व्रत लिने, उदुम्बर भनी कहलिएका, अध्यात्मवादी केही ब्राह्मणहरू हुनुहुन्छ ।

यही कुलमा जन्मेका उहाँ भट्ट गोपालका नाति, पवित्र कीर्ति भएका, नीलकण्ठका छोरा, श्रीकण्ठ भन्ने अर्को नाम भएका, व्याकरण मीमांसा तर्क जान्ने भवभूति कवि नटुवामा स्वाभाविक मित्रताको व्यवहार गर्नुहुन्छ। उहाँले यस किसिमका धेरै गुण भएको आफ्नो कृति हामीलाई सुम्पनुभएको छ। कविको वर्णनविषयमा उहाँले नै यस्तो बोल्नुभएको छ—

वेद पढेको छु, उपनिषद् सांख्य योग जानेको छु भनेर नाटकमा केही काम लाग्दैन। वाक्यरचनामा प्रौढता र उदारता छ तथा गम्भीर भाव परेको छ भने पाण्डित्य पनि त्यही हो, चातुर्य पनि त्यही हो।]

यसरी कविको परिचय प्रस्तावनाको रूपमा दिने पद्धति चलेको थियो। यसै पद्धतिअनुसार जयरत्नाकरनाटकमा पनि कविपरिचय दिइएको हो। सूत्रधार नटी आदिको संवादको रूपमा वर्णन गरिने हुनाले ग्रन्थकारलाई नाटकमा पात्रको रूपमा उतार्ने सवालै f एन। यो कुरा नबुझ्दा डा. पिनाकिप्रसादले अण्डबण्ड कुरा लेख्नुभएको छ। यस कारण उहाँले गुरु थापी केही वर्ष संस्कृत नाटक पढ्नुभए बढिया होला।

शक्तिवल्लभ अर्ज्याल र भट्टाचार्य एकै व्यक्ति हुन् भन्ने कुरा जयरत्नाकरनाटकको माथि उद्धृत अंशबाट स्पष्ट भएको छ।

अब यहाँनिर एउटै व्यक्तिको दुइटा थर हुन सक्छ कि सक्दैन भन्ने प्रश्न उठ्छ। जयरत्नाकरनाटक आदिका रचयिता शक्तिवल्लभ के अर्ज्याल र आचार्य दुइटा थर भएका व्यक्ति थिए? यसमा डाक्टर साहेब के भन्नुहुन्छ?

वास्तवमा शक्तिवल्लभ अर्ज्याल हुन्। उनलाई 'भट्टाचार्य' पदवी राजदरबारबाट दिइएको थियो, यस कारण उनी आफ्नो थर लेख्नुभन्दा पनि 'भट्टाचार्य' लेख्न गौरव संझन्थे भन्ने कुरा 'पूर्णिमा' १४ पूर्णाङ्कको २१५ पृष्ठमा हामीले लेखिसकेका छौं। तर भट्टाचार्य पदको कुनै अर्थ हुँदैन, अर्थै नभएको पदवी कसरी दिइन्छ भन्ने प्रश्न डा. पिनाकिप्रसादले उठाउनुभएको छ—

"अब विद्वान् धनवज्र वज्राचार्यहरूसंग प्रश्न गर्दछ कि भट्टाचार्य पदवीको अर्थ के हो जवाफ दिनुहोला। विना अर्थको पदवी त हुँदैन होला।...भट्टाचार्य भन्ने पदको अर्थ नै नभएपछि अर्थ न बर्थको पद आफ्नू नाममा जोडेर कसरा गौरव सम्झने? इतिहाससंशोधनमण्डलीका सदस्यहरूको दिमाग कस्तो अनौठा? (३–४ पृ. बाट)

उहाँको यस लेखाइबाट संस्कृत तथा प्राकृतभाषाको ज्ञान उहाँमा शून्य रहेछ भन्ने देखिएको छ। संस्कृतको 'भर्तृ' शब्द पछि प्राकृतमा 'भट्ट' बन्यो❁। पण्डित, विद्वान्को पर्यायको रूपमा

❁ उदाहरणको लागि 'मृच्छकटिक' बाट एक वाक्य उद्धृत गरिन्छ—

"माथुरः—भट्टा! पश्शत पश्शत। जज्जरपडप्पावुदो अअं पुलिसो दशसुवण्णं कल्लवत्तं भणादि।

[भर्तारः! पश्यत पश्यत। जर्जरपटप्रावृतोऽयं पुरुषो दशसुवर्णं ल्कयवर्त्तं भणति।]

(द्वितीय अङ्कबाट)

[माथुर–मालिकहरूहो! हेर्नुहोस्। झुत्रोझुत्रो लाएको यो मानिस दश सुवर्णलाई कल्यवर्त्त (बिहानको खाने कुरो=थोरै) भनी भन्छ।]

'भट्ट' शब्द लोकप्रिय बन्यो । यसैले पण्डित विद्वान्हरूको नामसाथ 'भट्ट' पद जोड्ने चलन चल्यो । हर्षवर्द्धनका दरबारिया कवि बाण 'बाणभट्ट' नामले प्रसिद्ध छन् । बाँसखेडाको हर्षवर्द्धनको ताम्रपत्रमा बालचन्द्र र भद्रस्वामी भन्ने दुइ विद्वान्लाई बिर्ता दिएको कुरा परेको छ । त्यहाँ यी विद्वान्को अगाडि 'भट्ट' पद जोडिएको छ—

"…महाराजाधिराजश्रीहर्षः…समाज्ञापयति…उपरिलिखितग्रामः…भरद्वाजसगोत्रबह्वृचछन्दोगसब्रह्मचारिभट्टबालचन्द्रभद्रस्वामिभ्यां…प्रतिपादितः❀"

[महाराजाधिराज श्रीहर्षले आज्ञा गर्नुभएको छ…माथि लेखिएको गाउँ…भारद्वाज गोत्रका बह्वृच शाखाको वेद पढेका सहपाठी भट्ट बालचन्द्र र भद्रस्वामीलाई…दिइएको छ ।]

भवभूतिको 'मालतीमाधव' को माथि उद्धृत प्रस्तावनामा उनका बाजे गोपालको नाउँको अगाडि पनि भट्ट पद लाइएको छ ।

फरीदपुरको गोपचन्द्रको पालाको ताम्रपत्रमा—

"अनेनापि वक्रीत्वा भट्टगोमिदत्तस्वामिने पुत्रपौत्रक्रमेण विधिना प्रतिपादितं"

(दीनेशचन्द्र सरकारको 'अभिलेखसङ्ग्रह' को ३५८ पृष्ठबाट)

[यिनले पनि किनेर भट्ट गोमिदत्त स्वामीलाई सन्तान दरसन्तानपर्यन्त भोग्न पाउने गरी (जग्गा) दिइयो ।]

यस्तो लेखिएको छ ।

प्रसिद्ध नलचम्पूका रचयिता कवि त्रिविक्रमको नाउँमा पनि 'भट्ट' पद जोडिएको पाइन्छ । वि. सं. १२६३ को एउटा ताम्रपत्रबाट तिनका छोरा 'भास्कर' को नाउँमा पनि 'भट्ट' जोडिएका पाइन्छ । यिनै त्रिविक्रमको कुलमा प्रसिद्ध ज्योतिषी भास्कराचार्य भएका थिए । भास्कराचार्यका ग्रन्थको अध्यापनको लागि मठको बन्दोवस्त गरी सो ताम्रपत्र गरिदिइएको थियो । त्यस ताम्रपत्रबाट प्रस्तुत विषय बुझ्न केही मदत दिने हुनाले त्यसको केही अंश यहाँ उद्धृत गरिन्छ—

"शाण्डिल्यवंशे कविचक्रवर्ती त्रिविक्रमोऽभूत्तनयोऽस्य जातः ।
यो भोजराजेन कृताभिधानो विद्यापतिर्भास्करभट्टनामा ॥
तस्माद् गोविन्दसर्वज्ञो जातो गोविन्दसंनिभः ।
प्रभाकरः सुतस्तस्मात्प्रभाकर इवापरः ॥
तस्मान्मनोरथो जातः सतां पूर्णमनोरथः ।
श्रीमान् महेश्वराचार्यस्ततोऽजनि कवीश्वरः ॥

---

❀ 'इतिहास-संशोधनको प्रमाण प्रमेय' का ५४–५६ पृष्ठ हेर्नुहोस् ।

तत्सूनुः कविवृन्दवन्दितपदः सद्वेदविद्यालता-
कन्दः कंसरिपुप्रसादितपदः सर्वज्ञविद्यासदः ।
यच्छिष्यैः सह कोपि नो विवदितुं दक्षो विवादी क्वचित्
श्रीमान् भास्करकोविदः समभवत् सत्कीर्तिपुण्यान्वितः ॥...
श्रीभास्कराचार्यनिबद्धशास्त्रविस्तारहेतोः कुरुते मठं यः ॥

(एपिग्रापिया इन्डिका १ भाग, ३४१ पृ.बाट)

[शाण्डिल्यगोत्रमा ठूला कवि त्रिविक्रम हुनुभयो । उहाँका छोरा भास्कर भट्टलाई भोज राजाले विद्यापति भन्ने पदवी दिनुभएको थियो ।

उहाँका छोरा गोविन्द जस्ता गोविन्द 'सर्वज्ञ' हुनुभयो । उहाँका छोरा प्रभाकर जस्ता प्रभाकर हुनुभयो ।

उहाँबाट सज्जनको मनोरथ पूर्ण गर्ने मनोरथ हुनुभयो । उहाँबाट ठूला कवि महेश्वराचार्य हुनुभयो ।

उहाँका छोरा, कविहरूले ढोगिएका, वेद पढेका, कृष्णको भक्ति गर्ने, अनेक विद्या जानेका, कीर्ति फैलिएका, धर्मात्मा श्रीभास्कराचार्य हुनुभयो । जसका चेलाहरूसंग शास्त्रार्थ गरी जित्न कहीं पनि कसैले पनि सक्तैनन् ।

श्रीभास्कराचार्यले बनाएका शास्त्रको विस्तार गर्न यो मठ (पाठशाला) बनाइएको हो । ]

त्रिविक्रम भट्टका छोरा भास्कर भट्ट भनी कहलिएका थिए । उनकै वंशमा जन्मेका ज्योतिषी भास्करले चाहिं 'भट्ट' पद नलिई आचार्य पद लिएका छन् । नामसादृश्यले भ्रम नपरोस् भनी यसो गरिएको बुझिन्छ । जे होस्, भट्ट र आचार्य पद पर्यायवाची थियो भन्ने यताबाट बुझिन्छ ।

हाम्रो यहाँ पनि विद्वान् पण्डितहरूले आफ्नो नामसाथ 'भट्ट' पद जोड्न थालेका थिए । लिच्छवि राजा वसन्तदेवको पालाको सवत् ४५२ को पाटन खर्पिछेको अभिलेखमा केही याज्ञिक ब्राह्मणहरू मिलेर भगवान् वैशम्पायनको पूजाको लागि गूठी राखेको कुरा परेको छ । तीमध्ये एक जनाको नाममा 'भट्ट' पद पनी जोडिएको छ—

"वेदकृताम्ना(स्था)य भगवते कारणपूजार्त्थं ···याज्ञिकवेदभट्टेन दत्तं दुंलम्ग्रामे भू ३० पिण्डक १२"

('अभिलेख-संग्रह' १ भागको २५ पृ.बाट)

[वेदमा अभ्यास गरेका भगवान् (वैशम्पायन) को नैमित्तिक पूजा चलाउनाको लागि··· याज्ञिक वेदभट्टले दुंलङ् ग्राममा १२ मानिका कूत आउने ३० भूमि दान दिए ।]

पछि 'ठूला विद्वान्' भन्ने बुझाउन भट्ट र आचार्य दुवै जोडी 'भट्टाचार्य' भनी लेख्ने चलन चल्यो । यो पद बङ्गालमा लोकप्रिय बन्यो तापनि अन्त पनि यो पद प्रचलित भएको थियो ।

उदाहरणार्थ प्रसिद्ध ज्योतिषी कमलाकरले गरेका आफ्नो वंशवर्णनको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

"गोदावरीसौम्यतटोपकण्ठगोलाख्यसद्ग्रामसुसिद्धभूमौ ।
विप्रो महाराष्ट्र इति प्रसिद्धो रामो भरद्वाजकुलावतंसः ।।७।।
बभूव तज्जोऽखिलमान्यभट्टाचार्योऽतिशास्त्रे निपुणः पवित्रः ।
सदा मुदा सेवितभर्गसूनुर्दिवाकरस्तत्तनयो बभूव ।।८।।"

(वि. सं. १७१५ मा बनेको सिद्धान्ततत्त्वविवेकको उपसंहारबाट)

[गोदावरीको उत्तर किनारको नजीकै 'गोल' भनी प्रसिद्ध असल गाउँमा भारद्वाज गोत्रका राम भन्ने प्रसिद्ध महाराष्ट्र ब्राह्मण हुनुभयो । उहाँका छोरा धेरै शास्त्र जान्ने, पवित्र, सबैले मान गरिएका भट्टाचार्य हुनुभयो । उहाँका छोरा गणेशको सधैं सेवा गर्ने दिवाकर हुनुभयो ।]

यही परम्परामा अनेक ग्रन्थका रचयिता राजपुरोहित शक्तिवल्लभ अर्ज्याललाई 'ठूला विद्वान्' को रूपमा सन्मान गर्न 'भट्टाचार्य' पदवी दिइएको हो ।

भट्ट, भट्टाचार्य पद लिएका माथि उल्लिखित व्यक्तिहरू एकै गोत्रका छैनन् । बाण वत्सगोत्रका थिए । भवभूतिहरू काश्यपगोत्रका थिए । भास्कराचार्यहरू शाण्डिल्यगोत्रका थिए । कमलाकरहरू भारद्वाजगोत्रका थिए । शक्तिवल्लभ अर्ज्याल आत्रेयगोत्रका थिए । डा. पिनाकिप्रसादका पुर्खाको गोत्रचाहिं कौण्डिन्य हो ।

यताबाट 'भट्ट' 'भट्टाचार्य' पद एक वर्गको मात्र पेवा थिएन, विभिन्न गोत्रका विद्वान्हरूले यो पद लिएका थिए भन्ने स्पष्ट देखिन्छ । यो कुरा नबुझ्दा डा. पिनाकिप्रसादले अण्डबण्ड कुरा लेख्नुभएको छ ।

फेरि "पदवी नामको अगाडि र थर नामको पछाडि लेखिन्छ जस्तो पंडितराज रंगनाथ पौडेल, दैवज्ञ-शिरोमणि लक्ष्मीपति पाँडे यहाँ पौडेल र पाँडे थर भयो । अब भट्टाचार्य पद शक्तिवल्लभ नामको पछाडि आएपछि र नाम लेख्ता थर लेख्नुपर्ने अहिलेसम्म भएको जानेर पनि धनवज्रहरू भट्टाचार्य पदवी नै हो भनेर ढिपी गर्नुहुन्छ' (१०–११ पृष्ठबाट)

भनी उहाँले लेख्नुभएको छ । उहाँको यो तर्क पनि गतिलो छैन । भट्ट, आचार्य, भट्टाचार्य आदि पद नामको अगाडि तथा पछाडि पनि लेख्ने चलन थियो भन्ने कुरा माथि उल्लिखित उद्धरणबाटै पनि बुझिन्छ । अहिले पनि व्यवहारमा फलाना मन्त्रीज्यू, फलाना सरदार, फलाना खरदार भनी पद पछिल्तिर पारी भन्ने चलन जति भने पनि छ । संस्कृतमा त स्वेच्छाले पदवी अघि वा पछि हाल्ने चलन थियो । जस्तै—

"श्रीमद्भाजकुलशिरोमणिप्रविलसत्पादारविन्दद्वन्द्वश्रीमद्रामहृदयपण्डितशिरोमणिसूनुवाणीविलासकविविरचिता प्रशस्तिरत्नावली समाप्ता ।"

(पूर्णिमा १ अङ्क ४४ पृ. । प्रशस्तिरत्नावली नयनाथ पौडेलद्वारा सम्पादित भई राष्ट्रिय-पुस्तकालयबाट प्रकाशित पनि भएको छ।)

[श्रीराजकुलका श्रीपेजको मणिले पाउ सुहाएका रामहृदय पण्डितशिरोमणिका छोरा वाणीबिलास कविले बनाएको प्रशस्तिरत्नावली सिद्धियो ।]

यहाँ रामहृदय 'पण्डितशिरोमणि' वाणीविलास 'कवि' भनी पदवी नाउँपछाडि राखिएको छ।

फेरि "आचार्यवंशावली कति कारणले अप्रामाणिक भयो…आचार्य वंशावली…झूटो ठह्र्याउन इतिहाससंशोधनमण्डलको ताकत पुग्दैन" (८ पृ. बाट)

भनी डा. पिनाकिप्रसादले लेख्नुभएको छ । अब यस विषयमा विचार गरौं ।

"चन्द्राष्टाब्धिमहीशके (१४८१) शुभदिने तं भाद्रकृष्णाष्टमी-
सौम्ये खड्गधरं निशार्धसमये लग्ने वृषे सुस्थिरे ।
रोहिण्यां किल सावधानमतयः पूर्वोक्तषण्मन्त्रिणः
सुप्तक्ष्मापतिसंनिधौ तमनयन् सौराज्यबद्धादराः ।।६५।।
उत्थाप्यैनं प्रसुप्तं व्यधित विशिरसं खड्गपातैर्जिघांसुं
सद्यः श्रीद्रव्यसाहो द्रुतमभिषिषिचे लोहितेनास्य मान्यैः ।
आयत्तीकृत्य राज्यं शुभसमयवदं वेदराजं धनाद्यै-
र्ग्रामैः संपूज्य तद्धीसरणिमनुसरन् पालयामास देशम् ।।६६।।

अथ वेदराजाचार्ये गोर्खास्थित एव द्वौ पुत्रावुत्पाद्य सप्तवर्षानन्तरं ज्वरेण संस्थिते तत्पुत्रो मोतिरामाचार्यो यौवने प्राप्ते नेपालदेशं जिगमिषुर्मध्येमार्गं त्रिशूलगङ्गायां देवीघट्टे ज्वरार्दितो जगाम दिवम् । तदनु तत्सुतो जयभद्राचार्यः सह जनन्या गोर्खास्थं सर्वं धनमात्मसात्कृत्य नेपालमाजगाम । तदानीं भादगांवनाम्नि पुरे जयस्थितिमल्लनामकं नृपं शरणमनुसरन् तत्प्रसादात् कागेश्वरीलाभाटारं ग्राममवाप्य तत्रैव सकुटुम्बः स्थितिं व्यधत्त ।"

(आचार्यवंशावली १०–११ पृ. बाट)

[शाके १४८१ (वि. सं. १६१६) भाद्र कृष्ण अष्टमी बुधवार रोहिणी नक्षत्र भएको असल दिनको आधा रातमा वृष लग्नमा होशियारीसाथ अघि भनेका छ थरले असल राज्य कायम गर्ने इच्छा गरी, तरबार हातमा लिएका उहाँलाई (द्रव्यशाहलाई) सुतेका (गोरखाका) राजाको सामुन्ने लगे ।

तिनलाई उठाउँदा तरबार उठाई जाइलागेका हुँदा उनलाई मारी उत्नीखेरै उनकै रगतले द्रव्यशाहको अभिषेक गरियो । यसरी (द्रव्यशाहले) राज्य आफ्नो हातमा पारेपछि असल साइत दिने वेदराजलाई धन, जग्गाजमीन दिई सत्कार गरी उहाँको सल्लाहअनुसार राज्य चलाउनुभयो।

अनि वेदराज आचार्य गोरखामै रहनुभयो, दुइ छोरा पाई सात वर्षपछि ज्वर आई उहाँको मृत्यु भयो। उहाँका छोरा मोतिराम आचार्य नेपालमा आउन लाग्दा बीच बाटामै त्रिशूला देवी-

घाटमा जरो आई जवानीमै स्वर्ग हुनुभयो । त्यसपछि उहाँका छोरा जयभद्र आचार्य गोरखामा रहेको सबै धनसम्पत्ति लिई आमासाथ नेपालमा आउनुभयो । अनि त्यसवेला भादगाउँ शहरमा जयस्थितिमल्ल राजाको शरण परी उहाँको निगाहले कागेश्वरी लाभाटार गाउँ पाई त्यहीं घरजम गरेर बस्नुभयो ]

यहाँ वि. सं. १६१६ मा द्रव्यशाह गोरखाको गद्दीमा बस्दा साइत हेर्ने वेदराज आचार्यका नाति जयभद्र आचार्य भक्तपुरमा जयस्थितिमल्लकहाँ आए, जयस्थितिमल्लले उनलाई जग्गा दिए भनी लेखिएको छ । जयस्थितिमल्लको मृत्यु वि. सं. १४५२ मा भएको हो, यसको १६४ वर्ष-पछि वि. सं. १६१६ मा द्रव्यशाह गोरखाको राजगद्दीमा बसेका हुन् । तात्कालिक ग्रन्थमा जयस्थितिमल्लको मृत्युको वर्णन यसरी गरिएको छ—

**"याते कामशरैकभूतसहिते नैपालिके हायने**
**षष्ठयां भाद्रपदेऽसिते रविदिने ऋक्ष तथा सृष्टरि ।**
**मध्याह्ने स्थितिराजमल्लनृपतिः स्वर्गावरोहं गतो**
**हाहाकाररवः सशोकवचनव्याप्तं प्रजानान्मुखम् ॥"**

(राष्ट्रियपुस्तकालयमा रहेको ताडपत्रमा लेखिएको ३२३ संख्याको 'भारतीयनाटयशास्त्र' भन्ने पुस्तकबाट)

[ने. सं. ५१५ (वि. सं. १४५२) भाद्र कृष्ण षष्ठी आदित्यवार रोहिणीनक्षत्रमा मध्याह्नमा राजा स्थितिमल्ल स्वर्ग हुनुभयो । प्रजाहरूमा हाहाकार र शोक फैलियो ।]

(इतिहास–संशोधनको प्रमाणप्रमेय १५३ पृष्ठबाट)

यस कारण द्रव्यशाहको राज्याभिषेकका साइत हेर्ने वेदराजका नाति जयभद्रले स्थिति-मल्लबाट जग्गा पाउनु कुनै हालतमा पनि सम्भव छैन । कि त वेदराजले द्रव्य शाहको राज्यभिषेकको साइत हेरेको कुरा कल्पित हो, कित जयभद्रले जयस्थिति मल्लबाट जग्गा पाएको कुरा कल्पित हो भन्ने यताबाट स्पष्ट छ ।

यस्ता भद्दा ऐतिहासिक भूल आचार्यवंशावलीमा अरू पनि छन् । जस्तै—

"...हरिकृष्णाचार्यश्रीरामाचार्यौ तत्रत्यां भुवमल्पमूल्येन ढकालवंश्यसात्कृत्य पाटनाधिपं सिद्धि-नरसिंहमल्लभूपतिं शरणीकुर्वाणौ गोदावरीदेशे तेन दत्तां भुवमुपभुञ्जानौ तत्रैव चिरमूषतुः । रामाचार्यसुतो रघुरामाचार्यः शालिक्षेत्रे परिपाकसमय एव केनचित् कारणेन पाटनाधिपतिना जयजगज्ज्योतिर्मल्लेन निर्लुण्ठिषिते तत्र लवणं प्रकीर्य तां भुवं गोप्रचारहेतव उत्ससर्ज ।"

(आचार्यवंशावली ११–१२ पृ. बाट)

[हरिकृष्ण आचार्य र श्रीराम आचार्य त्यहाँको जग्गा थोरै मूल्यमा ढकाललाई बेची पाटनका राजा सिद्धिनरसिंह मल्लको शरणमा जानुभयो । उहाँबाट गोदावरीमा जग्गा पाएका हुनाले त्यहीं नै धेरै काल बस्नुभयो । खेतमा मार्सी धान पाकेको वेलामा कुनै कारणले पाटनका

राजा जयजगज्ज्योतिर्मल्लले खेत हर्न खोजेका हुनाले राम आचार्यका छोरा रघुराम आचार्यले त्यहाँ नून छरी त्यो जग्गा गौचर बनाइदिनुभयो । ]

यहाँ पाटनका राजा जयजगज्ज्योतिर्मल्लको चर्चा गरिएको छ । तर पाटनमा जयजगज्ज्योतिर्मल्ल भन्ने कुनै राजा भएका थिएनन् । बरु भक्तपुरमा जगज्ज्योतिर्मल्ल भन्ने प्रसिद्ध राजा भएका थिए । तर उनी सिद्धिनरसिंहभन्दा केही अगाडिका हुन्★ । यस कारण आचार्यवंशावलाको उपर्युक्त उक्ति सर्वात्मना अशुद्ध छ भन्ने कुरा मल्लकालको सामान्य इतिहास आउनेले पनि ठम्याउन सक्छ ।

यी त अज्ञानवश भएका अशुद्धि भए । तर आचार्यवंशावलीमा जानाजान झूटो पनि बोलिएको छ । "राणाराज्य भएपछि नेपालका सबै जनताले सुख पाए, वीरशमशेर विश्वनाथका अवतार हुन्, चन्द्रशमशेर गोरखनाथका अवतार हुन्, परमेश्वरले अंग्रेजलाई भारतको साम्राज्य दिएको हो" आदि झूटा कुरा र राणावंशको स्तुतिले आचार्यवंशावलीको निकै भाग भरिएको छ । उदाहरणार्थ त्यहाँका अलिकता श्लोक यहाँ उद्धृत गरिन्छन्—

"मन्त्र्यग्रणीर्जङ्गबहादुरो यान् नेपालराज्ये विदधे प्रबन्धान् ।
नयप्रतापानुगतैरमीभिः प्रजाः समस्ता अलभन्त सौख्यम् ।।१५७।।
श्रीनेपालनृपालमुख्यसचिवश्रीवीरसंसेरतां
धृत्वा श्रौतपथोन्नतौ प्रयतते नूनं स विश्वेश्वरः ।।२९१।। (पूर्वार्द्धबाट)
एष श्रीमत्पशुपतिमहादेवगुह्येश्वरीभ्या-
मन्वग्राहि प्रकृतसमये चन्द्रसंसेरजङ्गः ।
नेपालोर्वीवसतिजनताभागधेयातिपूरै-
र्गोरक्षेशः समजनि जनान् पातुमाबद्धदीक्षः ।।३३।।

---

★ ललितपुरलाई स्वतन्त्र राज्य घोषित गरी वि. सं. १६७७ मा सिद्धिनरसिंह विधिवत् राजा बनेका हुन् । वि. सं. १७१७ मा छोरा श्रीनिवासलाई गद्दीमा राखी उनी राजर्षि बने । वि. सं. १७३२ सम्म सिद्धिनरसिंह जीवित थिए । ('पूर्णिमा' ९ पूर्णाङ्कका १७–१९ पृष्ठ हेर्नुहोस् ।)

जगज्ज्योतिर्मल्लले वि. सं. १६८७ मा भक्तपुरमा 'तवपोखरी' बनाएका थिए । यसबाट यस वेला यिनी भक्तपुरमा शासन गरिरहेका देखिन्छन् । (इतिहास-संशोधन ५१ संख्या हेर्नुहोस् )। यसको केही वर्षपछि यिनका छोरा नरेशमल्ल भक्तपुरका गद्दीमा बसे । वि. सं. १७०० मा नरेशमल्लको मृत्युपछि उनका छोरा जगत्प्रकाशमल्ल भक्तपुरको गद्दीमा बसे । वि. सं. १७२९ सम्म जगत्प्रकाश राजा भए । ('पूर्णिमा' ६ पूर्णाङ्कको ३० पृष्ठ हेर्नुहोस्) ।

यताबाट ललितपुरमा सिद्धिनरसिंह राजा छँदै भक्तपुरमा जगज्ज्योतिर्मल्लको मृत्यु भइसकेको थियो भन्ने स्पष्ट छ ।

ईशानुग्रहलब्धविश्वविजयख्यात्यैडवर्डाभिध–
श्रीमत्सप्तमसार्वभौमपदवीसंमानसीमाजुषः ।
इन्द्रप्रस्थपुरोपकण्ठविलसत्साम्राज्यघोषोत्सवे
निःसीमादरपत्रसत्कृतिशतैरेष न्यमन्त्रि प्रभुः ॥४१॥ (उत्तरार्द्ध)

[प्रधानमन्त्री जङ्गबहादुरले नेपालराज्यमा बाँध्नुभएका नीति र प्रतापसहित भएका बन्दोबस्तले सारा दुनियाँले सुख पाए ।

श्रीविश्वनाथले नेपालका राजाका प्रधानमन्त्री श्री ३ वीरशमशेरको रूप लिएर वैदिक धर्मको उन्नतिको लागि कोशिश गरिरहनुभएको छ ।

श्रीपशुपतिनाथ र श्रीगुह्येश्वरीबाट मौकैमा चन्द्रशमशेरलाई अनुग्रह भयो । नेपालका दुनियाँको भाग्यले गर्दा सकल दुनियाँको रक्षा गर्न कम्मर कसेका श्रीगोरखनाथले अवतार लिनुभयो ।

ईश्वरको निगाहले विश्वविजयी हुनुभएका सम्राट् सप्तम एडवर्डका दिल्लीमा हुने साम्राज्य-घोषणाको उत्सवमा उहाँ प्रभु (चन्द्रशमशेर) कहाँ ठूलो आदरसाथ निमन्त्रणा आयो ।]

आचार्यवंशावलीका यस्ता वर्णनलाई के भन्ने ? आचार्यवंशावलीमा लेखिएका हुनाले प्रामाणिक हुन् भनी आँखा चिम्लेर पत्याउने कि ? यस कुराको जवाफ डा. पिनाकिप्रसाद आचार्यले दिनुभए वेस होला ।

उता भारतमा भारतीय नेताहरू 'ईश्वरले अंग्रेजहरूलाई भारतमा राज्य गरिरहनू भनी ताम्रपत्र गरिदिएको छैन' भनी प्रचार गरी स्वातन्त्र्यआन्दोलन चलाउँदै थिए ❁ । त्यही समयमा यता आचार्यवंशावलीचाहिं 'ईश्वरले नै निगाह गरी अंग्रेजहरूलाई भारतको साम्राज्य दिएको हो' भन्ने प्रचार गर्न लागेको थियो । यसरी भारतमा अंग्रेजी साम्राज्य अडिरहोस्, त्यसको आडमा राणाहरू नेपालमा शासन गर्दै रहून् भन्ने भाव आचार्यवंशावलीकारको थियो । यो भाव आचार्यवंशावलीमा ठाउँठाउँमा व्यक्त गरिएको छ । यसमा डा. पिनाकिप्रसाद के भन्नुहुन्छ ?

---

❁ १५ जून १८९७ के 'केसरी' में तिलक ने लिखा था कि "यदि हमारे घर में चोर घुस आयें और हम में उन्हें भगाने की सामर्थ्य न हो तो हमें चाहिए कि हम विना किसी हिचक के उन्हें चादरों में लपेटकर जीवित ही भस्म कर दें । भगवान् ने भारत के राज्यका पट्टा ताम्रपत्र पर खोदकर म्लेच्छोंके नाम नहीं कर दिया हैं...'

(डा. ईश्वरीप्रसाद र शरद्कुमार सुवेदारको 'अर्वाचीन भारत का इतिहास'को ४१६ पृष्ठबाट)

[हाम्रो घरमा चोर पस्यो र त्यसलाई हामीले धपाउन सकेनौं भने हामीले कत्ति नअनकनाई त्यसलाई कपडाले छोपी जिउँदै जलाई भस्म गरिदिनुपर्छ, भगवान्ले भारतको राज्यको अधिकार ताम्रपत्रमा कुंदेर म्लेच्छहरूको नाममा गरिदिएको छैन भनी वि. सं. १९५४ आषाढ ३ गतेको 'केसरी' मा तिलकले लेखेका थिए ।]

आचार्यवंशावली वि. सं. १९५९ मा प्रकाशित भएको हो ।

अब आचार्यवंशावलीमा उल्लिखित शक्तिवल्लभबारे पनि केही विचार गरौं। त्यसमा लेखिएको छ—

"सागरानन्दपुत्रौ द्वौ शक्तिकृष्णाभिधानकौ" ।८९। (पूर्वार्द्ध)

[सागरानन्दका शक्ति र कृष्ण नामका दुइ छोरा भए ।]

वंशनामावलीमा– ४ सागरानन्दपुत्र २.

श्रीकृष्ण

शक्ति (वल्लभ)

यसरी आचार्यवंशावलीमा 'सागरानन्दका छोरा शक्ति (वल्लभ) यति नामोल्लेख मात्र परेको छ । जयरत्नाकरनाटक आदि अनेक ग्रन्थका रचयिता राजपुरोहित शक्तिवल्लभ यिनै भएका भए आचार्यवंशावलीमा यस कुराको उल्लेख किन परेन ? मल्ल राजाकहाँ शरण पर्न आई जग्गा पाएको जस्तो सामान्य कुराको पनि वर्णन गर्ने आचार्यवंशावलीले राजपुरोहित भई अनेक ग्रन्थरचना गरी प्रख्यात भएका शक्तिवल्लभको अवश्य पनि गौरवसाथ विशेष वर्णन गर्ने थियो। आचार्यवंशावली लेखिएको ताका शक्तिवल्लभका ती ग्रन्थ पाइएका थिएनन् होला भनेर पनि डा. पिनाकिप्रसाद बच्न पाउनुहुनेछैन । किनभने हामीले देवीप्रसाद त्रिपाठीबाट★ पाई

★देवीप्रसाद त्रिपाठी वाणीविलासका छोरीपट्टिका सन्तान थिए । शक्तिवल्लभ अर्ज्याल-हरूसंग वाणीविलासको विद्यासम्बन्ध थियो । शक्तिवल्लभका भाइ राधावल्लभलाई वाणी-विलासका बाबुले पढाएका थिए। राधावल्लभले पशुपतिमा चाँदीको ढोका हाल्दा त्यस कुराको अभिलेख वाणीविलासले लेखिदिएका थिए । त्यस अभिलेखमा शक्तिवल्लभको पनि उल्लेख परेको छ। शक्तिवल्लभहरूसँग वाणीविलासको यस किसिमको विद्यासम्बन्ध भएको हुनाले आफूले बनाएको ग्रन्थको एक प्रति शक्तिवल्लभले वाणीविलासलाई दिएको देखिन्छ भनी 'पूर्णिमा' १४ पूर्णाङ्कमा हामीले लेखेका थियौं । यसमा—

"राधाकृष्णको गुरुको नाम छैन (वंशावली नभएकोले)
उनको छोरा देखिएका वाणीबिलास
(वाणीविलासलाई गुरुपुत्र देखिन्छन् भनेर लेखेको छ कसरी देखिन्छन् त्यो लेखेको छैन)
(६ पृ. बाट)

भनी डा. पिनाकिप्रसादले लेख्नुभएको छ। राधावल्लभको पशुपतिको उपयुक्त अभिलेखमा 'गुरुसुतो वाणीविलासो बुधः' भनी स्पष्ट लेखिएको छ । यताबाट राधावल्लभका गुरुका छोरा वाणीविलास थिए भन्ने सिद्ध हुन्छ । (१४ 'पूर्णिमा' पूर्णाङ्कका २११–१२ पृष्ठ हेर्नुहोस् )।

वाणीविलासका बाबु रामहृदय हुन् । वाणीविलासले आफ्नो ग्रन्थ 'वाणीविलाससिद्धान्त'मा गौरीश्वरदेखि पाँच पुस्ताको उल्लेख गरेका छन् । ('पूर्णिमा' २ पूर्णाङ्कका ४०–४१ पृष्ठ हेर्नुहोस् ।)

कुनै कुराको अध्ययन नै नगरी आचार्यहरूको मात्र वंशावली छ, अरू कसैको छैन भन्ने अहङ्कारमा डाक्टर साहेब रहनुभएको छ ।

प्रकाशित जयरत्नाकर नाटक डाक्टर साहेबहरूकै नक्सालको घर सर्दा हिनामिना भई हराई हामीकहाँ आइपुगेको हो भन्ने जाल रच्न उहाँ पुग्नुभएको छ❀ । यस कारण शक्तिवल्लभका ती ग्रन्थ उहाँहरूकै घरमा भएका भए आचार्यवंशावलीमा यस्तो उल्लेखनीय घटनाको वर्णन किन परेन ?

वास्तवमा शक्तिवल्लभ अर्ज्याललाई आचार्य बनाउने कुरा त डाक्टर साहेबको रोगग्रस्त मगजबाट हालै मात्र उब्जेको हो । आचार्यवंशावलीका रचयिताको टाउकोमा यो कुरा कसरी सुझोस् ?

जयरत्नाकरनाटक आदिका रचयिता राजपुरोहित शक्तिवल्लभ आत्रेयगोत्रका थिए, डा. पिनाकिप्रसाद आदि आचार्यहरूको कौण्डिन्यगोत्र हो । राजपुरोहित शक्तिवल्लभले आफ्ना बाबु 'लक्ष्मीनारायण' भनी स्पष्ट लेखेका छन्, आचार्यवंशावलीमा उल्लिखित शक्ति (वल्लभ) का बाबुचाहिं सागरानन्द हुन् । यसरी गोत्र थर बाबु आदि मुख्य मुख्य कुरै नमिलेका दुइ व्यक्तिलाई एकै हुन् भनी वाग्जालले सिद्ध गर्न खोज्नु डाक्टर साहेबको कत्रो धृष्टता र स्वार्थान्धता हो, यो स्वयं पाठक विचार गर्न सक्नुहुन्छ ।

अन्त्यमा एउटा कुराको शङ्का उठ्यो । एउटै वंशका मानिस मात्र योग्य हुन्छन् भन्ने कुरा राणाराज्यको मूल सिद्धान्त थियो । यसै कारण एकै वंशका राणाहरू मात्र उच्चपदमा थिए । आचार्य मात्र योग्य विद्वान् थिए तथा छन् भनी लेख्ने डा. पिनाकिप्रसाद आचार्यले आफ्नो वंशले गरेको राणाराज्यको स्तुतिलाई प्रकारान्तरले अहिले फेरि प्रचार गर्न लाग्नुभएको त होइन ?

निरर्थक वादविवादले केही फाइदा छैन । पहिले गरेको भूललाई छोप्न अरू भूल गर्दै जानु पनि मूर्खतासिबाय केही होइन । यस कारण कुनै कुरा बोल्दा सोचविचार गरेर बोल्ने बानी बसाए मात्र प्रतिष्ठामा धक्का लाग्दैन । यस कुरामा डा. पिनाकिप्रसाद र उहाँका पृष्ठ-पोषकहरूले दृष्टि दिनुभए बढिया होला ।

---

❀हाम्रो नक्साल गौचरको घर जगाहरु सीता महल बनाउन महाराज भीमसम्सेरले १९८७–८८ सालतिर खरीद हुदा हाम्रा पुराना कितावहरुको काठको सन्दुकहरु अरुडेरामा सारदा पुरानु हस्त लिखित पुस्तकहरु केहि केटा केटीहरु द्वारा हिनामिना भएका थिए तेसपछि ९० सालको भूकम्पमा झन धेरै पुस्तकहरु हराए । तेसै मध्येवाट यो जय रत्नाकर नाटकको हस्तलिपि खर्दार देवाप्रसादजा द्वारा नयराज पंतजीको हातमा ९४ सालमा परेछ ।

(साहित्यमा डकैति १६ पृष्ठबाट)

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २६४ | २३ | तृतीयान्त | प्रथमान्त |
| २६५ | १ | तृतीयान्त | प्रथमान्त |
| ३४५ | १३ | गताङ्ग | गताङ्क |
| ३४७ | १६ | दस्तुर | दस्तूर |
| ३४७ | २० | छापिएको । | छापिएको छ । |
| ३४८ | २१ | अस्सी | असी |
| ३५२ | ४ | छयानब्बे | छयान्नब्बे |
| ३५२ | ७ | बेईज्जत | बेइज्जत |
| ३५२ | ८ | जरिवाना | जरीवाना |
| ३५२ | ८ | सास्ति | सास्ती |
| ३५२ | ८ | अङ्गछेद | अङ्गच्छेद |
| ३५२ | २० | सास्ति | सास्ती |
| ३५३ | १७ | वज्रधर | वज्रघर |
| ३५४ | ६ | आईमाई | आइमाई |
| ३५४ | ९ | धेरैंवाजी | धेरै बाजि |
| ३७४ | २४ | तहूँमा | तनहूँमा |
| ३७६ | २१ | कुतिबाहरमा | कुतिबहारमा |
| ३७७ | २० | विष्लेषण | विश्लेषण |
| ३८१ | ६ | एक्कासी | एक्कासि |
| ३८४ | १७ | बहनाले | बहानाले |
| ३९१ | २० | याहिविघ | याहिविध |
| ३९१ | २८ | भिम | मिल |
| ३९६ | २० | तक्सिसर | तक्सिर |
| ३९९ | ६ | कुसबर्त्ता | कुसबित्र्ता |
| ४०३ | ७ | सालसाबलका | सालबसालका |
| ४१६ | १ | दिनुहुँदैन | दिनु हुँदैन |
| ४१६ | २५ | मेरी | मेरो |
| ४३२ | १६ | चापको | पू चा चापको |
| ४३४ | ११ | भुजांकको | भुजांशको |
| ४३५ | २६ | भारकरले | भास्करले |
| ४४० | १० | ूला | ठूला |

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२४

माघ–फाल्गुन–चैत्र

वार्षिक मूल्य– रु. ६।

( डाँकखर्च अलग )

यस अङ्कको मूल्य ३।

मुद्रक—

जोरगणेश प्रेस प्रा० लि०

बालाजु औद्योगिक क्षेत्र, काठमाडौं